अंक १९, असोज २०७७ (October 2020)

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन




## पार्लेमो प्रोटोकलको अनुमोदन तथा आगामी कार्यदिशा



“UNTIP (Palermo)” प्रोटोकल प्रतिनिधि सभाबाट अनुमोदन गर्ने निर्णय भएपछि प्रतिनिधि सभामा उपस्थिती



“UNTIP (Palermo)” प्रोटोकल अनुमोदनका लागि प्रतिनिधि सभाका सभामुख मा. अग्नी प्रसादलाई ज्ञापन पत्र हस्तान्तरण



“UNTIP (Palermo)” प्रोटोकल लगायत विषयमा MoWCSC का मन्त्री मा. पार्वत गुरूङलाई ज्ञापन पत्र हस्तान्तरण



“मानव बेचबिखन तथा व्यावसायिक बाल यौन शोषणको अवस्था र न्यूनीकरणका लागि आवश्यक प्रयासहरू” विषयमा अन्तक्रिया कार्यक्रम



“UNTIP (Palermo)” प्रोटोकल अनुमोदनका लागि प्रतिनिधि सभाका सदस्यहरूसंग पैरवी र बुकलेट वितरण



मानव बेचबिखन न्यूनीकरणका लागि बागमती प्रदेशका मुख्य मन्त्री मा. डोर मणी पौडेललाई ज्ञापन पत्र हस्तान्तरण



मानव बेचबिखन न्यूनीकरणका लागि बागमती प्रदेशका सामाजिक विकास मन्त्री मा. युवराज दुलाललाई ज्ञापन पत्र हस्तान्तरण



मानव बेचबिखन न्यूनीकरणका लागि बागमती प्रदेश सभाका सभामुख मा.सानु कुमार श्रेष्ठलाई ज्ञापन पत्र हस्तान्तरण

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

अंक १५ | असोज २०७७ (October 2020)

**सल्लाहकार**
नातीसरा राई

**सम्पादक मण्डल**
बिमला ज्ञवाली
सोम कुमार राई
अनिल अधिकारी
शान्ता खनाल
बेनु माया गुरूङ

**संयोजक**
कृति वैद्य
अर्जिता पौडेल

**व्यवस्थापक**
उज्ज्वल खतिवडा

**आवरण/ले-आउट**
सचिन महर्जन

**मुद्रण**
कर्ल्लवर्ग, ललितपुर
९८५१२३४४२७

**यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचारहरू हुन् ।**

## विषयसूची

- **अध्यक्षको कलमबाट** २

**लेख**
- मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकल (आलेख) अनुमोदनमा एटविनको भूमिका तथा आगामी कार्यदिशा *बेनु माया गुरूङ* ३
- पालेर्मो प्रोटोकल अनुमोदनको सन्दर्भमा एटविनका पूर्व अध्यक्षहरूको विचार ७

**अन्तवार्ता**
- पालेर्मो प्रोटोकल अनुमोदन पश्चात् मानव बेचबिखनका प्रभावितहरूले गरेका कार्यान्वयन अपेक्षाहरू *चरिमाया तामाङ* १२
- मानव बेचबिखन नियन्त्रणमा मन्त्रालयको कार्यक्रम तथा आगामी योजना सम्बन्धमा *गोमादेवी ढकाल पौडेल* १५

**घटना अध्ययन**
- आफ्नै भिनाजुले बेचे १७
- पृथ्वीको नर्कको भोगाई १८
- मण्टेश्वरी स्कूल चलाउने लक्ष्य छ १९
- भारतको कोठी नं ६४ जेबी रोडबाट उद्धार २०

**लेख**
- आन्तरिक बेचविखनको सवालमा घटना दर्तामा कठिनाइ र चुनौती *तारा भण्डारी* २१
- कोभिडले अनौपचारिक लगायत मनोरञ्जन क्षेत्रसंग सम्बन्धित शोषण तथा बेचबिखनमा पारेको प्रभाव र आवश्यक पहलहरू *हिरा दाहाल* २३
- कोभिडले उपत्यका भित्र मनोरञ्जन क्षेत्रसंग सम्बन्धित बेचबिखनमा पारेको प्रभाव *गरिमा श्रेष्ठ* २५

**सर्वेक्षण**
- एटविन सदस्य संस्थाहरूले मानव बेचबिखन विरूद्ध गरेका प्रयासहरूको सर्वेक्षण, २०१८ २७

**ऐन दस्तावेज**
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७७ ३२

**एटविन गतिविधि**
- महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन ३५

**सदस्य संस्था परिचय**
- महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र ४५
- महिला हित समाज, (WWS) ४६

**संचारमा एटविन** ४७

**समाचारमा मानव बेचबिखन** ४८

**प्रकाशकः**

AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

पो.ब.नं. : २४९६०, फोन नं. ४२२९७८७, ४२२०४७८
इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np
Facebook Page : facebook.com/AATWIN.org

**प्रकाशन सहयोगीः**

**LUSH COSMETICS**

## अध्यक्षको कलमबाट



# पालेर्मो प्रोटोकल अनुमोदन र भावि कार्यदिशा

अन्ततः सन् २०२० मार्च १२ मा संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) नेपाल सरकारले अनुमोदन गरेको छ र १६ जुन २०२० देखि यो क्रियाशील पनि भैसकेको छ। एटविनले यो प्रोटोकल अनुमोदनको लागि सन् २००२ देखि नै वकालत तथा पैरवी गर्दै आइरहेको थियो। नेपालले जुन १४ सन् २०११ मा संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि अनुमोदन गरे पश्चात भने सरोकारवाला विभिन्न संघसंस्थाहरूको सहयोगमा एउटा अभियानकै रूपमा अगाडी बढाउँदै आएको थियो। अनुमोदन हुँदै गर्दाको ऐतिहासिक घडीमा संघीय संसद भवनमा प्रत्यक्ष साक्षी बन्ने सौभाग्य पनि एटविनले प्राप्त गर्‍यो। यो प्रोटोकलमा मानव बेचबिखन तथा ओसारपसारलाई विस्तृत रूपमा परिभाषित गरिएको छ।

प्रोटोकल अनुमोदन हुनु आफैँमा ठूलो उपलब्धी त हुँदै हो तर मुख्य कुरा भनेको कार्यान्वयन पक्ष नै हो। सरकारले अब यो आलेखमा निर्देशित भए अनुसारको उद्धार, स्वदेशफिर्ती तथा पुनर्मिलन सम्बन्धी दस्तावेजहरू ल्याउनु पर्दछ। आवश्यक मात्रामा नीति, नियम र निर्देशिकाहरू बनाउनु पर्दछ। भएका सम्बन्धित कानुन, ऐन, नीति, नियममा संशोधन तथा आवश्यक मात्रामा परिमार्जन गरी यथाशीघ्र कार्यान्वयन तहमा लैजानु पर्दछ। जुनसुकै उद्देश्यको लागि नेपालीहरू पुग्ने गन्तव्य मुलुकहरूसंग कुटनीतिक सम्बन्ध बलियो बनाउँदै द्विपक्षीय र बहुपक्षीय सम्झौताहरू गर्नु आवश्यक छ। त्यस्तै यस कार्यमा सरकार, नागरिक समाज, संघसंस्था र सञ्चार माध्यमको समन्वय र सहकार्य पनि उत्तिकै आवश्यक छ।

**सन्दर्भ, कोभिड-कहर**

सम्पूर्ण विश्व समुदाय कोभिड-१९ को सामना गरिरहेको छ। ठूला र विकसित राष्ट्रहरू नै यसको शिकार भइरहेका छन्। यसले मानिसको शारिरीक, मानसिक स्वास्थमा मात्र नभइ विश्व अर्थतन्त्रमा नै असर गरिरहेको छ। विश्व जनसंख्याको ठूलो हिस्साले आफ्नो रोजगारी गुमाइसकेको अवस्था छ। नेपाल पनि त्यसबाट अछुतो छैन। लामो समयको बन्दाबन्दीले देशभित्र लाखौँको रोजगारी गुमेको छ भने विदेशबाट रोजगारी गुमाएर फर्कनेको संख्या पनि उल्लेख्य छ। बेरोजगारी र अभावको मारमा नागरिकहरू पिल्सिइरहेको अवस्था छ। दैनिक ज्यालादारी गर्ने, असंगठित क्षेत्रमा काम गर्ने र न्यून आयवर्ग यसबाट धेरै प्रभावित छन्। मनोरञ्जन तथा सत्कार व्यवसायका श्रमिकको अवस्था दयनीय छ। लामो समय देखि आर्थिक समस्याले सताइएका उनीहरूमा मानसिक समस्या पनि बढ्दो रूपमा देखिएको छ। सञ्चालकहरूले पनि आफ्ना श्रमिकको कुनै जिम्मेवारी लिएको पाईंदैन। उद्धार तथा राहतको नाममा श्रमिकहरूलाई कतिपय मनोरञ्जन क्षेत्रका सञ्चालकहरूले बिना पारिश्रमिक घरेलु काममा लगाएर उनीहरूको श्रम शोषण गरिहेको पनि जानकारीमा आएको छ। एचआइभि संक्रमित भएकाहरुको अवस्था अझ दयनीय छ। यो असहज परिस्थितिमा उनीहरुको लागि जिवनदायीनी औषधिको अभाव देखिएको हो। बेचबिखनमा परेर सक्रमित हुनु र यो अवस्थामा औषधि समेत नपाउनुले उनीहरु दोहोरो मात्र नभइ तेहेरो मारमा परिरहेका छन्। जसले गर्दा उनीहरुमा मानसिक समस्या समेत थप भएको पाइएको छ। औषधि सहजरुपमा उपलब्ध गराउने तर्फ सरकारको ध्यान पुग्नु जरुरी देखिएको छ। यो विषम परिस्थितीमा पनि विभिन्न बहानामा मानव बेचबिखन भइरहेको छ। अभाव र पीडाले आक्रान्त जो कोही पनि बेचबिखनको जोखिममा पर्न सक्ने सम्भावना बढेर गएको छ। विशेष गरी महिला तथा बालबालिका अझ जोखिममा रहेका छन्। जनता रोग भन्दा भोकको चिन्ताले पिरोलिएका छन्। यस्तो अवस्थामा आवश्यक परेकाहरूलाई यथोचित राहत तथा संरक्षणमा ध्यान पुर्‍याउनुका साथै आवश्यक सुरक्षाका उपायहरू अवलम्वन गर्दै सम्पूर्ण अर्थतन्त्रलाई चलायमान गराएर नागरिकलाई भोकमरीबाट लगायत अन्य जोखिमबाट जोगाउनु अपरिहार्य छ।

नातीसरा राई
अध्यक्ष
एटविन

# मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकल (आलेख) अनुमोदनमा एटविनको भूमिका तथा आगामी कार्यदिशा



✍ बेनु माया गुरूङ

संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गत मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रोटोकल (आलेख), मानव बेचबिखन नियन्त्रणको एक महत्वपूर्ण दस्तावेज हो। यो आलेख सन् २००० को अक्टोबरमा तयार भएको हो र संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २००० को १५ नोभेम्बरमा यस आलेखलाई पारित गऱ्यो । यस आलेखलाई सन् २००० डिसेम्बरमा इटलीको पालेर्मोमा हस्ताक्षरका लागि खुला गरियो । त्यसैले यसलाई पालेर्मो प्रोटोकल पनि भनिन्छ । एटविनले पालेर्मो प्रोटाकल अनुमोदनका लागि सन् २००२ देखि प्रयास गर्दै आएको हो । पछिल्लो एक दशक देखि यसलाई अभियानकै रूपमा लगेको थियो र यसमा विभिन्न सरोकारवालाको सहयोग पनि रहेको थियो ।

संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धिलाई नेपालले २४ जुन २०११ मा अनुमोदन गऱ्यो तथा यस अन्तर्गतको आलेख मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रोटोकल (आलेख) लाई २०७६ असारमा मन्त्री परिषद्ले अनुमोदनका लागि निर्णय गऱ्यो । नेपालको प्रतिनिधि सभाबाट २०७६ फागुन २८ मा अनुमोदन गरी २०७७ असार १ मा यूएनमा बुझाइएको छ । २०७७ श्रावण २ देखि यो आलेख क्रियाशील भई सकेको छ। यसको अनुमोदनलाई एटविनले एउटा कोसेढुङ्गाको रूपमा लिएको छ ।

## के हो पालेर्मो प्रोटोकल ?

पालेर्मो प्रोटोकल बेचबिखनमा परेका व्यक्तिहरू खास गरेर महिला तथा बालबालिकाहरूलाई बचाउन प्रभावकारी कार्यान्वयन र त्यस विरुद्ध लाग्न गरिने विस्तृत अन्तर्राष्ट्रिय प्रयास हो जसले विभिन्न देशमा हुने बेचबिखनको उद्‌गम स्थल, तिनीहरूले प्रयोग गर्ने मार्ग र गन्तव्य स्थानको पहिचान गर्दछ । महिला तथा बालबालिकाको बेचबिखन रोकथामका विभिन्न उपायहरू, बेचबिखनका पीडकलाई सजाय र बेचबिखनबाट पीडितहरूलाई बचाउनुका साथै उनीहरूको अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारहरू संयन्त्रको माध्यमबाट बचावट आदिको व्यवस्था हुनु पर्दछ भन्ने व्यवस्था यसमा गरिएको छ ।

## प्रोटोकलमा मानव बेचबिखन तथा मानव ओसारपसारको परिभाषा

यसको परिभाषा अनुसार "मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अन्तर्गत, अरूको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्याएर, शक्तिको दुरूपयोग गरी वा जोखिमपूर्ण अवस्थाको प्रयोग गरेर वा लोभ देखाएर, रकम वा फाइदाहरू दिनु लिनु गरी अन्य कुनै व्यक्तिमाथि नियन्त्रण कायम गरी बेचबिखन गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।"

## यसका विशेषताहरू

- मानव बेचबिखन तथा ओसारपसारका सबै पक्षहरूलाई समेटेर व्यापक परिभाषा गरेको छ ।
- यसले बालबालिका र वयस्क व्यक्तिको बेचबिखन सम्बन्धमा छुट्टाछुट्टै व्यवस्था गरेको छ ।
- वेश्यावृत्तिमा लगाउन गरिने शोषणका अतिरिक्त अन्य प्रकारका शोषणहरूलाई पनि बेचबिखन तथा ओसारपसारको प्रयोजन अन्तर्गत व्याख्या गरेको छ।

- बेचबिखन नियन्त्रणसँग सम्बन्धित पक्षहरूबीचको अवधारणामा स्पष्टता ल्याएको छ ।
- मानव बेचबिखन तथा ओसारपसारलाई अपराधीकरण तथा दण्डित गर्नमा राज्यपक्षलाई कानुनी तथा अन्य उपाय अपनाउने दायित्व प्रदान गरेको छ ।
- गन्तव्य राष्ट्रमा बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिको हैसियत र अधिकार सम्बन्धी व्यवस्था गरेको छ ।
- राज्य पक्षलाई मानव बेचबिखनबाट बचावट गर्ने उपायहरू अपनाउने दायित्व दिएको छ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न पक्षराष्ट्रहरू बीच सूचनाको आदान प्रदान र तालिम गर्ने व्यवस्था गरेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार रोकथाम गर्न सीमाना मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ ।

**प्रोटोकल अनुमोदनको आवश्यकता**

यसले नीति कानुन लगायत मुलुकमा विद्यमान मानव बेचबिखन विरूद्धका गतिविधिहरूलाई संस्थागत र सुदृढीकरण गर्न र राष्ट्रिय कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्दछ । मानव बेचबिखनबाट प्रभावितहरूको पहिचान स्थापित गर्न, संरक्षण र सहयोगका लागि कानुनी व्यवस्थाहरूमा सुधार गर्न र प्रभावितहरूको संरक्षण र सहयोगका लागि सूचना सम्प्रेषण र संयन्त्रहरूको व्यवस्थामा जोड दिन्छ । प्रभावितहरूको संरक्षण र सहयोगमा न्यूनतम मापदण्ड र मानव अधिकार अवधारणाको पालना गर्न, प्रभावितहरूको लैङ्गिक संवेदनशीलता र बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्न र पीडितहरूलाई पुनः पीडित हुनबाट जोगाउने नीति तथा कार्यक्रमको तर्जुमा गर्न भन्दछ । यसले सरोकारवाला सबै सरकारी निकाय र गैर सरकारी संस्थाहरूबीच आपसी समन्वय र सहयोग कायम हुने गरी विभिन्न निकायहरूबीच समन्वय संयन्त्रको स्थापना गर्न, राष्ट्रिय रणनीति वा कार्ययोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्न, अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि कानुनी आधारको निर्माण गर्न र सुपुर्दगी, आपसी कानुनी सहायता, सजाय तोकिएका व्यक्तिहरूको हस्तान्तरण, संयुक्त अनुसन्धान, सम्पत्ति जफतमा अन्तर्राष्ट्रिय सहयोगका लागि राष्ट्रिय क्षमताको विकास र सुदृढीकरण गर्नमा सहयोग गर्दछ । सञ्चार प्रकृया, सूचना तथा तथ्याङ्क आदान प्रदानका लागि औपचारिक र अनौपचारिक सहयोगको प्रवर्द्धन गर्नका साथै साझा रणनीति तथा कार्यक्रमको विकास तथा कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरूद्वारा सहयोग र सहकार्य अभिवृद्धि गर्नमा सहयोग गर्दछ ।

**आलेखको अनुमोदनमा एटविनको योगदान**

सन् २००० मा यो आलेख आए पश्चात् नेपालमा पनि यसको कार्यान्वयनका लागि एटविनले आफ्नो सदस्य संस्थाहरू बिच छलफल शुरू गर्‍यो । सर्वप्रथम एटविन सदस्यहरूको २०५८ माघ ७ गते बसेको बैठकले यस आलेखको अनुमोदनका लागि आवश्यक वकालत गर्न यस आलेखको विश्लेषण गर्ने निर्णय गरियो । तत्पश्चात् २०५९ असार २० गतेको बैठकमा यसको नेपाली रूपान्तरणलाई छलफल गरियो । २०५९ कार्तिक ८ गते बसेको बैठकमा कानुनी विज्ञबाट यस विषयमा थप जानकारी लिई अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरिएको थियो । एटविनको अवधारणाका लागि २०६० माघ ८ को बैठकबाट सदस्य संस्थाहरू हिमराइट्सको संयोजकत्वमा ओरेक, इन्सेक, मान्क, सिविन, वाच र सिविस सहितको समिति गठन गरिएको थियो । आलेखको सान्दर्भिकताको विषयमा २०६० पुस ३ मा राष्ट्रिय कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो ।

सन् २००२ देखि एटविनले निरन्तर रूपमा यसको अनुमोदनका लागि वकालतका साथसाथै विभिन्न क्षमता अभिवृद्धि, सचेतना लगायतका गतिविधि सहितका अभियानलाई नेतृत्व गर्दै आएको छ । केहि मुख्य गतिविधिहरू निम्न अनुसार छन् -

**सन् २००२ देखि - सन् २०१२ सम्म**

- राष्ट्रिय कार्यशाला गोष्ठी- २००२
- "महिला तथा बालबालिका बेचबिखन : राष्ट्र संघीय मानव बेचबिखन विरूद्धको आलेख (पालेर्मो प्रोटोकल) को सान्दर्भिकता" विषयक राष्ट्रिय छलफल - २००३
- एटविन सदस्यहरूसंग मानव बेचबिखन विरूद्धको यूएन प्रोटोकोल (पालेर्मो) को वकालतकालागि दुई दिने तालिम कार्यशाला - २००९

- पालेर्मो प्रोटोकोल अनुमोदनका लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसंगको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रम - २०१०
- मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक प्रतिवेदन (UPR) मा सिफारिश - २०१०
- आलेखको नेपालीमा अनुवाद, अनुमोदनका लागि हस्ताक्षर अभियान तथा हस्ताक्षर अभियानबाट संकलित लगभग १०,००० (दस हजार) हस्ताक्षरहरू मानव बेचबिखन विरूद्धको पाँचौं राष्ट्रिय दिवसको अवसरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव श्री आनन्दराज पोखरेललाई हस्तान्तरण - २०११
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका मा. मन्त्री दान बहादुर चौधरीज्यूलाई ज्ञापनपत्र हस्तान्तरण - २०११
- सभासद तथा सरोकारवालाहरूसंग साथै ICAG (मानव बेचबिखन विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरूको समूह) संग अन्तरक्रिया कार्यक्रम- २०११
- पम्पलेट प्रकाशन तथा वितरण- २०११

**सन् २०१३**

- अनुमोदनका लागि वकालत सम्बन्धी लिफलेट प्रकाशन
- मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटोकल अनुमोदन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**सन् २०१४**

- सभासद तथा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रमको आयोजना
- गृह मन्त्रीको कार्यालय तथा सचिव, मानव अधिकार प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय समन्वय शाखा, नीति योजना तथा कार्यक्रम महाशाखा तथा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको मन्त्रीको कार्यालय, अन्तर्राष्ट्रिय कानुन तथा सन्धि सम्झौता शाखा साथै नेकपा एमालेका, एनेकपा (माओवादी) र नेपाली कांग्रेसको पार्टी कार्यालयहरूमा ज्ञापनपत्र हस्तान्तरण
- राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगका अध्यक्ष मा. शेष चादतारा सहित आयोगका सदस्यहरूलाई ज्ञापनपत्र हस्तान्तरण

**सन् २०१५**

- सभासद तथा सरोकारवालाहरू र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसंग संयुक्त रूपमा कार्यक्रमको आयोजना

**सन् २०१६**

- राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई ज्ञापनपत्र
- महिला, बालबालिका र समाजकल्याण मन्त्रालयको संयुक्त आयोजना तथा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाजकल्याण समिति, व्यवस्थापिका संसदका सभापति मा. श्री रन्जु कुमारी झाको मुख्य आतिथ्यतामा कार्यक्रम

**सन् २०१७**

- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिका सभापति रञ्जु कुमारी झालाई ज्ञापनपत्र
- राष्ट्रिय महिला आयोगलाई ज्ञापनपत्र हस्तान्तरण
- प्रेस विज्ञप्ति

**सन् २०१८**

- मानव बेचबिखन सम्बन्धी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव इइन्द्र प्रसाद उपाध्याय, मानव बेचबिखन नियन्त्रण शाखा तथा बाल संरक्षण तथा विकास शाखाका प्रमुखहरूलाई ज्ञापनपत्र
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र एटविनको संयुक्त आयोजनामा "मानव बेचबिखन विरूद्धको यूएन प्रोटोकल (पालेर्मो) र अनुमोदनको आवश्यकता" विषयक अन्तरक्रिया कार्यक्रम
- माननीय मन्त्री थममाया थापा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई ज्ञापनपत्र हस्तान्तरण
- गृह मन्त्री माननीय. राम बहादुर थापा "बादल"लाई ज्ञापनपत्र हस्तान्तरण
- प्रेस विज्ञप्ति

**सन् २०१९**

- यूएन प्रोटोकल (पालेर्मो) को अनुमोदनका लागि फेसबुक अभियान
- मानव बेचबिखनबाट प्रभावित महिलाहरूको चौथो राष्ट्रिय भेला, २०७६ को २२ बुँदाहरूको घोषणापत्रमा समावेश
- माननीय मन्त्री पार्वत गुरूङ र सचिव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा ज्ञापनपत्र हस्तान्तरण
- प्रेस विज्ञप्ति

**सन् २०२०**

- प्रतिनिधि सभाका सभामुख माननीय अग्नि प्रसाद सापकोटालाई ज्ञापन पत्र हस्तान्तरण साथै प्रतिनिधि सभाका सदस्यहरूलाई वकालत पुस्तिका वितरण
- प्रेस विज्ञप्ति

यसका साथै एटविनले लगातारको वकालतबाट मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को निर्देशक सिद्धान्त, राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन विरूद्धको विशेष समाधिक्षकको कार्यालयले (NHRC/OSRT) प्रकाशित गर्ने मानव बेचबिखन विरूद्धको राष्ट्रिय प्रतिवेदनमा २००८ देखि २०१९ सम्म अनुमोदनका लागि सिफारिश, नेपालको विश्वव्यापी आवधिक समीक्षा (UPR) मा विभिन्न (२३५ वटा संघसंस्थाहरूको संयुक्त प्रतिवेदन) गैरसरकारी संस्थाहरूको राष्ट्रिय प्रतिवेदन २०१०, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) अन्तर्गतको नेपालको चौथो, पाँचौ र छैठौं संयुक्त आवधिक प्रतिवेदन माथि महिला विरुद्ध भेदभाव उन्मूलन समितिले दिएको निष्कर्ष सुझाव २०१८, संयुक्त राज्य अमेरिकाबाट प्रकाशित मानव बेचबिखन सम्बन्धी वार्षिक प्रतिवेदनहरूमा अनुमोदनको लागि सिफारिशमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

**आगामी कार्यदिशा**

पालेर्मो प्रोटोकलको अनुमोदनले मानव बेचबिखन विरुद्ध कार्यरत सरोकारवाला तथा प्रभावितहरूमा थप आशा जगाएको छ । अनुमोदन पश्चात् यसको प्रभावकारी कार्यान्वयन अझ महत्वपूर्ण रहेको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि थप पहल गर्न आवश्यक छ । सम्बन्धित कानुनहरूमा संशोधन जस्तै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, श्रम ऐन, वैदेशिक रोजगार ऐन, बालश्रम नियमित र निषेधित गर्ने ऐन, अध्यागमन ऐन आदि । यसका साथै पीडित तथा प्रभावितलाई संरक्षण तथा सुरक्षाका लागि संयन्त्रहरूको निर्माण तथा सुदृढीकरण, द्विपक्षीय तथा बहुपक्षीय सम्झौता, रोकथामका कार्यक्रमहरूको तर्जुमा, सरोकारवालाहरूको क्षमता अभिवृद्धि, संघसंस्था तथा नागरिक समाजसंग सहकार्य आदिमा प्रयासको आवश्यक छ ।

मानव बेचबिखन संगठित अपराध भएकोले यसको नियन्त्रण पनि संगठित भएर गर्नु आवश्यक छ । यस आलेखको कार्यान्वयनमा नेपाल सरकार, संघसंस्था, नागरिक समाज, बेचबिखनबाट प्रभावित तथा संचार माध्यमको सहकार्य तथा समन्वय आवश्यक छ । आगामी दिनमा मानव बेचबिखन विरूद्धको अभियानमा यस आलेखको प्रभावकारी कार्यान्वयनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने आशा छ ।

**सन्दर्भ सामाग्रीहरुः**


- एटविन निर्णय पुस्तिका
- मानव बेचबिखन विरूद्धको अभियानमा एटविनको एक दशक, २००६
- मानव बेचबिखन विरूद्ध एटविनको २० वर्ष, २०७४
- एटविन बुलेटिन “ओसारपसार”
- “बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचविखन खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम,दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको (आलेख) लाई अविलम्ब अनुमोदन गरियोस” वकालत पत्र


*(एटविन सचिवालयको तर्फबाट एटविनका कार्यकारी निर्देशक)*

# पालेर्मो प्रोटोकल अनुमोदनको सन्दर्भमा एटविनका पूर्व अध्यक्षहरुको विचार



✍ भगवती नेपाल
अध्यक्ष सन् २००१-२००२

पालेर्मो प्रोटोकललाई महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल एटविनको संस्थागत विषय बनाउन सफल भएकोमा गर्व महसुस गरेकी छु। यसको लागि अहोरात्र खटिने एटविन परिवारलाई हृदय देखि नै धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनहरूमा पनि यस क्षेत्रमा थप काम गर्ने हौसला र प्रेरणा मिलोस् यहि शुभकामना । पालेर्मो प्रोटोकल यतिका लामो समयको प्रयास पछि अनुमोदन हुँदा एकदमै खुसी लागेको छ । साथै कार्यान्वयनका लागि चुनौती पनि महसुस भएको छ । अनुमोदनका लागि यत्तिका वर्ष लाग्यो भने कार्यान्वयनका लागि कति कठिन होला भन्ने महसुस गरेकी छु । अब आगामी दिनमा आप्रवासी कामदार तथा मानव बेचबिखनबाट पीडित प्रभावितहरूको मानव अधिकारको रक्षा हुनेछ भन्ने विश्वास लागेको छ ।

मेरो कार्यकालमा पालेर्मो प्रोटोकल अनुमोदनको लागि एटविनले सर्वप्रथम अध्ययन टोली बनाएर प्रोटोकल अध्ययन सुरू गरेको थियो । हिमराइटससंग मिलेर कार्यशाला सञ्चालन तथा सरकारी संयन्त्रमा पैरवी र भावि नेतृत्व गर्नको लागि छ महिना अगाडी नै छनौट गरी प्रोटोकलको आवश्यकताको बारेमा स्पष्ट पार्दै अभिलेख फाइल हस्तान्तरण गर्ने जस्ता कार्यहरू भएका थिए । म आफैंलाई पनि एटविनको संयोजक हुँदा पालेर्मो प्रोटोकलको आवश्यकता सम्बन्धी कारण बुझ्न समय लागेको थियो र अरूलाई पनि किन यसमा काम गर्नुपर्छ भनेर बुझाउन पनि कठिन भएको थियो । साथै एटविनले गरेको कामलाई कतिपय संस्थाहरूले महत्व नदिंदा काम गर्न कठिनाइ आइपरेको थियो । भावि दिनहरूमा पालेर्मो प्रोटोकलको प्रभावकारी कार्यान्वयनका लागि एटविनले आफ्ना सदस्य संस्थाहरूलाई अवधारणगत सपष्टता गराउने, सरकारी संयन्त्रलाई सहयोग पुऱ्याउने तथा यो प्रोटोकल कार्यान्वयनका विषय र प्रभावका बारेमा छलफल गरी गोष्ठी तथा विभिन्न प्रकाशन मार्फत पैरवी र लवी गर्ने कार्यहरू गर्न सक्छ । अन्य सरोकारवालाहरूले पालेर्मो प्रोटोकलको बारेमा स्पष्टसंग बुझि कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्नुपर्दछ । बजेट बिनियोजन गर्दा पालेर्मो प्रोटोकलको मुल मर्मलाई बुझी त्यसै अनुसार पैरवी गर्ने र कार्यान्वयन गराउने जस्ता कार्यमा अन्य सरोकारवालाहरूको ध्यान केन्द्रित हुनु पर्दछ । प्रोटोकलले निर्देशन गरे अनुसार भए नभएको अनुगमन गर्दै खबरदारी पनि गर्नुपर्छ ।



✍ इन्दिरा फुयाल
अध्यक्ष सन् २००३-२००४

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको मानव बेचबिखन विरूद्धको पालेर्मो प्रोटोकल अनुमोदन गरी कार्यान्वयनमा ल्याएको छ। यो निकै खुसीको कुरा हो। संयुक्त राष्ट्रसंघले पालेर्मो प्रोटोकल सन् २००० मा पारित गरेको थियो। मैले त्यसको ठीक दुई वर्ष पछि सन् २००२ बाट एटविनको नेतृत्व गर्ने मौका पाएकी थिएँ।

यो प्रोटोकलले मानव बेचबिखनलाई एउटा संगठित अपराधका रूपमा पहिचान गरी यसलाई निर्मूल पार्न संसारका राष्ट्रहरूलाई अपील र विशेष जोड दिएकोले नेपाल सरकारले पनि छिट्टै अनुमोदन गर्न आवश्यक छ भन्ने सन्दर्भमा एटविनले आफ्नो धारणा राखेको थियो र लवी एड्भोकेसी मुद्दाको रूपमा यसलाई लिएको थियो । एटविनका अभियानका कार्यक्रममा यसबारे जानकारी दिने गरिएको थियो र नेपाल सरकारले यसलाई अनुमोदन गर्नुपर्छ भन्ने सवाल उठाएको थियो। मेरो कार्यकालमा सम्पन्न मानव बेचबिखन विरूद्धको महिला अदालतको अन्तिममा तयार गरिएको ज्ञापनपत्रमा पनि यो प्रोटोकललाई अनुमोदन गरियोस् भन्ने सवाललाई समावेश गरिएको थियो।

सुरूमा यो प्रोटोकलको बारेमा जानकारी लिने र पछि यो नेपाल जस्तो मानव बेचबिखन चुनौतीका रूपमा रहेको देशको सरकारले यसलाई अनुमोदन गरी कार्यान्वयनमा ल्याउनु पर्छ भन्नेमा दृढ विश्वासका साथ यसलाई एटविनले एडभोकेसी मुद्दाका रूपमा अगाडी बढाएकाले यसको पक्षमा बोल्ने काम गरियो । तर भर्खरै पारित भएकोले त्यो समयमा विस्तृत रूपमा वकालत भने भएको थिएन ।

मेरो कार्यकाल २००४ मा सकिए पनि एटविनले यो सवाललाई निरन्तर रूपमा अगाडी बढाइ नै रह्यो । पछिल्ला दिनहरूमा पूर्व अध्यक्षको रूपमा केहि कार्यक्रमहरूमा मेरो सहभागिता रह्यो । यसको प्रभावकारी कार्यान्वयनका लागि एटविनले सर्वप्रथम त यसको महत्वबारे सबै सदस्य संस्थाहरू र राष्ट्रिय स्तरका सरोकारवालाहरूलाई सचेतना जगाउन सक्दछ साथै एटविन मानव बेचबिखन विरुद्धको राष्ट्रिय सञ्जालको पनि एक सक्रिय सदस्यको नाताले नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयसंग सहकार्य गरी यसको कार्यान्वयनका लागि सघाउ पुऱ्याउन सक्नेछ । अन्य सरोकारवालाहरूले यसको कार्यान्वयनका लागि नेपाल सरकारसंग सहकार्य गर्ने र कार्यान्वयनमा ढिलाइ भएमा आवाज उठाउने कार्य गर्न सक्दछन् ।



✍ *विष्णु ओझा*

*अध्यक्ष सन् २००५-२००८*

संयुक्त राष्ट्रसंघको मानव बेचबिखन विरूद्धको पालेर्मो प्रोटोकल नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने सवालमा एटविनले लामो समय देखि नीतिगत तहमा वकालत गर्दै आएको थियो । हाल उक्त प्रोटोकल अनुमोदन पश्चात् २०७७ साल साउन २ गते देखि क्रियाशील भएको कुराले अत्यन्त खुसी लागेको छ ।

एटविनमा मेरो कार्यकाल अत्यन्त चुनौतीपूर्ण रहेको थियो । एकातिर देशमा प्रजातन्त्रमाथि कुठाराघात भएर संसद समेत विघटन भई राजाले शासन हातमा लिएको अवस्थाले बोल्ने स्वतन्त्रता समेत खोसिएको थियो । अर्कोतर्फ एटविन आन्तरिक रूपमा आर्थिक अभावको सामना गर्दै थियो । यस्तो परिस्थितीमा हामीले पालेर्मो प्रोटोकल अनुमोदनको लागि सरकारको ध्यानाकर्षण गराउने, ज्ञापनपत्र बुझाउने र त्यस सम्बन्धी अन्य कायहरु गर्ने अवस्था नै थिएन । यद्यपी यस्तो विषम परिस्थितीमा पनि एटविनका सदस्य संस्था, परिवार र शुभचिन्तकहरू संगको परामर्शमा एटविनलाई संस्थागत रूपमा अझै बलियो बनाउन आवश्यक नीति नियमावलीहरु बनाउने कार्य सम्पन्न गरियो । आन्तरिक रूपमा संस्थाका शुभचिन्तक र सदस्यहरूसंगको परामर्श तथा वैठकहरू नियमित रूपमा हुन्थे । एटविनका उपलब्धीका १० वर्षको समीक्षा, ओसारपसारको निरन्तरता र अन्य सामग्रीहरूको प्रकाशन गर्न सफल भयौं । सायद मेरो कार्यकाल मात्र यस्तो बन्यो, कुन कार्यक्रममा जाने, कुनमा नजाने अवस्था थियो । कतिपय कार्यक्रमहरू वहिस्कार समेत गर्न बाध्य भएका थियौं । आर्थिक संकट र प्रजातन्त्रमाथि भएको खतराका वावजुद पनि एटविनका गतिविधिहरु देशभरी लैजान सफल भएका थियौं । लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा विरूद्ध अभियान जिल्लाहरूमा सञ्चालन गर्न सफल भयौं । २०६२/२०६३ बृहत जनआन्दोलनको सफलता पश्चात् २०६४ सालको निर्वाचनबाट जनप्रतिनिधिहरु आए पश्चात् कार्यक्रम गर्न सहज परिस्थितीको सृजना भएको थियो । एटविनको संस्थापक अध्यक्ष लगायतसंगको सहकार्य तथा संयुक्त राष्ट्रसंघको सल्लाहकारको विशेष सहभागितामा स्थानीय विकास मन्त्रालयको विशेष सहयोग र समन्वयमा मानब बेचविखन अन्त्यका लागि सरकारी र गैरसरकारी तहबाट हालसम्मका प्रयासको समीक्षा साथै आगामी कार्यक्रमको दिशानिर्देशन गर्ने अवसर प्राप्त भएको थियो ।

पालेर्मो प्रोटोकल अनुमोदन भएको छ । अब यसको प्रभावकारी कार्यान्वयनका लागि एटविनले नेतृत्वदायी र प्रभावकारी भूमिका खेल्नु पर्दछ । सरकारसंग समन्वय र सहकार्य सशक्त बनाउन आवश्यक छ । सबै तहमा साझेदारीतालाई सशक्त बनाउन जरूरी देखिन्छ ।

विगत २४ वर्ष देखि मानव बेचबिखन विरूद्धमा सक्रिय रहँदा मानव बेचबिखन विरुद्ध बनेको पालेर्मो प्रोटोकल अनुमोदन गर्न र नयाँ कानुन तथा नीति नियमहरू निमार्णका साथै भएका कानुन, नीति नियम परिमार्जन गर्न विभिन्न माध्यमबाट यो क्षेत्रमा वकालत तथा पैरवी गर्दै आइरहेकी छु। पालेर्मो प्रोटोकल ढिलै भएपनि नेपाल सरकारले अनुमोदन गरेको छ । अब बेचबिखन प्रभावितहरूले आफ्नो अधिकार सुनिश्चित भएको महसुस गर्नेछन् किनकी म आफू पनि बेचबिखन प्रभावित भएकोले पनि मैले यो प्रोटोकल नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भन्ने आवाज उठाउँदै आएकी थिएँ। यो पालेर्मो प्रोटाकलले बेचबिखन प्रभावितहरूको अधिकारलाई सुनिश्चित पक्कै पनि गर्नेछ भन्नेमा म विश्वस्त छु।



✍ सुनिता दनुवार
*अध्यक्ष सन् २००९-२०१०*

एटविनले पालेर्मो प्रोटोकल नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भनेर पहिला देखि नै आवाज उठाएको भएतापनि मेरो कार्यकाल सन् २०११ देखि निरन्तर वकालत तथा पैरवी गर्न सुरू गरेको थियो। सबै भन्दा पहिला एटविनका सदस्य संस्थाहरूलाई पालेर्मो प्रोटोकलको बारेमा ३ दिनको अवधारणगत स्पष्टता कार्याशाला गोष्ठी संचालन गरेको थियो। त्यस पछिका दिनहरूमा अनुमोदनका लागि दबाब दिने कार्य निरन्तर गरेको थियो। म अध्यक्ष हुँदा पालेर्मो प्रोटोकल नेपाल सरकारले अनुमोदन गर्नुपर्छ भनेर १० हजार हस्ताक्षर सहित महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका मन्त्रीज्यूलाई ज्ञापनपत्र समेत बुझाइएको थियो। सुरूमा सबैलाई बुझाउन यो विषय आफैंमा चुनौतीपूर्ण नै थियो तर विस्तारै सबैले पालेर्मो प्रोटोकलको बारेमा चासो देखाउँदै गए। म प्रभावित भएको कारणले मैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरूमा प्रभावितहरूको आवाजमा पालेर्मो प्रोटोकल नेपाल सरकारले छिटो भन्दा छिटो अनुमोदन गर्नुपर्छ भनेर आवाजहरू उठाएकी थिएँ।

एटविन मानव बेचविखन विरुद्धमा काम गर्ने सञ्जाल भएकोले सबै सरोकारवालाहरूसंग यसको प्रभावकारी कार्यान्वयनको लागि अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्नुको साथै सम्बन्धित सरकारी निकायको ध्यानाकर्षण गराउनु जरूरी देखिन्छ। संग संगै सञ्चार माध्यमलाई पनि पालेर्मो प्रोटोकलमा भएका व्यवस्थाहरूको बारेमा बुझाउनु जरूरी छ। सबै सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट यो प्रोटोकलमा रहेका विशेषताहरूको बारेमा बुझेर यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक रहेको छ।

धेरै वर्ष अगाडी देखि नै एटविनले पालेर्मो प्रोटोकल अनुमोदनको लागि वकालत गरेकोले अहिले आएर अनुमोदन हुँदा खुसी लागेको छ। आगामी दिनमा यो प्रोटोकलको परिभाषामा रहेर हाम्रा नीति नियमहरु बनेर संशोधन भए भने मानव बेचबिखन न्यूनिकरण तथा रोकथाम हुन्छ भन्नेमा विश्वस्त छु। अब आगामी दिनमा मानव बेचबिखनका पीडित तथा प्रभावितहरुको अधिकार रक्षाको लागि सहज वातावरण बन्छ भन्ने आशा छ।



✍ लक्ष्मी कार्की
*अध्यक्ष सन् २००११-२०१२*

मेरो कार्यकालमा पालेर्मो प्रोटोकल अनुमोदनको सम्बन्धमा धेरै महत्वपूर्ण कामहरु भएका थिए। हामीले प्रोटोकल के हो र यसको अनुमोदन किन आवश्यक छ भन्ने बारेमा जानकारीमूलक कार्यक्रम साथै सचेतनाका कार्यक्रमहरु र ऱ्यालीहरु गराउँथ्यौं। सम्बन्धित सरोकारवालहरु, एटविनका सदस्य संस्थाहरु र संविधान सभाका सभासदहरुलाई बोलाएर अन्तरक्रिया कार्यक्रम राखेका थियौं। सभासदहरुलाई यो प्रोटोकलको आवश्यकता महसुस गराउन सफल पनि भएका थियौं। नेपाली काँग्रेस, एमाले, राप्रपा साथै अन्य ठूला दलका कार्यालयमा गएर ज्ञापनपत्र बुझाएका थियौं। OSRT ले तयार गरेका UPR Report हरुमा पनि यसलाई पास गर्नुपर्ने कुराहरु संलग्न गर्नको लागि प्रयास गरेका थियौं र सफल पनि भएका थियौं। म कानुनकै विद्यार्थी र वकिल पनि भएको नाताले पालेर्मो प्रोटोकललाई अनुमोदन

गर्नुपर्छ भन्ने अनुभव भएको थियो । प्रोटोकल अनुमोदनको लागि दवाव सिर्जना गर्न दशहजार हस्ताक्षर संकलन गरी प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, कानुन मन्त्रालयमा बुझाई अझै धेरै वकालत तिर लाग्यौं । यो सम्पूर्ण कार्यमा एटविन अध्यक्षको हैसियतले म आफैं उपस्थित थिएँ । हामीले आफ्ना साथीभाइहरुलाई पनि प्रोटोकलको महत्वको बारेमा बुझाउँथ्यौं । नीतिगत तहमा वकालत गर्ने भएकोले अब एटविनले मानव बेचविखन नियन्त्रण ऐन संशोधन गराउनको लागि सम्बन्धित सरोकारवालाहरुसँग छलफल अन्तरक्रिया कार्यक्रमहरु गराउनुपर्छ । प्रोटोकल अन्तर्गतको परिभाषाहरु राख्न र अरु कानुनहरु संशोधन गर्नलाई दबाब दिनुपर्छ ।

यसको प्रभावकारी कार्यान्यनको लागि गैरसरकारी संघसंस्था, सरकारी निकायहरुको साथै रोकथाम, संरक्षण तथा पुर्नस्थापना जस्ता क्षेत्रमा काम गर्ने सबैले उत्तिकै भूमिका खेल्नु पर्दछ । कहिँ कतै कमी कमजोरीहरु देखिए भने खबरदारी गरी समन्वय र सहकार्य गर्नु जरुरी हुन्छ । यस्ता कुराहरुमा नीतिगत तहमा वकालत गर्न सबै एकजुट भएर जानु पर्दछ ।



✍ विमला ज्ञवाली
अध्यक्ष सन् २०१३-२०१४

हामीले पालेर्मो प्रोटोकल अनुमोदनको लागि लामो समय देखि वकालत तथा अभियानहरू सञ्चालन गर्दै आएका थियौं । यस प्रोटोकलले स्थानागमन, मनोरञ्जन क्षेत्र साथै अन्य सबै सम्बन्धित क्षेत्र समेटेको छ । पालेर्मो प्रोटोकलको अनुमोदन पछि नेपालका बेचबिखनका कानुन, नीति नियम त्यहि अनुसार संशोधन हुने भएकोले हामीले अनुमोदनमा जोड दिएका थियौं । पालेर्मो प्रोटोकलको अनुमोदन पछि नेपालको मानव बेचबिखनका कानुन, नीति नियम त्यहि अनुसार संशोधन हुने भएकोले हामीले अनुमोदनमा जोड दिएका थियौं । प्रोटोकलको अनुमोदन गरेमा के फाइदा हुन्छ भन्ने बारेमा दस्तावेज तयार गरी बुझाएका थियौं । धेरै लामो लडाई पछि प्रोटोकल अनुमोदन भएकोमा धेरै खुसी लागेको छ । अब बेचबिखन सम्बन्धी कानुनमा सम्बन्धित क्षेत्रहरू समेटिएर ढिलो चाँडो कानुन संशोधन हुन्छ भन्ने आशा लिएकी छु ।

मेरो कार्यकालको सुरूमा पालेर्मो प्रोटोकल सबैले बुझ्ने गरी वकालतको एउटा दस्तावेजको रूपमा होस् भनेर नेपाली अनुवाद गरिएको थियो । त्यसपछि सम्बन्धित सरोकारवालाहरूलाई बोलाएर अवधारणागत स्पष्टता कार्यशाला आयोजना गर्‍यौं । कार्यशालाबाट आएका मुख्य बुँदाहरू टिपोट गरी सांसदहरूसँग अन्तरक्रिया कार्यक्रमहरू गरेका थियौं । कार्यक्रममा अनुपस्थित सांसदहरू समक्ष पनि त्यो दस्तावेज पुर्‍याएका थियौं । यस्तैगरी महिला आयोग, मानव अधिकार आयोग, महिला मन्त्रालय, कानुन मन्त्रालय, गृह मन्त्रालय लगायतका सम्बन्धित मन्त्रालयमा ज्ञापन पत्र बुझाउन गएका थियौ । पालेर्मो प्रोटोकल अनुमोदन भइसकेपछि नेपाल पनि त्यसै अनुसारको मानव बेचबिखन विरुद्ध कानुनी प्रावधानहरूको कार्यान्वयनमा केन्द्रित हुन जरूरी छ । त्यसैले पालेर्मो प्रोटोकल अनुसार हामीले अवधाराणात्मक दृष्टिकोण कार्यक्रमहरू बनाउनको लागि नीति निर्माताहरूलाई घचघच्याउनु पर्छ । अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारद्धारा हुने रिपोर्टीङ्ग पनि प्रोटोकल अनुसार हुनुपर्छ । मानव बेचबिखन सम्बन्धी कानुनमा प्रोटोकल अनुसारको व्याख्या, विश्लेषण र कानुनी प्रावधानहरू राखिनुपर्छ । मन्त्रालयहरूले आफ्नो काम कारवाहीहरूलाई पालेर्मो प्रोटोकल अनुसार गर्नपर्छ । त्यस अनुरूप नभएमा हामी गैरसरकारी संघसंस्थाहरूले आवाज उठाउनु जरूरी छ । मुख्य काम भनेको सम्बन्धित सरोकारवालाहरूको पालेर्मो प्रोटोकलको अवधारणात्मक स्पष्टतामा केन्द्रित भएर धेरै लगानी र धेरै काम गर्न बाँकी छ ।



✍ अन्जना शाक्य
अध्यक्ष सन् २०१७-२०१८

हामीले धेरै वर्ष देखि पालेर्मो प्रोटोकलको अनुमोदनको लागि वकालत गरेका थियौँ । यो प्रोटोकलमा मानव बेचबिखनको परिभाषा विस्तृत छ । विशेषगरी यो प्रोटोकलले आप्रवासी कामदारहरूको गन्तव्य मुलुकमा अधिकारको सुनिश्चितता गरेको छ। सरकार पालेर्मो प्रोटोकल अनुमोदनको लागि अलिक बढि नै सावधान रहेकोले यसको लागि वकालत गर्न धेरै नै गाह्रो पनि भएको थियो । म एटविनको अध्यक्षको रूपमा कार्यरत रहँदा प्रधानमन्त्री कार्यालय देखि गृह मन्त्रालय, महिला बालबाबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग सबै ठाउँमा पुग्यौं । NCCHT को कुनै पनि बैठक मैले छुटाइन । प्रत्येक बैठकमा मैले पालेर्मो प्रोटोकल अनुमोदन सम्बन्धी कुराहरू राख्थेँ । आप्रवासी कामदारहरूका मुद्दाहरू सम्बोधन गर्न साथै बेचबिखनका पीडित तथा प्रभावितहरूको अधिकारको लागि पनि यो प्रोटोकलको अनुमोदनले ठूलो सहयोग पुऱ्याउने छ । एटविनले हरेक वर्ष पालेर्मो प्रोटोकलको विषयमा अन्तरक्रिया कार्यक्रम चलाउँदै आएको थियो । CEDAW को 3rd र 4th shadow Report मा बेचबिखन अन्तर्गत र स्थानागमनमा हामीले पालेर्मो प्रोटोकल अनुमोदनको पैरवी गरेका थियौ । UPR को तयारी शत्रमा मैले प्रस्तुति पनि गरेकी थिएँ, जसमा हामीले पालेर्मो प्रोटोकल अनुमोदनलाई बढि प्राथमिकता दिएका थियौं ।

आप्रवासी कामदारहरूका मुद्दाहरू सम्बोधन गर्न, साथै बेचबिखनका पीडित तथा प्रभावितहरूको अधिकारको लागि पनि पालेर्मो प्रोटोकलको अनुमोदनले ठूलो सहयोग पुऱ्याउने छ। पालेर्मो प्रोटोकलको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सरकारी निकायहरूमा वकालत गर्न र यस सम्बन्धी सबै सरोकारवालाहरूलाई तालिम दिन आवश्यक छ। म्यानपावर एजेन्सीहरू साथै मनोरञ्जन क्षेत्रका सरोकारवालाहरूलाई पनि यस प्रोटोकल सम्बन्धी तालिम दिनु आवश्यक छ । प्रोटोकलको अनुमोदन पछि यसको प्रभावकारी कार्यान्वयनले पीडित/प्रभावित व्यक्तिहरूको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्छ जस्तो लाग्छ। आप्रवासी कामदारहरूका लागि यो एकदम महत्वपूर्ण दस्तावेज हो । यसको अनुमोदन संगै हामीले गन्तव्य मुलुक र ट्रान्जिट मुलुकलाई पनि उत्तरदायी बनाउन सक्छौं । हामीले पालेर्मो प्रोटोकलमा केन्द्रित भएर किताबहरू प्रकाशन गर्न, यस विषयमा समाजका सम्बन्धित सरोकारवालाहरूलाई तालिम दिन, एयरपोर्ट तथा राजमार्गहरूमा प्रोटोकल सम्बन्धी होर्डिङ्ग बोर्डहरू राख्न साथै बुकलेट, पम्पलेटहरू पनि प्रकाशित गर्न सक्छौ । सामाजिक सन्जालमा र टिभी, रेडियोको माध्यमबाट जनचेतना जगाउन सकिन्छ ।

# बधाई ज्ञापन !



**श्री बिमला ज्ञवाली**, एटविनका पूर्व अध्यक्ष (सन् २०१३-२०१४) तथा सदस्य संस्था सिविस, काठमाडौँका अध्यक्षलाई २०७७ साउनमा राष्ट्रिय बाल अधिकार परिषदको सदस्यमा मनोनित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नातीसरा राई**
**अध्यक्ष तथा एटविन परिवार**

# पालेर्मो प्रोटोकल अनुमोदन पश्चात् मानव बेचबिखनका प्रभावितहरुले गरेका कार्यान्वयन अपेक्षाहरु



## चरिमाया तामाङ

नेपाल सरकारले सन् २०२० मार्च १२ तारिखमा बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचबिखन खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक (पालेर्मो) आलेख अनुमोदन गर्ने निर्णय गरेको थियो र जुन १६, २०२० मा त्यो निर्णय संयुक्त राष्ट्रसंघमा दर्ता गरिएको थियो । यहि प्रसंगमा मानव बेचबिखनको अभियानमा लामो समय देखि लागिरहनु भएका अभियन्ता तथा शक्ति समूहका १५ संस्थापक मध्ये एक र हाल त्यसको अध्यक्ष समेत रहनु भएका चरिमाया तामाङसंग गरिएको कुराकानीको केहि अंश यहाँ प्रस्तुत गरिएको छ :-

**नेपालले पालेर्मो प्रोटोकल आलेख/प्रोटोकल अनुमोदन गरेकोमा तपाईलाई कस्तो लागिरहेको छ ?**

यो आलेख विश्व समुदाय समक्ष मानव बेचबिखनका घटनाहरू नघट्न र यो अपराध भैहालेको अवस्थामा पनि प्रभावित तथा उनीहरूको अधिकारलाई सुनिश्चित गर्ने र अपराधीलाई कानुनी दायरामा ल्याउन सक्ने ठूलो कडी हो । ढिलै भए पनि यो प्रोटोकल अनुमोदन गरेर प्रक्रियामा लगेको छ । यो अत्यन्तै सराहनीय कार्य हो । यसमा सरकारलाई धन्यवाद दिनै पर्छ ।

**यसको लागि वकालत र पैरवीमा मानव बेचबिखनबाट प्रभावितहरू कसरी संलग्न हुनुभएको थियो ?**

पालेर्मो प्रोटोकलले मानव बेचबिखनका अपराधीलाई सजाय, पीडित/प्रभावितको अधिकार रक्षा, उनीहरूको सामाजिक सुरक्षा साथै न्याय प्राप्ती जस्ता कुराहरूमा सम्बोधन गरेको छ । यो प्रोटोकल अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि भित्रको एउटा पूरक आलेखको रूपमा सन् २००० मा आएको हो । त्यो समयमा शक्ति समूह पनि विधिवत रूपमा दर्ता भैसकेको थियो । एटविन, मानव बेचबिखन विरुद्धको राष्ट्रिय सञ्जाल लगायत मानव बेचबिखन प्रभावितहरूको अधिकारको सुनिश्चितता र अपराधीलाई सजायको दायरामा ल्याउनुपर्छ भन्ने सवाललाई लिएर वकालत गर्ने सञ्जालमा हामी पनि सदस्य भै सकेका थियौं । शक्ति समूह GAATW को पनि सदस्य भएकोले तहगत हिसाबमा सुरू देखि नै नेपाल सरकारले पालेर्मो प्रोटोकल अनुमोदन गर्नु पर्छ भनेर आवाज उठाउने, विभिन्न कार्यक्रमहरू मार्फत सरकारको ध्यानाकर्षण गराउने तथा यसको आवश्यकताको सम्बन्धमा सरकारलाई ज्ञापन पत्र बुझाउने जस्ता कार्यहरूमा हाम्रो पनि संलग्नता रह्यो । अनुमोदनसंगै यसलाई कार्यान्वयन तहमा लैजान आलेखले निर्देशन गरे अनुसारको कार्यविधिहरू अगाडी बढाउनको लागि आवश्यक पहल गर्नुपर्छ भनेर पैरवी गर्दै आइरहेका छौं । त्यस्तै सभा, गोष्ठी, भेला, अन्तरक्रिया, वार्षिक साधारण सभा जस्ता कार्यक्रममा पनि यस विषयमा छलफल गरी आवाजहरू समेटेर एटविन समक्ष ल्याई सम्बन्धित निकाय सम्म वकालत र पैरवीमा हाम्रो संलग्नता रहेको छ ।

**यसको अनुमोदन पश्चात् पीडित/ प्रभावितलाई कस्तो कस्तो सहयोग हुन्छ ?**

वास्तविक रूपमा यो प्रोटोकल एक कोशेढुङ्गा हो जसले समस्यामा परेका व्यक्तिहरूको अभिभावकत्व निभाउने छ । अनुमोदन पछि कार्यान्वयन तहमा जाँदा यसले सम्बोधन गरे अनुसार पीडित/प्रभावितहरूको

अधिकारको सुनिश्चितता हुनेछ । पहिलो कुरा त यसले उद्गम स्थलमा नै व्यक्तिलाई बेचबिखनमा पर्नबाट रोकथाम तथा बेचबिखनमा परिहालेको खण्डमा जोखिम अवस्थाबाट उद्धार हुन पाउने अधिकार सुनिश्चित गरेको छ । दोस्रो कुरा यदि भारत वा तेस्रो मुलुकबाट उद्धार भएको अवस्थामा व्यक्तिले आफ्नो देशमा फर्किने वा उद्धार भएकै मुलुकमा सुरक्षित रूपमा रहेर आफ्नो अधिकारको हनन् नहुने गरी रोजगारी सहितको जीवनयापनको अधिकारको विकल्प दिएको छ । स्वदेश फिर्ती गर्ने क्रममा व्यक्तिको गोपनीयताको अधिकार, आफ्नो सरसामान लिएर आउन पाउने अधिकार, आफूसंग आश्रित बालबालिका छन् भने उनीहरूलाई सुरक्षित तवरले ल्याउन पाउने अधिकार पनि यसले समेटेको छ । तेस्रो कुरा पीडित/प्रभावित व्यक्ति स्वदेश फिर्ती भइसकेपछिको अवस्थामा राज्यले पहिचानको जिम्मेवारी लिने, स्वास्थ्य उपचार, शिक्षा, पठनपाठन, सशक्तिकरण लगायतका आलेखमा समेटिए अनुसारको सहयोग प्राप्त हुनेछ ।

**अनुमोदन भएपछि मानव बेचबिखन विरूद्धको कानुन र संयन्त्रमा के कस्तो सुधारहरू गर्नुपर्छ ?**

पहिलो कुरा त प्रोटोकल अनुमोदन भएपछि यसले दिएका निर्देशनहरू अवलम्बन गर्नुपर्छ । विद्यमान ऐन कानुनहरूलाई आलेखको निर्देशन अनुसार परिमार्जन गर्नु पर्छ । त्यसपछि राज्यका संरचना अनुसारका राष्ट्रिय समिति, प्रदेश समिति र स्थानीय समितिहरू र अन्य आवश्यक संयन्त्रहरू बन्नुपर्छ । त्यसमा अहिलेका कानुनहरूको पनि समायोजन हुनुपर्छ । प्रभावकारी संयन्त्र बनाएर निर्देशन दिनुपर्छ । त्यसमा जवाफदेहिता सहितको जिम्मेवारी बाँडफाँड हुनुपर्छ । जे जति तहगत क्रियाकलाप हुन्छन् त्यसमा पीडित प्रभावितहरूको समेत सहभागिता हुनुपर्छ । जसको सवाल उसको सहभागिता र नेतृत्वलाई समेट्न जरूरी हुन्छ । तहगत प्रकृयाहरू र बन्ने संयन्त्रहरूमा पीडित/प्रभावितको स्थानलाई सुनिश्चित गर्ने र त्यसै अनुसारको जिम्मेवारी बहनको लागि उनीहरूलाई प्रशिक्षित पनि गर्नुपर्ने हुन्छ । त्यो जिम्मेवारी राज्यको हो । सामाजिक संघसंस्थाले पनि यसलाई मध्य नजर गरेर अगाडी बढाउनुपर्छ । शक्ति समूह यो कार्यको लागि सदैव तत्पर छ ।

**पीडित/प्रभावितको पक्षबाट यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई के सुझाव दिन चाहनुहुन्छ ?**

प्रभावित वर्गको तर्फबाट संरक्षणको सवाल भित्रै रहेर भन्नु पर्दा सरकारले यो आलेख मातहत रहेर गम्भिरताका साथ उद्धार, स्वदेशफिर्ती तथा पुनर्मिलन सम्बन्धी ठोस दस्तावेज ल्याउनुपर्छ । वैदेशिक रोजगारीको नाममा, उच्च शिक्षाको नाममा, विदेशी नागरिकसंग विवाहको प्रकृयामा भएका समस्यालाई समेट्न जरूरी छ । उद्धार गरी स्वदेश फर्काउने क्रममा एक्लै गएको प्रभावित संग आश्रित बालबालिका हुन गएको अवस्थामा पनि सरकारले आवश्यक ध्यान पुऱ्याउनु पर्दछ । त्यस्ता बालबालिकाको राष्ट्रिय पहिचान दिलाउन सहजरूपमा आमाको नाममा नागरिकता दिने व्यवस्था राज्यले गर्नुपर्छ । सानो उमेरमा बेचबिखनमा परेको बालबालिकाको परिवार तथा आफन्त भेट्न समस्या हुने हुँदा उनीहरूको नागरिकताको सवाल पनि समेटिनुपर्छ ।

स्वदेशफिर्ती संगै पुनर्मिलन प्रकृयामा स्थानीय सरकार तथा संघसंस्थाको जिम्मेवारी तथा जवाफदेहिता र अन्तर प्रदेश समन्वय जस्ता कुराहरू स्पष्ट हुनुपर्छ । तहगत संरचना बनाउँदा प्रभावितको उपस्थितीलाई गोप्य राख्नुपर्छ । २०६४ को ऐनले व्यवस्था गरे अनुसार प्रभावितको स्वास्थ्य उपचार, शिक्षा, रोजगारको सुनिश्चितता हुनुपऱ्यो । विशेष परिस्थितिका प्रभावितहरूलाई सरकारको सामाजिक सुरक्षा नीतिले समेटेर सहयोग गर्नुपऱ्यो । परिवार तथा आफन्त विहिन प्रभावितहरूलाई दीर्घकालिन पुर्नस्थापनाको व्यवस्था गर्नुपऱ्यो । परिवार भएर पनि अपनाउन चाहेन भने परिवारलाई जवाफदेही पनि बनाउनु पऱ्यो । संरक्षण स्थल र पुर्नस्थापना केन्द्रहरू पुरूष (किशोर र बालक) हरूको लागि पनि सञ्चालनमा ल्याउनु पऱ्यो र त्यसमा सरकारको प्रभावकारी अनुगमन हुनुपर्‍यो । राम्रोलाई निरन्तरता र त्रुटीलाई सुधार गर्न निर्देशन दिनुपऱ्यो ।

मनोरञ्जन क्षेत्रमा मानव बेचबिखनका घटनाहरूको अभ्यास भएको पाइएकोले त्यहाँ श्रम ऐन लागू गरी श्रमिकका अधिकारलाई सुनिश्चित गर्नुपऱ्यो । सर्वोच्च अदालतको निर्देशिका तत्काल कार्यान्वयनमा ल्याउनु

पर्‍यो । प्रोटोकल कार्यान्वयनका लागि आवश्यक निर्देशित कार्यहरू गर्नुपर्‍यो, नीति-नियमहरू परिमार्जन गर्नुपर्‍यो ।

**मानव बेचबिखनबाट पीडित/प्रभावितको संरक्षण तथा कानुनी सहयोगका लागि अन्तर्राष्ट्रिय स्तरमा के गर्नु आवश्यक छ ?**

पालेर्मो आलेखले निर्देशित गरे अनुसार नीतिगत तहमा जाँदा नेपालीहरू पुग्ने गन्तव्य मुलुकहरूसँग बहु-आयामिक सम्झौता गर्नुपर्‍यो । नेपाली चेली एउटा देशमा विवाह भएर जाँदा त्यो देशमा उनीहरूको मानव अधिकारको सुनिश्चितता हुने दस्तावेजहरू तयार गर्नुपर्‍यो । दुइ-पक्षीय सम्झौता गर्नुपर्‍यो र नागरिकलाई सुसूचित गरेर मात्र पठाउनु पर्‍यो ।

**अन्तिममा केहि थप्न चाहनु हुन्छ ?**

आज हामी कोरोनाको कहरमा छौं, कोभिड-१९ को महामारीमा विश्व समुदाय छ । यस्तो परिस्थितिमा पनि दलालहरूले मानिसको किनबेच गर्न छोडेको छैन, शोषण गर्न छाडेको छैन । विषम् परिस्थितिको अवस्थामा घटाइएको घटनाको दोषीलाई थप सजाय दिन सक्नुपर्छ । त्यसैले दीर्घकालिन रूपमा भोलि पर्न सक्ने विपत्को व्यवस्थापन पक्षमा सरकारले नीति-नियमहरू बनाउँदा अपराधीलाई थप सजाय दिनुपर्छ भन्ने मेरो ठूलो माग छ । यस्तो महामारी र विपत्को अवस्थामा सरकारी तवरबाट सहयोग दिलाउने प्रक्रियामा मानव बेचबिखन पीडित/प्रभावित, नागरिकको पहिचान खुलाउने अवस्था नभएका र नागरिकता नभएकाहरूले राहत नपाउने दुर्भाग्यको अवस्था नआओस् । विषम् परिस्थितमा पररिाखेको अवस्थामा सबै नागरिकलाई मानवीयताको हैसियतले सरकारले दिने सुविधाहरू दिलाउनुपर्छ भन्ने मेरो माग छ ।




**बधाई ज्ञापन !**

**श्री नानीमाया थापा**, एटविनका पूर्व उपाध्यक्ष (सन् २०१७–२०१९) तथा सदस्य संस्था ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोकका कार्यकारी निर्देशकलाई २०७७ साउनमा समाज कल्याण परिषदको सदस्यमा मनोनित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नातीसरा राई**
**अध्यक्ष तथा एटविन परिवार**






# मानव बेचबिखन नियन्त्रणमा मन्त्रालयको कार्यक्रम तथा आगामी योजना सम्बन्धमा

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले गरेका कार्यहरू, वर्तमान अवस्था तथा भावि योजनाहरूको सम्बन्धमा मन्त्रालयका उप सचिव श्री गोमा देवी ढकालज्यू संग गरिएको अन्तरवार्ता :



गोमादेवी ढकाल पौडेल

**१. हजुरको संक्षिप्त परिचय दिनु होस् ।**

म गोमादेवी ढकाल पौडैल, नेपाल सरकारको उपसचिव, हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण शाखामा शाखा प्रमुखको रूपमा कार्यरत छु ।

**२. तपाई मानव बेचबिखन विरुद्धको राष्ट्रिय समितिमा कहिले देखि आबद्ध हुनुहुन्छ ? समितिले के कस्ता कार्यहरू गर्दै छ ?**

म मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिमा विगत ७ महिनादेखि कार्यरत छु। मानव बेचबिखन पीडितहरूको उद्धार, राहत, पुर्नस्थापना लगायतका कार्यहरूमा यस समितिले नेपाल सरकार तथा अन्य संघ संस्थाहरूसंग समन्वय गर्ने र नीतिगत निर्णय गर्ने कार्य गरिरहेको छ ।

**३. हाल मानव बेचबिखनको अवस्था कस्तो पाउनु भएको छ ?**

प्रत्यक्ष रूपमा देह व्यापारको अवस्था घटेको देखिन्छ तर वैदेशिक रोजगारी तथा आन्तरिक रोजगारीका क्रममा बेचबिखनमा पर्ने जोखिम भने उत्तिकै छ ।

**४. मानव बेचबिखन विरुद्ध मन्त्रालयबाट के कस्ता कामहरू भई रहेका छन् ? आ.व. २०७७/७८ का मुख्य योजना कस्ता छन् ?**

मन्त्रालयले मानव बेचबिखन नियन्त्रणमा नीतिगत तहमा कामकाज गर्ने हो । मानव बेचबिखनबाट पीडित प्रभावितहरू तथा जोखिममा रहेका वर्गको उत्थानका लागि सीपमूलक कार्यक्रम मार्फत उनीहरूलाई सबल बनाउनेतर्फ मन्त्रालयको जोड रहेको छ ।

**५. महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियानमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय फोकल मन्त्रालयको रूपमा रहँदै आएको छ । देश संघीयतामा गईसकेको र ३ तहको सरकार भई रहेको अवस्थामा सबै तहहरूले कसरी कार्य गरिरहेका छन् ? यसमा मन्त्रालयले कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

मन्त्रालयले मानव बेचबिखन नियन्त्रणमा कामकाज गरिरहेका सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको समन्वय र सहकार्यमा काम गरिरहेको छ ।

देश संघीयतामा गए पश्चात मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनलाई संशोधन गरी सबै तहमा त्यही अनुसारका संरचना बनाउनु पर्नेछ । यसका लागि मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

**६. तीनै तहको सरकारको प्रभावकारी संचालन र समन्वयका लागि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को संघीयता अनुसारको संशोधन गर्ने प्रक्रियाको अवस्था कस्तो छ ?**

ऐन संशोधनको लागि छलफल गरिरहेका छौं । सम्भवत यस वर्षभित्र हामी यस ऐनलाई संशोधनमा लैजाने छौं ।

**७. संशोधन नहुदाँको अवस्थामा कस्ता समस्या र चुनौती अनुभव गर्नु भएको छ ?**

हाल ऐनको संशोधन नहुँदा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यहरूलाई संघीय संरचना अनुरूप व्यापक बनाउन समस्या परेको छ । खासगरी मानव बेचबिखन नियन्त्रण सम्बन्धी प्रदेश स्तरीय समिति गठन गर्न तथा प्रदेश र स्थानीय तहमा कोष खडा गर्न सकिएको छैन ।

**८. मानव बेचबिखन न्यूनीकरणका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारहरू बिचको समन्वय र संयोजन कस्तो छ ?**

हाल मन्त्रालयका कार्यक्रमहरू प्रदेश र स्थानीय तहकै समन्वय र सहकार्यमा गर्ने प्रयास गरिरहेका छौं । यस सम्बन्धमा प्रदेश र स्थानीय तहलाई सहभागी गराएर जानेछौं ।

**९. मानव बेचबिखन विरूद्धको यूएनको पालेर्मो प्रोटोकल अनुमोदन भईसकेको अवस्थामा यसको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयको योजना के छ ?**

पालेर्मो प्रोटोकल अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को संशोधनको तयारीमा लागेका छौं । साथै मानव बेचबिखन खासगरी महिला तथा बालिकाहरूको बेचबिखन नियन्त्रण सम्बन्धी कार्ययोजना २०६८(२०७८ लाई पनि संशोधन गर्ने तयारीमा छौं ।

**१०. कोभिड-१९ महामारीमा मानव बेचबिखन नियन्त्रणमा मन्त्रालयले के के प्रयासहरू गरिरहेको छ ?**

विभिन्न निकायहरूसंग समन्वय सहकार्य र पत्राचार गरिरहेका छौं । बेचविखन विरुद्ध रेडियो टिभीबाट सन्देशमूलक कार्यक्रम प्रसारण भएको छ । भर्खरमात्र स्थानीय तह, प्रदेश तथा संघीय सरकारका सरोकारवाला निकायहरू र यसमा कामकाज गरिरहेका विभिन्न संघसंस्थाहरूको सहभागितामा मानव बेचबिखन विरूद्धको १४ औं राष्ट्रिय दिवस सम्पन्न गरेका छौं ।

**११. मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणसंग सम्बन्धित अन्य सरोकारवालाहरूसंग यस मन्त्रालयको समन्वय र सहकार्य कस्तो छ र यसलाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ ?**

मन्त्रालयले मानव बेचबिखन नियन्त्रणमा कामकाज गरिरहेका सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको समन्वय र सहकार्यमा काम गरिरहेको छ । खासगरी पीडितको उद्धार र स्वदेश फिर्तीका कार्यहरू परराष्ट्र मन्त्रालय वा नेपाली राजदूतावास र नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोसंगको सहकार्यमा हुने गरेका छन् भने पुर्नस्थापना केन्द्रको संचालन र व्यवस्थापन, पीडितलाई मनोसामाजिक परामर्श तथा पीडितको सामाजिक पुर्नस्थापना लगायतका कार्यहरू विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा नै गरिरहेका छौं ।

**१२. अन्त्यमा, केहि थप्न चाहनु हुन्छ कि?**

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण र रोकथाम सरकारको एक्लो प्रयासबाट सम्भव छैन् । यसको लागि पहिलो कुरा त व्यक्ति स्वयं सचेत हुन र यस्ता घटना हुन नदिन सरकारलाई सहयोग गर्नुहुन अनुरोध गर्दछु । दोस्रो कुरा, बेचबिखन नियन्त्रणको क्षेत्रमा कामकाज गरिरहेका संघ संस्थाहरूबाट पनि अझ बढी सहयोग र सहकार्यको अपेक्षा गर्दछ ।

# आफ्नै भिनाजुले बेचे

अनुषा (परिवर्तित नाम) धादिङकी बासिन्दा हुन् । उनी जम्मा ३ महिनाकी भएको बेला उनले आफ्नो बुबालाई बिजुलीको झट्काको कारण गुमाइन् । उनको परिवारमा ५ जना सदस्यहरू छन् । घरको आर्थिक अवस्था कमजोर थियो । उनका परिवारसंग केवल सानो जग्गा थियो जस्को भरमा उनीहरू केवल केहि महिना मात्र गुजारा गर्न सक्थे । उनकी दिदीको १३ वर्षको उमेरमा विवाह भयो । दिदी आफ्नो श्रीमानसंग बस्थिन् । दिदी एकदिन अनुषालाई भेट्न आइन् र केही दिन उनीहरूसंगै बसिन् । अनुषा पनि आफ्नो दिदीको श्रीमानको घरमा बस्न गइन् । त्यहाँ उनी करिब ५ महिना बसिन् । अनुषाको दिदीले उनलाई फर्किन दिइनन् । अनुषासंग फर्किनको लागि बस भाडा समेत थिएन । अनुषाको घरमा काम भएकोले उनले आफ्नो दिदीलाई पटक पटक घर फर्काउनको लागि भनिन् । अनुषाको भिनाजु उनलाई छोड्न गए, तर उनकी दिदीले उनलाई रोक्न खोजिरहेकी थिइन् । अनुषाको भिनाजुले उनलाई काठमाडौं लगे र काठमाडौंमा उनीहरू खाजाखानको लागि रोकिए । खाजा खाईसकेपछि अनुषालाई रिंगटा लाग्न थाल्यो । त्यहि बेला एकजना केटा आयो र उनलाई उनको गाउँ लगिदिने कुरा गरे । अनुषा त्यो केटासंग गईन् । त्यसपछि उनले कहि कुरा पनि थाहा पाइनन् । ट्रेनमा आफ्नो शरीरबाट रगत बगिरहेको अवस्थामा उनलाई होस आयो । उनको महिनावारी भएको थियो र उनी बसेको सिट भरी रगत लागेको थियो । उनले गाउँ लगिदिन्छु भन्ने केटालाई "मसंग झुटो बोलेर कता लैजाँदैछौ ?" भनी कराइन् । त्यो केटाले उनलाई दिल्ली लगेर एकजना महिलासंग छोडि दियो । ती महिलाले अनुषालाई इलाहवाद लगिन् र उनलाई शारीरिक र मानसिक यातना दिइन् । अनुषा ती महिलासंग झगडा गर्दागर्दै थाकिसकेकी थिइन् र उनी यौनकर्मीको रूपमा काम गर्न बाध्य भइन् । दिनमा २५ जना भन्दा बढी पुरूषसंग शारीरिक सम्बन्ध राख्न उनी बाध्य थिइन् । अझ कहिले काहिँ त ७० जना पुरूषसंग शारीरिक सम्बन्ध राख्न बाध्य हुन्थिन् । त्यहाँ उनी ६ वर्ष सम्म बसिन् । ६ वर्षको अवधिमा उनलाई दुई वटा कोठीमा बेचिसकेको थिए । यो अवधिमा उनले आफ्नो परिवारलाई एकपटक पनि सम्पर्क गर्न पाइनन् । उनले केहि पैसा कमाएकी थिइन् तर उनले आफूसंग पैसा राखिनन् । घर जान पाएमा सबै पैसा लग्ने सोचमा थिइन् । त्यसैले उनको सबै पैसा कोठीको साउसंग थियो । करिब ६ वर्ष पछि, उद्धार गर्ने टोली अनुषा रहेको कोठीमा आए र उनको पनि उद्धार गरियो । उनलाई भारतको एक सरकारी संस्थाको आश्रय गृहमा राखियो । त्यहाँ उनलाई व्यावसायिक तालिम दिने कुरा थियो तर उनले सिक्न चाहेको कुनै पनि तालिम पाइनन् । त्यसैले उनी कोठीमा फिर्ता गइन् र फेरि उनको उद्धार गरियो । अहिले उनी शक्ति समूहको आश्रय गृहमा बस्छिन् । यहाँ उनी विभिन्न अतिरिक्त क्रियाकलापमा संलग्न छिन् । आफ्नो परिवारलाई भेट्न उनी शक्ति समूहको एक कर्मचारीसंग गएकी थिइन् । आफ्नो गाउँमा जान पाउँदा र परिवारलाई भेट्न पाउँदा उनी ज्यादैं खुसी भइन् । उनलाई उनको आफ्नै भिनाजुले बेचेका थिए । उनको परिवारले भिनाजुको विरूद्ध उजुरी जारी गरिसकेका छन् ।

अनुषालाई विभिन्न किसिमको व्यावसायिक तालिम लिन मन छ । साथै उनलाई स्वतन्त्र भइ बाँच्न मन छ र मानव बेचबिखन विरूद्ध लड्न मन छ ।

*(शक्ति समूहबाट प्राप्त घटना अध्ययन)*

घटना अध्ययन

# पृथ्वीको नर्कको भोगाई

सुनिता (परिवर्तित नाम) सिन्धुपाल्चोक निवासी हुन् । उनको परिवारमा १० सदस्य छन् : उनको बुबा, आमा, दुई दाजुभाइ र उनी समेत ६ दिदीबहिनी । उनको परिवारको आर्थिक अवस्था धेरै नाजुक छ । उनका बुबा सिकर्मी हुन् र गाउँमा काम गर्छन् । उनीहरूको नाममा केहि जग्गा त छ तर त्यसको भरमा उनीहरू केबल ४ महिनामात्र गुजारा गर्न सक्छन् । सानै उमेर देखि उनी अरूको घरमा सहयोगीको रूपमा काम गर्न थालिन् । त्यहाँ उनले धेरै काम गर्नुपर्‍यो र उनलाई एकदम गाह्रो हुन्थ्यो । पछि उनले घर फर्किने र आफ्नो परिवारलाई सहयोग गर्ने निर्णय गरिन् । २०७२ को भूकम्पले उनको परिवारमा आर्थिक समस्याको भार झन् बढायो । परिवारलाई सहयोग गर्नको लागि उनलाई पैसा कमाउन मन थियो र जीवन खुसीसंग जिउन मन थियो ।

जब उनी १७ वर्षकी भइन्, एक दिन सोमु तामाङ नाम गरेकी महिला उनको घरमा आइन् । उनले ती महिलालाई औपचारिक रूपमा मात्र चिन्थिन् । ती महिलाले उनलाई राम्रो जिन्दगीको लागि भारत जानको लागि लोभ्याइन् । सोमुले आफू त्यहाँ धेरै वर्ष काम गरिसकेको बताइन् । केहि दिन पछि उनी आफ्नो ठूलो दिदी र भाउजुलाई भेट्न आफ्नो बहिनीसंग काठमाण्डौं गइन् । सोमुसंग उनी फोनको मार्फत सम्पर्कमा थिइन् । आफ्नो परिवारको आर्थिक अवस्थाको कारण उनले सोमुको प्रस्तावलाई स्वीकारीन् । सोमुले उनलाई दिल्ली लगिन् र "हामी भारत जादैंछौं र त्यहां हामी यौनकर्मीको रूपमा काम गर्नु पर्नेछ" भनिन् । उनले त्यो कुरा विश्वास गर्न सकिनन् तर वास्तविकता त्यहि थियो । उनीहरू दिल्लीको एक कोठीमा पुगे । सोमुले उनलाई एउटा कोठामा राखिन् । सुनिता शारीरिक र मानसिक रूपमा एकदम कमजोर थिइन् । सुरूमा त्यहाँका मानिसहरूले उनलाई राम्रो व्यवहार गरे, उनलाई भिटामिन र राम्रो खानेकुरा दिए तर उनलाई त्यहाँ बस्न मनै थिएन । उनी त्यहाँबाट भाग्ने उपाय खोज्दा खोज्दै थाकिसकेकी थिइन् । अन्त्यमा उनी यौनकर्मीको रूपमा काम गर्न बाध्य भइन् । दिनमा २५ जनाभन्दा बढी पुरूषसंग शारीरिक सम्बन्ध राख्नुपर्‍यो उनले । अझ कहिले काहीँ त ७० जना पुरूषसंग पनि शारीरिक सम्बन्ध राख्न बाध्य हुन्थिन् ।

"म मेरो पीडालाई शब्दमा बयान गर्न सक्दिन, त्यो ठाउँ पृथ्वीको नर्क हो र कोही पनि त्यो ठाउँबाट भाग्न सक्दैनन् ।"

महिनामा उनी १ लाख रूपैँया कमाउथिन् । कोठीको मालिकले उनको पैसा राख्थे । केहि पैसा उनले आफ्नो परिवारलाई पठाउँथिन् । ३ वर्षको अवधिमा उनलाई दुई वटा कोठीमा बेचिसकेको थिए । करिब ३ वर्ष पछि, उद्धार गर्ने टोली उनी रहेको कोठीमा आए र अरू धेरै मध्ये उनको पनि उद्धार गरियो । उनलाई भारतको एक सरकारी संस्थाको आश्रय गृहमा राखियो । त्यहाँ उनलाई नराम्रो व्यवहार गरियो । त्यहाँ उनलाई व्यावसायिक तालिम दिने कुरा थियो तर उनले सिक्न चाहेको कुनै पनि तालिम पाइनन् । त्यसैले उनी त्यहाँबाट भागिन् । कोठीमा भएको बेला सुष्मा नाम गरेकी महिलासंग उनको सम्पर्क थियो । त्यस आश्रय गृहबाट निस्किसकेपछि उनले सुष्मालाई सम्पर्क गरिन् । सुष्माले उनलाई जी.बी रोडको रेड लाईट एरियामा लगिन् । उनी त्यहाँ ३ महिनाको लागि बसिन् । उनलाई पुनःआसामका रेड लाईट एरियामा बेचियो । त्यहाँबाट उनलाई अर्को संस्थाले उद्धार गर्‍यो र उनलाई २२ वर्षको उमेरमा स्वदेश फिर्तीका लागि शक्ति समूहमा सिफारिस गरियो ।

*(शक्ति समूहबाट प्राप्त घटना अध्ययन)*

घटना अध्ययन

# मण्टेश्वरी स्कूल चलाउने लक्ष्य छ

मेरो नाम अनु (परिवर्तित नाम) हो । म १९ वर्षकी भएँ । मेरो घर नवलपरासीमा पर्छ । म विवाहित हुँ । मेरो माइती घरमा आमाबुबा हुनुहुन्छ र घरमा सासु, ससुरा, बुढीसासु, आमाजु दिदी र श्रीमान् हुनुहुन्छ । घरमा श्रीमान् र उसको परिवारले मेरो कुरा बुझ्नु हुन्नथ्यो ।

एक त मैले प्रेम विवाह गरेको हुनाले मेरो जन्मदिने बुवाआमासँगको सम्बन्ध बिग्रीसकेको थियो त्यसैले उहाँहरुलाई केहि कुरा भन्न सकिरहेकी थिइन । घरमा धेरै नै कुराको दोष मैले सुन्नु पर्थ्यो र यस्तै कुराबाट उम्कन मैले जागिर गर्न बैंकमा इर्न्टनसिप र आफ्नो पढाई पनि गर्दै थिए तर घरको कामले गर्दा मलाई धेरै अप्ठ्यारो हुन्थ्यो । मेरो पढाई खर्च मेरो आमाले दिनुहुन्थ्यो । घरमा एउटा इलेक्ट्रिक पसल पनि छ र मलाई पसलमा काम गर्न भन्नुहुन्थ्यो । अन्त कतै काम गर्नु पर्दैन भन्नु हुन्थ्यो । मुश्किलले घर वरीपरी मात्र काम गर्न दिने कुरा गर्नुहुन्थ्यो । त्यस प्रकारको कुरा मन नपर्ने श्रीमान्ले पनि आफ्नो आमाबुबाको कुरा सुन्ने गर्नुहुन्थ्यो । त्यसैले हाम्रो धेरै कुरा मिल्थेन र झगडा भइरहन्थ्यो । विवाह भएको २ वर्ष सम्म त अली ठिकै थियो तर त्यस पछिको १ वर्ष विवाद र झगडा मै बित्यो । पहिला त लाग्थ्यो मेरो कोही नभए पनि श्रीमान हुनुहुन्छ तर पछि म एक्लै भएको महशुस हुन थाल्यो । घरमा धेरै मानसिक दवाव र झगडा भै रहने गर्दा मैले घर छोड्ने निर्णय लिएँ । सबै उस्तै हुन् जस्तो लाग्थ्यो मलाई । अरु जाने ठाउँ कतै नभएको कारण म रिसमा भारत पुगें । मैले कसैको पनि सल्लाह नलिई गएका थाहा पाए पछि मेरो माइतीबाट आमाले टिकट काटेको ठाउँमा गएर बसको मान्छेलाई सम्पर्क गर्नुभयो र मलाई त्यो बसबाट झर्न नदिई त्यहिं रोकेर बसको मान्छेले आफन्त नेपाललाई सम्पर्क गर्नुभयो । यसरी म भारतमा रहेको KIN को सम्पर्कमा पुगें । त्यहाँ मैले KIN का नविन सर र लक्ष्मी दिदीलाई भेटेँ । उहाँहरुले मलाई धेरै सम्झाउनुभयो र मानव बेचबिखनको बारेमा पनि बताउनुभयो ।

उहाँहरुको कुरा सुनिसकेपछि मलाई अझै पनि असल मानवता भएका मानिसहरु छन् जस्तै लाग्यो र उहाँहरुको कुरा सुनिसके पछि र लक्ष्मी दिदिको कथा सुनिसके पछि मनमनै आवास गृह जाने निर्णय लिएँ र म आफन्त नेपालको सहयोगमा स्वदेशफिर्ती भई आवास गृह आएँ । यस बीचमा पनि मेरो परिवारले धेरै द:खहरु दिनुभयो तर पनि म आवास गृह आएँ । शुरुमा आवास गृह आउँदा अलि अनौठो लाग्यो तर दिन बित्दै जाँदा मैले सोचेको भन्दा धेरै भिन्न पाएँ यो ठाउँ । यहाँ आएपछि धेरै दिदीबहिनीहरुको माया र साथको कारण पनि मैले धेरै कुरा सिक्ने अवसर पाएँ । पहिला म लक्ष्य विहिन थिएँ तर यहाँ आएर दिदीहरुले मलाई नयाँ अवसर दिनुभयो । मन्टेश्वरी तालिम पनि लिने अवसर पाएँ । अब मेरो लक्ष्य राम्रो मन्टेश्वरी शिक्षक बनेर आफ्नै मन्टेश्वरी स्कुल चलाउने रहेको छ ।

मैले यहाँ आए पछि अरु पनि धेरै कुराहरु सिक्न पाएँ । साथसाथै मेरो राम्रो बानीहरुको पनि विकास भयो । अबको मेरो भविष्यको सोच भनेको मानव बेचबिखन विरूद्धको अभियानमा पनि अगाडी बढ्ने र आफू जस्तै दिदीबहिनीहरुलाई अगाडी बढाउने हो । साथै आफनो पढाईलाई पनि अगाडि बढाउने र राम्रो शिक्षक बन्ने हो । धन्यवाद आफन्त नेपाल परिवारलाई मलाई अगाडी बढ्न मद्धत गर्नु भएकोमा ।

*(आफन्त नेपालबाट प्राप्त घटना अध्ययन)*

घटना अध्ययन

# भारतको कोठी नं ६४ जेबी रोडबाट उद्धार

सानै उमेरमा आमाको मायाबाट बञ्चित मैले भोगेको दुःख सम्झदा लाग्छ जीवनमा सुख भन्दा दुःख नै धेरै भोग्नु पर्ने रहेछ। घरको आर्थिक अवस्था ज्यादै कमजोर भएको र आमाको पनि म सानो हुँदा मृत्यु भइसकेको हुनाले बुवा र सानीआमाको साथमा मेरो बाल्यावस्था बितेको थियो ।

जीवन सुन्दर बनाउने आशामा राम्रो लगाउने मीठो खाने कल्पना गरेर १४ वर्षको उमेरमा नै भागीविवाह गरेकी मैले सोचेको भन्दा ठिक उल्टो भोग्न बाध्य भएँ। श्रीमान्ले रातदिन रक्सी खाएर आउने मलाई पिट्ने, खान नदिने लगायतका अन्य दुःख दिने, कमाएको जति सबै बाहिर केटीकोमा लगेर दिने, उतै बस्ने खाने गर्न थालेपछि म नाबालक छोरा लिएर माईत आएर बस्न थालेँ। श्रीमान्को व्यवहारमा परिवर्तन हुन नकेपछि सँगै बस्न भन्दा छुट्टिएर बस्ने कुरा भयो। बिहे दर्ता नभएको कारणले गाउँमै समाजमा बच्चाको जन्मदर्ता गराईदिने सर्तमा छुट्टियौँ । अहिले श्रीमान्ले अर्को विवाह गरेर २ ओटा छोरी समेत रहेका छन् ।

२ वर्षको छोराको साथमा माइत बस्दै आइरहेकी मैले उमेर पनि भर्खर १९ वर्ष मात्र भएकोले पुनःविवाह गर्ने सोच बनाएँ। फेसबुकमा चिनजान भएको केटा सुनिल थापासँग नजिक हुन पुगेँ। उसले विवाह गरी सुखसँग राख्छु भनी धेरै सपना देखायो । मेरो छोरालाई पनि स्वीकार्छु र मलाई पनि विवाह गर्छु भनेको केही समय पछि म ऊसँग विवाह गर्न राजी भएँ र घरमा नभनी हामी दुवैजना भागेर भारततिर गयौँ। जब म भारतमा पुगेँ म छाँगाबाट खसेजस्तै भएँ। उसले मलाई भारतमा लगेर बेचबिखन गर्ने उदेश्यले विवाहको नाटक गरेको रहेछ । भारतमा लगेर उसले मलाई रमेश ठाकुरको कोठामा छोडेर गयो । पछि थाहा पाएँ उसले त मलाई बेचेर गएको रहेछ। कतिमा बेच्यो त्यो भने मलाई थाहा भएन । रमेश ठाकुरले एक महिनासम्म मलाई आफूसँगै कोठामा राख्यो र भाडामा यौन धन्दा गर्न पठायो। उसले यसरी पठाउँदा मलाई औषधी खुवाउँथ्यो । औषधीको असर १ हप्ता सम्म मलाई परिरहन्थ्यो । उनीहरुले मलाई चाहेको अनुसार काम गराउनका लागि उपभोग गरेका थिए । साथै १ महिनासम्म मलाई एक हप्ताको एक लाख रुपैँयामा ठाउँठाउँमा पटक पटक बेचियो ।

अन्त्यमा रमेश ठाकुरले मलाई कोठीमा लगेर बेच्यो । त्यहाँ फोन चलाउन दिदैंनथ्यो । दिनमा १०,१५ जना ग्राहकलाई खुसी बनाउने मेरो दैनिकी थियो । मैले ३ महिनासम्म त्यो नारकीय जीवन बिताएँ। त्यो ठाउँमा हामीलाई कसैसँग बोल्न दिईदैन थियो । को कहाँको हो ? के हो ? भनी सुख दःख साट्न दिईदैन थियो । त्यसरी नै दिन बित्दै गयो ग्राहकको मन जित्दै गएँ । एकदिन एकजना ग्राहकसँग फोन मागेर बाबाको नम्बर याद भएकोले फोन गरेँ र आफू कोठीमा बेचिएको कुरा बताएँ। मलाई बिना सीमको मोवाईल दिइएको थियो। मैले ग्राहकसँग सीम मागेर राखेको थिएँ । त्यहीदिन नै मैले मोबाईलमा सीम हालेको थिएँ । मैले घरमा कुरा गरेको साहुनीले थाहा पाए पछि छोरो बिरामी छ बाबासँग कुरा गरेको बाहाना बनाएर बाँचे । नभए साहुनीको पिटाई कति खानुपर्ने थियो ।

मोबाईलको प्रयोग गर्न थालेपछि मेरो बाबासँग कुरा बढ्दै गयो र आफन्त नेपाल संस्थाको पहलमा त्यो नर्कबाट उद्धार पश्चात् हाल संस्थाको सहयोगमा बाँके जिल्ला अदालतमा सुनिल थापा र रमेश ठाकुर विरुद्ध मानब बेचबिखन तथा ओसारपसार विरुद्ध मुद्दा दर्ता गरेकी छु । अन्जान व्यक्तिलाई विश्वास गरी छोराको भविष्य सुन्दर बनाउने आशमा आफूले भोगेको दुःखलाई बिर्सेर म छोराका साथमा माईतमै फर्किएँ। म परिवारमा पुनर्मिलन पश्चात् छोरालाई भेट्न पाएकोमा खुसी हुन पाएकोमा आफन्त नेपाललाई धेरै धन्यवाद दिन चाहन्छु।

*(आफन्त नेपालबाट प्राप्त घटना अध्ययन)*

# आन्तरिक बेचबिखनको सवालमा घटना दर्तामा कठिनाइ र चुनौती



✍ *तारा भण्डारी*
*विश्वास नेपाल*

रातीको १० बजेको थियो । गोंगबुको एक खाजा घरमा काम गर्ने १७ वर्षकी एक किशोरीलाई खाजाघर सञ्चालकहरुले जबरजस्ती यौन व्यवसायको लागि दबाब दिइरहेका थिए । किशोरी मानेकी थिइनन् तर सञ्चालकहरुले जबरजस्ती एक ग्राहकसँग होटलमा जान कर गरिरहेका थिए । सञ्चालकहरुको दबाब ती किशोरी माथि परिरहेको थियो । त्यतिकैमा ती किशोरी त्यहाँबाट भागेर गोंगबुको सामुदायिक प्रहरी केन्द्रमा पुगिन् । ड्युटीमा खटिएका प्रहरीले उनलाई देखे । तिमी को हो ? यति राती कहाँबाट आएको र किन आत्तिएको प्रहरीले सोधे र किशोरी न्यायको लागि अनुरोध गर्छिन् । प्रहरीले गोंगबु प्रभागमा खबर गरी दिन्छन र तुरुन्तै प्रहरी आएर खाजाघर सञ्चालकलाई पक्राउ गर्छ ।

यसैगरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र कालिमाटीमा वर्ष १६ की क नाम गरेकी एक बालिका आफ्नी हजुरआमा र आमासँग आफू माथि भएको घटनाको कुरा सुनाउन अनकनाउँछिन् । त्यतिकैमा महिला प्रहरी तर्फ हेर्दै, "म सबै कुरा हजुरहरुलाई भन्छु है मेरो घरको परिवारले त्यो कुरा मान्न तयार छैनन्" ती बालिका भन्छिन । महिला प्रहरीले ती बालिकाको चाहना बमोजिम काम गर्छन् । ती बालिकाले आफू माथि भएका सबै घटनाहरु सुनाउँछिन् । बालिकालाई नजिक कै काका पर्नेले शहर लिएर आएको र धेरै पैसा कमाइन्छ भन्दै एक होटलमा काम गर्न लगाएको र त्यहाँ दिनमा ५ जना ग्राहकसँग बस्नुपर्ने बताउँछिन् । तर बालिकाको कुरा परिवारले पत्याउदैनन् किनकी आफ्नै नजिकको काकाले यस्तो व्यवहार गर्न सक्छ र ? यस्ता तर्क निकालेर बालिकाको कुरालाई परिवारले झुठो सावित गर्न खोज्छन् । ती बालिका मलिनो अनुहार गर्दै प्रहरी तर्फ हेरिरहन्छिन् ।

माथि प्रस्तुत घटनाहरु उदाहरणको रुपमा मात्र लिन सकिन्छ । परिवार र समाज जतिजति परिवर्तन तिर बढ्दै छ त्यतित्यति हिंसाका आक्रान्त घटनाहरु पनि बढि रहेका छन् । हिंसाका स्वरुपहरु पनि फरक फरक ढंगले अघि आइरहेका छन् । सदियौं काल देखि हिंसाको मुख्य पात्रमा बालबालिका तथा महिला नै पर्ने गरेका छन ।

**आन्तरिक बेचबिखनको परिभाषा र कानुनी प्रकृया**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६५ ले आन्तरिक बेचबिखनको कानुनमा, कसैलाई ललाईफकाई, प्रलोभनमा पारेर जबरजस्ती यौन व्यवसायमा लगाउने, जोखिमयुक्त काम गर्न बाध्य गराउने त्यस्तो कार्य गर्नु गराउनु अपराध हो भनेर किटान गरेको छ । यस बाहेक कसैको अंग झिक्ने, बेच्ने कार्यलाई पनि बेचबिखनमा समावेश गरेको छ । बेचबिखन जघन्य प्रकृतिको अपराध हो । यस्तो अपराध गर्न गराउन एक व्यक्ति मात्रै संलग्न हुदैनन् । यिनीहरुको ठूलै संगठन हुन्छ । यस प्रकारको घटनामा संलग्न जो कोहि पनि कानुन बमोजिम सजायको भागिदार बन्ने र मतियार समेतलाई पनि सजायको घेरामा आउन सक्ने सम्भावना प्रवल हुन्छ । यस्ता प्रकारका घटनाहरुमा प्रभावितको जाहेरी परेकै दिन जिल्ला अदालत समक्ष बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराइन्छ र प्रभावितले आफू माथि भएको घटना भन्नुपर्ने हुन्छ र त्यसपछि प्रहरी कारवाही अघि बढछ ।

यस प्रकारको घटना भएमा प्रभावित वा घटना देखेको जो कोहिले पनि जाहेरी दिन सक्ने व्यवस्था कानुनले गरेको छ । प्रभावित आफूलाई कहाँ गएर उजुरी गर्ने भन्ने कुरा थाहा नहुन सक्छ । यदि यस्तो भएमा प्रभावितको नजिकको व्यक्ति या घटना देखेको या सुनेको जो कोहिले पनि घटना विरुद्ध उजुरी गर्न सक्ने छ र यसरी उजुरी गरेको व्यक्तिको नाम गोप्य राखिने व्यवस्था कानुनले गरेको छ भने दण्ड सजायको हकमा, नेपाल भित्र एक स्थानबाट अर्को स्थानमा लैजानेलाई

दशवर्ष कैद र पचास हजार रुपैंया देखि एक लाख रुपैंयासम्म जरिवाना र बालबालिका लगेको भए दश वर्ष देखि बाह्र वर्ष सम्म कैद र एक लाख जरिवाना लाग्ने कानुनमा व्यवस्था गरिएको छ । त्यसैगरी शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्ष देखि दुई वर्षसम्म कैदको व्यवस्था गरिएको छ । यसमा उमेर र उजुरीको हदम्याद छैन ।

**कानुन कार्यान्वयनको लागि घटना दर्ताका क्रममा आएका चुनौतीहरु :**

हरेक प्रकारका हिंसाहरु आफैंमा अपराध हुन् । यस्तो कार्य गर्न कानुनले बन्देज लगाएको छ । घटना प्रभावितको लागि न्यायको ढोका खोल्ने पहिलो स्थान प्रहरी समक्ष दिने उजुरी या जाहेरी हो । कानुन कार्यान्वयन गर्ने राज्यको निकाय भनेको नेपाल प्रहरी हो । कानुन कार्यान्वयन एक जटिल प्रकृया हो । यो प्रकृयामा जान पीडकले आफूलाई जति सक्दो बेकसुर सावित गर्न खोज्छ जसको लागि उसले राजनीतिकदलको सहारा माग्न थाल्छ । त्यसपछि नेपाल प्रहरी र घटना उठान गर्ने जो कोहिलाई पनि एकोहोरो रुपमा पीडकको तर्फबाट दबाब आउन सुरु हुन्छ । यस्तै प्रकारको समस्या सामाजिक संस्थाले पनि भोगिरहेका छन् । समाजिक संस्था केवल प्रभावित र प्रहरी बिच पुलको काम गरिदिने र प्रभावितलाई सुरक्षाको लागि सुरक्षित आवासगृहको साथै समाजिक परामर्शको लागि काम गरिदिने मात्रै हो । घटना भएको मिती देखि जाहेरी तयार पार्दा सम्म प्रभावितको विपक्षमा थुप्रै दबाबहरु सामाजिक संस्थालाई आउँछन् । मुद्दा अघि नबढाउ, बरु कति पैसा चाहिन्छ हामी त्यति पैसा दिएर मिलाउन लगाउँ भन्ने जस्ता दबाबहरु आउने गर्दछन् । यति मात्रै होइन भौतिक र शारिरीक कारबाही सम्मको चुनौती पनि पीडक पक्षबाट आउन सक्छ । सबैभन्दा पहिलो चुनौती नै यहि हो । यस सन्दर्भमा कुरा गर्दा महिला तथा बालबालिकाको हकमा यस्ता समस्याहरु आउँछन् । समाजमा अहिले पनि महिलालाई दोस्रो दर्जाको स्थान दिने, आफूमाथि भएको अन्यायको विरुद्धमा आवाज निकाल्दा उल्टै अन्यायमा पर्न सक्ने जस्ता घटनाहरु विद्यमान छन् । यसले पितृसत्तालाई चुनौती नै दिएको छ । कानुन सबैको लागि बराबर हो । कानुन सानो ठूलो भन्ने हुदैंन तर पनि बालबालिका र महिलाको हकमा कानुन कडा नै छ । यसैगरी अत्याधिक जोखिममा पर्ने समूहको रुपमा महिला तथा बालबालिकालाई नै लिने गरिन्छ । उनीहरु जस्तो सुकै घटनामा परेतापनि महिलामाथि भएको घटनाको सुनवाई चाँडै हुने गर्छ ।

मानव बेचबिखन तथा ओसारपसार भनेको एक जघन्य र सांगठनिक अपराध भएको कारण यस्तो प्रकारको अपराधमा राजनीतिकरण धेरै हुन्छ । यस प्रकारको अपराध गर्ने गराउने व्यक्तिको च्यानल हुन्छ । एक पछि अर्को एक पछि अर्को यस घटनाका अभियुक्तहरु निस्कन्छन् । त्यसमाथि राजनीति हावी हुन्छ । यसको दबाबको कारणले पनि प्रभावित व्यक्तिले मुद्दा फिर्ता लिन सक्ने सम्भावना अत्याधिक बढ्न सक्छ । यस भित्र कुनै समाजिक संघसंस्थाहरुबाट आएको मुद्दा छ भने त्यसलाई हेर्ने दृष्टि नै फरक हुन्छ । यस्ता घटनाहरुमा समाजिक संस्थाहरुलाई घटना उचाल्ने पछार्ने जस्ता शब्दहरु प्रयोग गरिन्छ । समाजमा विभिन्न प्रकारको उद्देश्य बोकेर सामाजिक संस्थाहरुले काम गरिरहेका हुन्छन् । त्यहि समाजमा हुने हिंसाको प्रत्यक्ष भोगाई पनि समाजिक संस्थाहरुले भोगिरहेका हुन्छन् । कुनै पनि घटनामा प्रभावित पहिले नै प्रहरीमा पुग्न सक्दैन । एकाधदुईजना यस्ता प्रभावितहरु हुन्छन् जो आफू माथि घटना भएपछि तुरुन्त प्रहरीकोमा गएर घटना दर्ता गराउँछन् तर सबैले यस्तो गर्न सक्दैनन् । आफू माथि भएको घटनालाई उठान गर्न एक प्रभावित सामाजिक संस्थामा आउँछिन् । त्यसपछि संस्थाको सहयोगमा प्रभावितलाई नजिकको प्रहरी कार्यालय समक्ष पुऱ्याई घटनाको वास्तविकता के हो बुझ्न लगाई घटना अघि बढाइन्छ । घटनाको दर्ता गर्ने समय जटिल बन्छ । किनकी त्यतिबेला सम्म प्रभावितको विपक्षमा थुप्रै दबाबहरु आउन सक्छन् । जाहेरी परेपछि प्रहरीमा २५ दिन एक अभियुक्त थुनामा पर्छ । प्रहरीले २५ दिन पछि उक्त अभियुक्तको घटना अनुसन्धानको फाइल सरकारी वकिल समक्ष पुऱ्याएपछि अदालतले घटनाको आधारमा पुर्पक्षकोलागि कारागार पठाउँछ ।

सर्सर्ति हेर्दा घटनाको दर्ता प्रकृयामा धेरै जटिलताहरुको समाना गर्नुपर्ने हुन्छ । एकातिर प्रभावितको मानवअधिकारको रक्षा र अर्कोतिर पीडकहरुको दबाब हुने कारणले अधिकांश घटनाहरुमा प्रहरी समक्ष दर्ता हुनु पूर्व नै मिल्ने गरिएको पनि पाइएको छ ।

*(लेखक विश्वास नेपालका अध्यक्ष तथा एटविनका सचिव हुनुहुन्छ)*

# कोभिडले अनौपचारिक लगायत मनोरञ्जन क्षेत्रसंग सम्बन्धित शोषण तथा बेचबिखनमा पारेको प्रभाव र आवश्यक पहलहरू



✍ *हिरा दाहाल*

**लकडाउनले मनोरञ्जन क्षेत्रमा पारेको प्रभाव**

"घरमा केहि खाने कुरा नभएर (आफूसंग दुईवटा चार्जर भएकाले) भएको फोनको एउटा चार्जर बेचेर २ दिनको छाक टारें र आफ्नी ४ वर्षकी नानीलाई भोको पेट हुनबाट बचाएँ"। यो भनाई ईटहरीमा मनोरञ्जन क्षेत्रमा काम गर्दै आएकी रबिना (परिवर्तन नाम) को हो । ३४ वर्षकी उनी काठमाण्डौमा केहि वर्ष मनोरञ्जन क्षेत्रमा काम गरेर हाल ईंटहरीको एउटा बारमा काम गरिरहेकी छिन् तर कोरोनाको संक्रमणको बढ्दो त्रास र यसबाट भएको लकडाउन पश्चात् बार बन्द भएपछि उनलाई हातमुख जोड्नलाई चुनौती बनेको छ । लकडाउनको सुरूवातमा स्थानीय संस्थाबाट केहि राहत पाए पनि लकडाउनको अवधि लामो हुंदै गएपछि यसरी उपलब्ध गराईएका राहतबाट दैनिक गुजारा चल्न नसकेको उनको अवस्था छ । रबिना काठमाण्डौ बाहिर रहेर मनोरञ्जन क्षेत्रमा काम गर्ने एक प्रतिनिधि पात्र हुन् । उनी जस्तै रोजगार गुमाएर बाध्यतामा बाँच्न सास्ति भोगीरहेका श्रमिकहरू यतिखेर कसरी गुजारा गर्ने भन्ने अफठेरो अवस्थामा छन् । नेपालमा रबिना जस्तै अर्थतन्त्रको अनौपचारिक क्षेत्रमा काम गरेर राज्यको आयमा योगदान गर्ने श्रमिकहरू अत्याधिक रहेका छन् । अर्थतन्त्रको करीब एक तिहाई आम्दानीको श्रोत अनौपचारिक क्षेत्रमा रहेको सरकारी प्रतिवेदनहरूले नै देखाउँछन् । यसरी रोजगार गुमाएपछि दैनिक छाक टार्न धौ धौ परेकोले धेरै महिला कामदारहरू यौन व्यवसाय तिर लाग्न थालेको अनुभव श्रमिक महिला संरक्षण मन्चकी कार्यकारी अधिकृत लिला भुजेलको रहेको छ । बाटोमा आउने मोटसाईकल तथा ट्रकहरू रोक्दै ग्राहक खोज्ने गरेको घटना बढ्दै गएको लिला बताउनुहुन्छ । त्यसैगरी ईटहरीको पुलमुनि बसेर ग्राहक खोज्ने क्रम पनि अत्याधिक मात्रामा बढ्दै गईरहेको उहाँको अनुभव छ । ईटहरी मात्र नभएर रोजगार गुमेकै कारण र आफ्नो दैनिकी चलाउन मुस्किल परेकै कारण पोखरामा पनि धेरै श्रमिकहरू यौन व्यवसायमा संलग्न हुन थालेको अनुभव शुभ अवसर ग्राम पोखराकी मनोविमर्शकर्ता बसन्ती क्षेत्रीको रहेको छ । यसरी बाँच्नकै लागि असुरक्षित रूपमा ग्राहक खोज्न जाने परिस्थितिले गर्दा उनीहरूमा बेचबिखनको जोखिम दिनदिनै अत्याधिक मात्रामा बढ्दै गईरेहेको सजिलै अनुमान गर्न सकिन्छ ।

बेचबिखनको मात्र जोखिम नभएर यस कोरोना संक्रमणको भयावह स्थितिमा यौन व्यवसायमा लाग्नुपर्ने बाध्यताले उनीहरूमा कोरोनाबाट संक्रमित हुन सक्ने जोखिमता पनि त्यतिकै बढेको छ । यस व्यवसायमा मास्क लगाउने तथा भौतिक दुरी कायम गर्ने कुरा कुनै पनि हालतमा सम्भव नभएको बताउँछिन् रबिना मिया (परिवर्तन नाम) । मास्क लगाउने तथा भौतिक दुरी कायम गर्नको लागि ग्राहकहरूलाई जति सम्झाए पनि "तिम्रो अनुहार हेर्न बोलाएको हो र ?" भनेर ग्राहकहरूले भन्ने गरेकोले आफूले चाहेर पनि यौन व्यवसायको विकल्प नरहेको उनको गुनासो छ। कोरोना लागेको भन्दैमा भोको पेटले मान्दैन त भन्ने रबिनाको अभिव्यक्तिले पनि उनी जस्ता महिलाहरू कसरी ज्यान नै जोखिममा राखेर काम गर्न बाध्य छन् भन्ने प्रष्ट पार्दछ ।

ईंटहरी उपमहानरपालिकामा रहेका मनोरञ्जन क्षेत्रहरू लकडाउन पछि बन्द भएपछि रेष्टुरेन्टका केहि साहुहरूले आफ्ना कामदारहरूलाई घरमै लगेर घरायसी श्रमिकको रूपमा काम लगाईरहेको तर श्रमिकलाई खान बस्न मात्र दिएको अर्थात् बिना पारिश्रमिक घरायसी काममा लगाईरहेको समेत पाइएको छ। श्रमिकलाई यसरी घरमा बस्न दिने तथा खान दिई काम लगाउंदा साहुले उद्धार गरेको जस्तो देखिए पनि महिलाहरूको प्रत्यक्ष रूपमा श्रम शोषण भईरहेको कुरा यस घटनाले प्रष्ट देखाउँछ।

माथि प्रस्तुत गरिएका केहि घटनाहरूले यो कुरा प्रष्ट पारेको छ कि कोरोना संक्रमणको भयावह अवस्था तथा संक्रमण रोकथामको लागि गरिएको लकडाउनले गर्दा काठमाण्डौ उपत्यकामा मात्र नभएर मोफसलमा रहेका मनोरञ्जन क्षेत्रहरूमा पनि महिलाहरूको अवस्था कष्टपूर्ण बन्दै मात्र गईरहेको छैन, उनीहरूमा बेचबिखनको जोखिमता पनि त्यतिकै बढेको छ ।

**बेचबिखन रोकथामको लागि आवश्यक पहलहरू**

मनोरञ्जन क्षेत्र अझै केहि समयका लागि सुचारू हुने अवस्था नरहेकोले यस क्षेत्रमा कार्यरत श्रमिकहरूको संरक्षण तथा मानव बेचबिखनको जोखिमबाट जोगाउनको लागि केहि आवश्यक कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ। केहि सम्भावित गतिविधिहरू तल उल्लेख गरिएका छन् ।

- **सीप विकास तालिम तथा वैकल्पिक रोजगार**

काठमाण्डौ बाहिर धेरै जसो मनोरञ्जन क्षेत्रहरू ईटहरी र पोखरामा रहेको हुनाले यी क्षेत्रमा रहेका स्थानीय सरकारले महिलाहरूले गर्न सक्ने खालका सीप विकास तालिमको आयोजना गरी महिलाहरूको लागि वैकल्पिक रोजगारको योजना तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैगरी संघसंस्थाहरूले पनि आफ्ना कार्यक्रमहरूमा वैकल्पिक रोजगारको कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने जरूरी देखिएको छ ।

- **मनोविमर्श तथा मानसिक स्वास्थ्य उपचार**

रोजगार गुमेको कारण आर्थिक संकटको सामना गरिरहेका महिला तथा किशोरीहरूमा मानसिक समस्या बढ्दै गएको र कतिपय महिलाहरू डिप्रेशनमा जान थालेको अवस्था श्रमिक महिला संरक्षण मञ्चकी कार्यकारी अधिकृत लिला भुजेल बताउनुहुन्छ । त्यसैले महिलाहरूको लागि मनोविमर्श तथा मानसिक स्वास्थ्य उपचारको कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

- **बालबालिकाहरूको संरक्षण**

मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरू आफैं छाक टार्न नसक्ने अवस्थामा रहेकोले उनीहरूको बालबालिकाको अवस्था झनै विकराल रहेको छ । त्यसैले यस्ता बालबालिकाको संरक्षण, शिक्षा तथा स्वास्थ्य सहयोगमा राज्यको ध्यान जानुपर्ने जरूरी छ ।

- **उद्धार तथा पुनर्स्थापना**

मनोरञ्जन क्षेत्रको बन्दाबन्दीपछि बिचल्लीमा रहेका किशोरी तथा महिलाहरूको उद्धार र पुनर्स्थापना गरी उनीहरूको लागि सुरक्षित वातावरणको निर्माण गर्नु जरूरी देखिन्छ ।

- **बेचबिखनको रोकथाममा प्रहरी तथा स्थानीय निकायको सक्रियताको आवश्यकता**

कोरोनाको संक्रमण बढेसंगै प्रहरी प्रशासन लगायत राज्यको शक्ति लकडाउनको कार्यान्वयनमा नै व्यस्त हुने सम्भावना बढेकोले अन्य क्षेत्रमा अपराध बढ्ने सम्भावना देखिन्छ । यो जोखिमपूर्ण अवस्थामा बेचबिखनमा संलग्न हुनेहरूको सक्रियता विविध भूमिकामा देखिन सक्छ । तसर्थ मानव बेचबिखनको जोखिमतालाई समयमै सम्बोधन गर्नु जरूरी छ । कोभिड प्रतिकार्य गर्दै गर्दा मानव बेचबिखन र यौन शोषणको जोखिममा रहेकाहरूको संरक्षणको लागि स्थानीय निकाय देखि प्रहरीको सक्रियता बढाउनु आवश्यक हुन जान्छ ।

- **सेवा प्रदायकहरू राहत सहयोग प्रति लचक हुन आवश्यक**

लकडाउन बढेसंगै राज्य तथा संघसंस्थाहरूले केहि राहत वितरणको कार्य सुरू गर्नु एकदमै सकारात्मक कदम हो तर यसरी राहत बाँडिरहदा पनि मनोरञ्जन क्षेत्रमा कार्यरत धेरै जसो श्रमिकहरूले राहत पाउन नसकेको हुनाले सेवाप्रदायकहरूले सञ्चालन गर्ने राहत सहयोग कार्यक्रमलाई सामाजिक न्यायको सिद्धान्तमा आधारित भई राहत सहयोग मापदण्ड लचक तथा पीडित मैत्री बनाउन आवश्यक छ। अन्त्यमा, राज्य जहिले पनि अति जोखिम वर्ग प्रति सदैव संवेदनशील, सहयोगी भएर यस्ता वर्गलाई आवश्यक मात्रामा सहयोग गर्नु यस समयको माग हो। खासगरी अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूको समस्याहरूलाई सम्बोधन गर्ने कुरामा राज्यको तत्काल ध्यान जानु जरूरी छ ।

*(लेखक छोरी संस्थाका कार्यकारी निर्देशक हुनुहुन्छ)*

# कोभिडले उपत्यका भित्र मनोरञ्जन क्षेत्रसंग सम्बन्धित बेचबिखनमा पारेको प्रभाव



✍ गरिमा श्रेष्ठ

विगत ८ महिना देखि चीनको वुहान शहरबाट शुरु भएको कोरोना भाइरस Covid 19 हाल विश्वभरी नै महामारीको रुपमा फैलिएको छ । यसले विश्वभरी नै त्रास फैलाएको छ। ठूला र विकसित राष्ट्रहरुलाई पनि यो माहामारी नियन्त्रणमा ल्याउन धेरै नै मुस्किल भइरहेको छ । यो भाइरस श्वासप्रश्वासको माध्यमबाट सजिलै सर्ने सरुवा रोग हो। संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा नाक र मुखबाट निस्कने छिटाको माध्यमबाट यो भाइरस एक व्यक्तिबाट अर्कोमा सजिलैसंग सर्न सक्छ। हालसम्म यसको औषधि उपचार पत्ता लाग्न सकेको छैन। आजको दिनसम्म लगभग २ करोड भन्दा धेरैलाई Covid 19 संक्रमण भइसकेको छ । नेपालमा साउन २६ गते सम्म २४,५३२ जना संक्रमित भइसकेको र ती मध्ये १६,७२८ जना निको भई घर फर्किसकेको तथा ९१ जनाको मृत्यु भएको छ।

(स्रोत : www.worldometers.info/coronavirus/country/nepal/)

कोरोना भाइरसले विश्वभर मानिसको स्वास्थ्यमा मात्र नभइ अर्थतन्त्रमा पनि ठूलो असर पारेको छ। नेपालमा औपचारिक क्षेत्रमा लगभग २२% को जागिर गइसकेको अनुमान गरिएको छ । साथसाथै अनौपचारिक क्षेत्र जस्तै मनोरञ्जन क्षेत्र र यातायात क्षेत्रमा समेत ठूलो असर पुऱ्याएको छ। काठमाण्डौ उपत्यकाका धेरै जसो मनोरञ्जन क्षेत्रहरु अझ पनि पूर्ण रुपमा सञ्चालनमा आइसकेका छैनन्। नेपाल सरकारले असार अन्तिम देखि होटल व्यवसायहरु खोल्न अनुमति दिएको भएता पनि हालको अवस्थामा ग्राहकहरु नआउँदा व्यापार राम्रोसँग नचलेको र मनोरञ्जन व्यवसाय पनि न्यून रुपमा संचालन भएको व्यवसायीहरुको गुनासो छ।

मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरु अधिकांश महिला, किशोरी र बालबालिकाहरु छन्। धेरैजसो श्रमिकहरुले लकडाउन देखि हालसम्म पनि तलब पाएका छैनन् जसले गर्दा दैनिक आधारभूत आवश्यकताहरु पूरा गर्न धेरै गाह्रो भइरहेको छ । उनीहरुले माहामारीको डरले भन्दा पनि आर्थिक अभावले सताइरहेको बताएका छन्। घर व्यवहार धान्न गाह्रो भएकोले आर्थिक स्थितीसँगै मानसिक समस्याले पनि पिरोलिइरहेका छन।

अधिकारकर्मीको तर्फबाट हेर्दा मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरुका धेरै किसिमका समस्या देखिरहेका छौं। न्यून मासिक तलब र दैनिक टिप्समा जिविकोपार्जन गरी रहनु भएको हुँदा साथै बचत गर्ने बानी नभएकोले खाना तथा कोठाभाडा तिर्नको लागि धौ धौ परिरहेको छ। कतिपयले त सात महिना अगाडीदेखिको घरभाडा नतिरेको र घरबेटीसँग लुक्दै बिहान चाँडै निस्केर राती कोठामा अबेर फर्किने गरिरहनु भएको छ । कतिको घरबेटीसँग दैनिक जस्तो झगडा पर्छ जसले गर्दा अति नै निराशा हुनुपर्छ । लकडाउन पश्चात् भेट्दा धेरै जस्तो बहिनीहरु शारीरिक रुपमा दुब्लो र अत्यन्त कमजोर भेटिनुभयो। उहाँहरुसँग छलफल गर्दा राम्रोसँग खान नपाएको र रेष्टुरेन्टको काममा पनि गेष्टहरु नआएकोले ज्यामी काम गर्न शुरु गरेकोले दुब्लाएको थाहा भयो । यस क्षेत्रमा काम गर्ने श्रमिकहरुको मनबाट अहिले त कोरोनाको डर त्रास हराइसकेको छ । राम्रोसँग खाना खान नपाएर कोरोना लागे पनि लागोस् भनेर गेष्ट खोज्न थालेको बताउँनु हुन्छ। पहिले आउने गरेको गेष्टलाई कल गर्ने र सस्तोमा नै काम गरिरहेको बताउनु भएको छ । केहि श्रमिकहरु दैनिक जिविकोपार्जनको लागि यस क्षेत्रमा यौन गतिविधिमा सक्रिय हुनुहुन्छ। शारीरिक सम्पर्क गर्दा मास्क लगाउँछौ भन्नु हुन्छ। आर्थिक भार बढ्दै गए पछि केहि श्रमिकहरु

लकडाउनको समयमा हिडेरै भए पनि आफ्नो गाउँमा फर्किएको अवस्था छ । अझै पनि कतिपय श्रमिकहरु गाउँबाट फर्किसकेका छैनन् । आफ्नो साथै परिवार र बालबालिकाको जिम्मेवारीले बाँधेको यस क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सहयोगको अत्यन्तै खाँचो छ । यहाँ काम गर्ने अधिकांश श्रमिकहरुको अवस्था हेर्दा उनीहरु घरेलु हिंसा, पारिवारिक बिखण्डन, चरम यौन दुर्व्यवहार, शारीरिक रुपमा कमजोर, न्यून आर्थिक स्थिती, सानै उमेरमा विवाह, सम्बन्ध विच्छेद, सानै उमेरबाट पारिवारिक जिम्मेवारी लिएर बसेका छन् । लकडाउनको समयमा आर्थिक अभावको कारणले घरायसी झगडा र कचकच भईरहने हुँदा हाल केहि श्रमिकहरुले आफ्नो काम नै परिवर्तन गरी साना व्यापार तथा ज्यामी काम गर्न थालेका छन् ।

अहिले वास्तव मै हामीले गर्न सक्ने भनेको धेरै कामहरु छन् । हालको अवस्थामा मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकलाई उनीहरुको आवश्यकता र क्षमता अनसुारको वैकल्पिक आम्दानीको श्रोत दिएमा उक्त क्षेत्रबाट उनीहरुलाई केहि हदसम्म भए पनि व्यवसाय परिवर्तन गराउन सकिन्छ । कति दिदी बहिनीहरुले कानुन विपरीत रहेका कामहरु मनोरञ्जन क्षेत्र भित्र गरिरहनु भएको छ । उहाँहरुलाई यस्तो विषम परिस्थितीमा साहुले पनि साथ दिएका छैनन् । अन्य वैकल्पिक कामको अवसर पाएमा उनीहरु यस क्षेत्रको काम छोड्न तयार छन् । हाल श्रमिकहरुसँग निरन्तर सम्पर्कमा रहेर फोनबाट परामर्श गरी उनीहरुको समस्याको सम्बोधन गर्नु अत्यन्त जरुरी छ। यस्तो कठिन परिस्थितीमा उनीहरुको अवस्था विश्लेषण गरी राहत वितरण गरी सहयोग गर्नु तथा आवश्यकता अनुसार पि.सी.आर. टेष्ट र आवास गृहको सेवा सहयोग समेत बढाउनु पर्ने देखिन्छ। आवास बसाईमा विशेष किसिमको सीपमुलक तालिमहरु दिएर आत्मनिर्भर बनाउन सकेमा यो अवधि उनीहरुका लागि एउटा सुनौलो अवसर पनि बन्न सक्नेछ। मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरुको लागि खाना र कोठाभाडाको लागि स्थानीय तहबाट सहयोगको एकदमै जरुरी देखिन्छ ।

हामी र हामीजस्तै संघसंस्थाहरुले यस्तो कठिन समयमा राहत वितरण गरेकोले उनीहरुको विश्वास जित्न सकेका छौं । मनोरञ्जन क्षेत्रका श्रमिकहरु भन्नुहुन्छ "यस्तो कठिन परिस्थितीमा न त साहुहरुले नै सहयोग गरे न त स्थानीय तहबाट कुनै सहयोग पाइयो । आफ्नो र घरबेटीको नागरिकता नहुँदा धेरै श्रमिकहरुले वडाबाट पाउने राहत समेत पाउन सकेनन् तर गैरसरकारी संस्थाहरुले खोजीखोजी सकेसम्मको सहयोग गर्नुभयो" । आगामी दिनमा अझै स्थानीय वडा तथा नगरपालिकाबाट सहयोग पाउन सकेमा अझ बढी राहत हुने थियो ।

*(लेखक चेञ्ज नेपालमा कार्यक्रम संयोजक हुनुहुन्छ)*




# बधाई ज्ञापन !

**श्री शान्ता बराल**, एटविनका पूर्व कार्यसमिति सदस्य (सन् २०१५-२०१६) एटविनका सदस्य संस्था नारी सीप सिर्जना केन्द्र, मकवानपुरलाई २०७७ साउनमा प्रदेश बाल अधिकार समितिको सदस्यमा मनोनित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नातीसरा राई
अध्यक्ष तथा एटविन परिवार

# एटविन सदस्य संस्थाहरुले मानव बेचबिखन विरुद्ध गरेका प्रयासहरुको सर्वेक्षण, २०१८

एटविन मानव बेचबिखन विरूद्ध र मानव अधिकार विशेष गरी महिला र बाल अधिकारको क्षेत्रमा अधिकार मुखी अवधारणाबाट कार्यरत संघसंस्थाहरूको राष्ट्रिय संजाल हो । यस क्षेत्रमा कार्यरत सबैलाई तथ्याङ्कको अभाव र चुनौतीको बारेमा अवगत नै छ । तसर्थ, यही अभाव वा मागलाई सम्बोधन गर्ने प्रयत्न हेतु एटविनले आफ्ना सदस्य संस्थाहरूले मानव बेचबिखन विरूद्ध गरेका कार्यक्रमहरूको बारेमा जानकारी तथा तथ्याङ्क संकलन गरेर पैरवी र वकालतको लागि एकिकृत जानकारी संकलन गर्न २०१९ मा नमूना सर्वेक्षण सुरु गरेको छ ।


यो सर्वेक्षणले सन् २०१८ को जनवरी देखि डिसेम्बरसम्म एटविनका सदस्य संस्थाहरूले गरेका मानव बेचबिखन विरूद्धका विभिन्न कार्यक्रमहरूको तथ्याङ्क र जानकारीहरू समावेश गरिएको छ । तथ्याङ्क संकलनका लागि अनलाइन फारमको प्रयोग गरिएको थियो । जम्मा २२ वटा सदस्य संस्थाहरूले यस सर्वेक्षणमा सहभागिता जनाएका थिए । यस सर्वेक्षणले मानव बेचबिखन विरूद्धका प्रयासहरु बारेका तथ्याङ्कहरूमा केहि योगदान गर्ने आशा गरेका छौं ।

**एटविन सदस्य संस्थाका मानव बेचबिखन विरूद्धका कार्यक्रमहरू प्रदेशअनुसार :**

एटविन सदस्य संस्थाका सबै सात प्रदेशमा र ७७ जिल्लामा नै मानव बेचबिखन विरूद्धका कार्यक्रमहरू छन् तर अधिकतम सङ्ख्या, १९ वटा सदस्य संस्थाका कार्यक्रमहरू बागमती प्रदेशमा छन् भने २ वटा संस्थाका कार्यक्रम गण्डकी प्रदेशमा छन् । विगत केहि दशक देखि सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर जस्ता जिल्लाहरू मानव बेचबिखनबाट बढी प्रभावित तथा स्रोत जिल्लाका रुपमा चिनिने भएको हुनाले पनि मानव बेचबिखन विरूद्धका कार्यक्रमहरू बागमती प्रदेशमा केन्द्रित भएको अनुमान गर्न सकिन्छ । त्यसैगरी अर्को कारण, एटविनका अधिकतम सदस्य संस्थाहरू काठमाडौं उपत्यकामा दर्ता भई संचालन भएको हुनाले धेरैको बाग्मती प्रदेशमा कार्यक्रम हुनु स्वभाविक नै हो र कुनै पनि सदस्य संस्थाहरू गण्डकीमा दर्ता भएर संचालित नभएकोले गण्डकी प्रदेशमा कम सदस्य संस्थाहरूको कार्यक्रम भएको हुन सक्दछ ।

**मानव बेचबिखन रोकथाम तथा निरोध सम्बन्धी कार्यक्रमको पहुँच**

एटविन सदस्य संस्थाहरूका मानव बेचबिखन रोकथाम वा निरोधका कार्यक्रमहरू जस्तै जनचेतनामुलक, अभिमुखीकरण कार्यक्रमहरू मार्फत कुल १०,२५,२०९ जनसङ्ख्या माझ पुग्न सफल भएको थियो । ती मध्ये ९१ प्रतिशत १८ वर्ष माथिका वयस्क महिला थिए भने ४ प्रतिशत वयस्क पुरुष थिए । रोकथाम कार्यक्रम केबल ५ प्रतिशत बालबालिका (३% बालिका र २% बालक) माझ पुगेको थियो जबकि १८ बर्षभन्दा मुनिका बालबालिकाहरू सबैभन्दा बढी मानव बेचबिखन र शोषणको जोखिममा छन् भनेर धेरै अध्ययन र तथ्याङ्कले देखाउँदछ ।




**रोकथाम वा निरोधात्मक कार्यक्रमका प्रकार**

मानव बेचबिखन रोकथाम कार्यक्रममा अत्याधिक सदस्य संस्थाहरू ऱ्याली/प्रदर्शनहरू, सडक वा अन्य नाटकहरू, र पोष्टर/पत्रिकाहरूका साथ संलग्न छन्, जसमा १९%, १७% र १४% संस्थाहरू ती गतिविधिमा क्रमशः रुपमा संलग्न छन् । ऱ्यालीहरूमा एटविन सदस्यहरूको ठूलो संख्याको सहभागिता छ र यसको कारण एटविन मानव बेचबिखन विरूद्धको संजाल भएको र यसले मानव बेचबिखन विरूद्धका दिवसहरू मनाउने क्रममा सदस्य संस्थाहरू, सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य


गर्दै आएको छ। केवल ९% संघसंस्थाहरूमात्र रोकथामका अन्य गतिविधिहरू जस्तै विद्यालय जागरूकता शिक्षा, प्रशिक्षण, अभिमुखीकरण कार्यक्रम, अनलाइन समाचार, चियाकुराकानी अभियान (tea-talk campaign), सीमा निगरानी र परामर्श गर्दैछन् ।

### मानव बेचबिखनबाट संरक्षणका कार्यक्रमहरू


### नेपाल बाहिर (विदेश) मा उद्धार

एटविन सदस्य संस्थाहरूले सन् २०१८ मा नेपाल बाहिर जम्मा ११३ जना मानव बेचबिखन पीडित/प्रभावितहरूको उद्धार गरेका थिए। ११३ जना मध्ये ७९ प्रतिशत महिला, १७ प्रतिशत बालक थिए भने २ प्रतिशत बालिका थिए ।

### पीडित/प्रभावितहरूको स्वदेशफिर्ती





एटविनका सदस्य संस्थाहरूले सन् २०१८ मा जम्मा १३१ मानव बेचबिखन पीडित/प्रभावितहरूलाई देश बाहिरबाट स्वदेशफिर्ती गर्न सफल भए । त्यस मध्ये ७६% महिला, ५% बालिका र १८% बालक थिए । पीडित/प्रभावितहरू मलेसिया, कुवेत, भारत र साउदी अरेबियाबाट फिर्ती भएका हुन् ।





### स्वदेशभित्रै उद्धार

एटविन सदस्य संस्थाहरूले सन् २०१८ मा देश भित्र ११७२ जनाको बेचबिखन वा बेचबिखनको जोखिमबाट उद्धार गरिएको थियो। ११७२ जना उद्धार गरिएका मध्ये ४९% महिला, ४७% बालिका, ३% बालक र १% अन्य बालबालिका थिए ।





### आवास सहयोग

एटविन सदस्य संस्थाहरूले सन् २०१८ मा मानव बेचबिखन प्रभावित वा जाखिममा रहेका ३१० जनालाई आवास प्रदान गरेका थिए। ती मध्ये ३३ प्रतिशत महिला, ५२ प्रतिशत बालिका र १५ प्रतिशत बालक थिए ।





मानव बेचबिखन विरूद्ध काम गर्ने सबै संघसंस्थाहरूको आफ्नै आवास गृह नभएको कारणले उनीहरूले पीडित/प्रभावितहरूलाई अन्य संस्थाद्वारा संचालित गृहहरूमा सिफारिस गरेका थिए। सदस्य संस्थाहरूको सिफारिसको आधारमा ७२ जना पीडित/प्रभावितहरूले आवास प्राप्त गरेका थिए । ती मध्ये ४०% महिला, ४७% बालिका र ११% बालक थिए ।

जब आवासका लागि पीडित/प्रभावितहरूलाई अन्य संस्थामा सिफारिस गर्दा ३९ जनाले गैरसरकारी संस्था (गैसस) बाट संचालित गृहमा आवास पाए भने ११ जनाले सरकारी सहयोगद्वारा संचालित गृहमा आवास प्राप्त गरे । गैससबाट संचालित गृहमा आवास पाउने मध्ये, ६२% बालिका, २०% महिला थिए भने १८%





बालक थिए । त्यसैगरी सरकारी सहयोगबाट संचालित गृहमा आवास पाउने पीडित/प्रभावित मध्ये ७३% बालिका र २७% महिला थिए ।

तलको ग्राफले सरकारी सहयोग प्राप्त आवास गृहहरू र गैरसरकारी संस्थाहरूले संचलान गरेका गृहहरूमा आश्रय प्राप्त गर्ने व्यक्तिको संख्या प्रतिनिधित्व गर्दछ ।





## शिक्षा सहयोग

एटविन सदस्य संस्थाहरूले कुल ५०३ जनालाई अनौपचारिक वा औपचारिक शिक्षाका लागि सहयोग प्रदान गरेका थिए । ती मध्ये ३३४ जना बालिका, ११६ जना महिला थिए भने ४० जना बालक थिए र १३ जना पुरुष थिए ।




## आजीविका सहयोग

एटविन सदस्य संस्थाहरूले सन् २०१८ मा कुल २०९ जना व्यक्तिलाई रोजगार, व्यावसायिक वा आयआर्जन गर्न सहयोग प्रदान गरे । ती मध्ये १८२ जना महिला र २७ जना अन्य थिए ।




## मानव बेचबिखन सम्बन्धी अभियोजनका कार्यक्रमहरू

सन् २०१८ मा कुल १२७ जना मानव बेचबिखनबाट पीडित/प्रभावितहरू कानुनी सहयोगका लागि एटविन सदस्य संस्थाहरूमा आएका थिए भने ९९ जनाले कानुनी सहयोग प्राप्त गरे । ९५ जना भने प्रहरीमा मुद्दा दर्ता गर्न तयार वा इच्छुक थिए र जम्मा ७६ जनाका मुद्दाहरूमा प्रहरी चौकीमा दर्ता भएको थियो । केवल ६८ जनाको मुद्दा अदालतमा ल्याइएको थियो ।

अदालत सम्म मुद्दा पुगेकोले पीडित/प्रभावितले न्याय पाएको अवश्य होइन । त्यही भएर यस सर्वेक्षण सम्बन्धी सरोकारवाला निकायहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रममा धेरै सहभागीहरूले हाल अदालतमा चलिरहेका मुद्दाहरूको संख्याका साथै सफल र असफल मुद्दाहरूका पनि तथ्याङ्क संकलन गरेर अभिलेख गर्न सुझाव दिएका थिए । यस्ता तथ्याङ्कको रेकर्डले पीडित/प्रभावितहरूको न्यायमा पहुँचको प्रक्रियामा हुने चुनौती र कठिनाइहरू, न्यायको खोजीका सम्पूर्ण प्रक्रिया मुद्दा दर्ता देखि अदालती प्रक्रियामा भएका कमी र समस्याको विश्लेषण गर्न सहयोगी हुनेछ ।

कानुनी सहयोगका लागि आएका १२७ जना मध्ये ७२ जना महिला, ५२ जना बालिका र ३ जना बालक थिए । एटविन सदस्य संस्थाहरूले ९९ जनालाई कानुनी सहायता प्रदान गरे जसमध्ये ५७ जना महिला, ४१ जना बालिका र १ जना बालक थिए । मुद्दा दर्ता गर्न इच्छुक

९५ थिए भने त्यस मध्ये ५६ जना महिला, ३७ जना बालिका र १ बालक थिए । प्रहरी चौकीमा ७६ जनाका मुद्दाहरू दर्ता भएका मध्ये ३५जना महिला, ३० जना बालिका र १ जना बालकको मुद्दा थियो । ६८ जनाका मुद्दाहरू थप कानुनी प्रक्रियाका लागि अदालतमा ल्याएका मध्ये ३८ जना बालिका, २९ जना महिलाका र १ जना बालकको मुद्दा रहेको थियो ।

**चुनौतीहरू**

सन् २०१८ मा मानव बेचबिखन विरूद्धका विभिन्न कार्यक्रमहरू गर्दा सामना गर्नु परेका केही चुनौतीहरू:

- पीडकहरूलाई राजनैतिक संरक्षण र राजनैतिक दवावको कारणले मुद्दा दर्ता गर्नमा निकै कठिनाइ
- मुद्दा दर्ता गर्न प्रहरीको सहयोग अर्पयाप्त, पीडितका परिवारहरू मुद्दा हाल्न सहमत नहुनु
- शारीरिक धम्की र आर्थिक अवस्थाका कारण धेरै मुद्दा होस्टाइल हुने
- स्थानीय स्तरमा बाल संरक्षण र मानव बेचबिखन विरूद्धका संयन्त्रको अभाव, त्यस कारणले गर्दा स्थानीय सरकारसँग समन्वय गर्न धेरै गाह्रो
- पीडित/प्रभावितहरूलाई मुद्दा दर्ता गराउन तयार पार्न निकै कठिनाइ, लामो परामर्शको आवश्यकता
- पीडित/प्रभावितहरूको सुरक्षा संयन्त्र, सामाजिक सुरक्षाको अभाव
- धेरैजसो बेचबिखनबाट पीडित/प्रभावितहरूलाई आर्थिक सहयोग, प्रशिक्षण र रोजगारीको अवसर चाहिन्छ तर संघसंस्थाहरूले उनीहरूलाई पर्याप्त सहयोग दिन नसक्नु
- पीडित/प्रभावितहरूको पुर्नस्थापना, उनीहरूलाई रोजगारी दिलाउन निकै कठिनाई र स्रोतसाधनको अभाव

**निष्कर्ष**

मानव बेचबिखन सम्बन्धी पर्याप्त र विश्वासीलो तथ्याङ्कको अभाव यस विरूद्ध काम गर्ने सबै संस्था, निकायहरूका लागि एक ठूलो समस्या हो । सदस्य संस्थाहरूको मानव बेचबिखन विरूद्धका कार्यक्रमको सर्वेक्षण मार्फत त्यो अभाव वा अन्तरलाई सम्बोधन गर्ने राष्ट्रिय संजालको रूपमा एटविनले गरेको एउटा प्रयास हो । एटविनका सदस्य संस्थाका सबै सात प्रदेशमा कार्यक्रमहरू छन् तर अधिकतम सङ्ख्यामा बागमती प्रदेशमा र कम सङ्ख्यामा गण्डकी प्रदेशमा कार्यक्रम छन्। बढी प्रभावित र जोखिम उन्मुख मानिएका जिल्लाहरू सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर, धादिङ, आदि यहि बागमती प्रदेशमा अवस्थित हुनु यसको प्रमुख कारण हुन सक्छ । अर्को कारण अधिकतम सदस्य संस्थाहरू काठमाडौं उपत्यकामा दर्ता भएर संचालित भइरहेका छन्। गण्डकी प्रदेशका कुनै पनि संस्था एटविनका सदस्य छैनन् । लगभग सर्वेक्षणमा सहभागी सबै संस्थाहरूका मानव बेचबिखन रोकथाम वा निरोध सम्बन्धी केही न केही कार्यक्रमहरू छन् र ती कार्यक्रमहरू मार्फत सन् २०१८ मा कुल १०,२५,२०९ जनसङ्ख्या माझ पुगेका छन् । त्यसमध्ये ९१% महिला थिए भने जम्मा ५% मात्र बालबालिका थिए। धेरै प्रतिवेदन र अध्ययनहरूले बालबालिका विशेष गरि किशोरकिशोरीहरू बेचबिखनको उच्च जोखिममा छन् भनेर देखाउँछ तर हाम्रो रोकथाम र जनचेतना अभिवृद्धिका कार्यक्रमहरू लक्षित वर्गसम्म पर्याप्त रुपमा नपुगेको देखाउँदछ। यसका लागि सरकार र संघसंस्थाले कार्यक्रम गर्न जोखिम उन्मुख क्षेत्र र समुदायको पहिचान गरेर लक्षित वर्गसम्म प्रभावकारी ढंगले कार्यक्रम पुगे-नपुगेको अनुगमन गरी मुल्याङ्कन गर्न पनि जरुरी छ ।

एटविन सदस्य संस्थाहरूले सन् २०१८ मा जम्मा ३१० लाई आवास सहयोग प्रदान गरेको थियो । सबै संस्थाहरूको आवास गृह नभएकाले जोखिममा रहेका र बेचबिखनमा परेका व्यक्तिहरूलाई अन्य संस्थाका गृहहरूमा आवासका लागि सिफारिस गरेका थिए । आवासका लागि अन्य संस्थाहरूमा सिफारिस गर्दा ३९ जनाले गैससद्वारा संचालित गृहमा आवास पाए भने, केवल ११ जनाले मात्र सरकारी सहयोगबाट संचालित गृहमा आवास पाएका थिए । सरकारले मानव बेचबिखनबाट पीडित/प्रभावितहरूका लागि १० वटा पुर्नस्थापना केन्द्र वा गृहहरूलाई आर्थिक सहयोग प्रदान गर्दै आएको छ र ती गृहहरू गैससले संचालन गरिरहेका छन्। धेरै सघंसंस्थाहरूले पीडित/प्रभावितहरूका लागि

आवासको कमी हुने र आवास पाउन समस्याको सामना गर्दै आएका छन् । धेरै संस्थाहरूले केवल छोटो अवधिका लागि मात्र आवासहरू प्रदान गर्दछन् तर बेचबिखनबाट पीडित/प्रभावितहरू उद्धार भएपछि आफ्नो घरपरिवारले सजिलै स्वीकार गर्दैनन्, घरपरिवार फर्किन र समाजमा स्थापित हुन निकै गाह्रो छ । पुर्नस्थापना र पुन:एकीकरण एउटा लामो प्रक्रिया हो र महिना-दिनमा हुन निकै अप्ठ्यारो छ । पुनर्स्थापना गृह र पुन:एकीकरणका लागि सरकारद्वारा विनियोजित भएको कोष वा स्रोत पर्याप्त छैनन् । यो मुद्दा सम्बन्धित सरकारी निकायमा अवश्य उठ्नुपदर्छ ।

सर्वेक्षणका सहभागीहरूले गैरसरकारी संस्थाहरूद्वारा प्रदान गरिएको शैक्षिक र आजीविका सहयोग पनि पीडित/प्रभावितहरूको पुनर्स्थापना र पुन:एकीकरणका लागि पर्याप्त छैन भन्ने कुरा राखेका छन् । संस्थाहरूले पनि लामो समयका लागि सहयोग प्रदान गर्नका लागि स्रोतको अभाव रहेको बताएका छन् । पीडित/प्रभावितहरूले कानुनी प्रक्रियाबाट क्षतिपूर्ति पाउन निकै झन्झटिलो र लामो समय लाग्ने र अदालतबाट निर्णय भए पनि रकम पाउन निकै समय लाग्ने वा नपाउने जस्ता समस्याले पनि उनीहरूको प्रभावकारी पुनर्स्थापना र पुन:एकीकरणमा समस्या पर्दछ । त्यसैले मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको प्रभावकारी पुनर्स्थापना र पुन:एकीकरणका लागि सरकारले गम्भिर चासोका साथसाथै दिगो र प्रभावकारी योजना र कार्यक्रमहरू ल्याउन आवश्यक छ र गैससहरूले यसमा सरकारी निकायहरूसँग संमन्वय र सहकार्य गर्न सक्दछन् ।

सर्वेक्षणमा सहभागी एटविन सदस्य संस्थाहरूका लागि मानव बेचबिखन विरूद्धको कार्यक्रमहरू संचालन गर्दा प्रमुख चुनौती भनेको पीडित/प्रभावितहरूको न्यायमा पहुँचमा अवरोध रह्यो । सन् २०१८ मा १२९ जना कानुनी सहायताका लागि संस्थाहरूमा आए पनि ७६ जना मात्रले थप कानुनी कारवाहीका लागि प्रहरी चौकीमा मुद्दा दर्ता गरे । मात्र ६८ जनाका मुद्दाहरू अदालत सम्म पुगेको थियो । कानुनी सहायताको खोजी गर्ने व्यक्ति र अदालत सम्म मुद्दाहरू पुग्ने सङ्ख्यामा धेरै फरक वा गिरावट भएको छ । यहि कानुनी प्रक्रिया गरिरहँदा संस्थाहरूले निकै कठिनाइ र समस्याहरू भोग्नु परेको छ । दलाल वा पीडकहरूबाट धम्की, त्रास, नाजुक आर्थिक अवस्था र परिवारको सहयोगको अभावका कारण पीडितहरू मुद्दाबाट पछि हट्नु, पीडकहरूले राजनीतिक संरक्षण पाएको कारण प्रहरी पनि त्यति सहयोगी नहुनु जस्ता समस्या र चुनौतीहरूले पीडित/प्रभावितहरूको न्यायमा पहुँच पुगेको छैन । यसले देखाउँदछ कि एटविन र यसका सदस्य संस्थाहरूको पैरवी र वकालत पीडितहरूको लागि न्यायमा पहुँच वृद्धि गर्ने र सुनिश्चित गर्ने तर्फ केन्द्रित हुनुपर्दछ ।



# बधाई ज्ञापन !

एटविनका सदस्य संस्था **सिविस नेपाल**, काठमाडौंलाई मानव बेचबिखन विरुद्धको १३ औं राष्ट्रिय दिवस, २० भदौ २०७६ को अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट सम्मान प्राप्त गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**नातीसरा राई**
**अध्यक्ष तथा एटविन परिवार**

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७७

**पारित मितिः २०७७/०३/२२**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ :

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम २ मा संशोधन : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) मा रहेका "नियम ५" भन्ने शब्दहरुको सट्टा "नियम ६" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) को खण्ड (ख) र (च) को सट्टा देहायका खण्ड (ख) र (च) राखिएका छन् :-

"(ख) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(च) प्रमुख, मानव बेचबिखन अनुसन्धान ब्युरो, नेपाल प्रहरी -सदस्य"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (१) को,-

(१) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

(झ) नेपालभित्र फेला परेका पीडित विदेशी नागरिकलाई स्वदेश फिर्ताको लागि पहल गर्ने

(२) खण्ड (झ) को देहायका खण्ड (ञ), (ट), (ठ), (ड) र (ढ) थपिएका छन् :-

(ञ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर प्रदेश तथा आवश्यकता अनुसार स्थानीय तहबीच समन्वय र सहकार्यलाई सहजीकरण गर्ने,

(ट) नेपाल प्रहरीमा रहेको मानव बेचबिखन अनुसन्धान ब्युरोको समन्वयमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित कसूरको लगत तथा अभिलेख अद्यावधिक गर्ने र सो को प्रगति प्रतिवेदन सार्वजनिक गर्ने,

(ठ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना, क्षमता विकासका कार्यक्रमको सञ्चालन तथा अनुगमन गर्ने, गराउने,

(ड) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने,

(ढ) केन्द्र सञ्चालनको लागि आवश्यक निर्देशिका जारी गर्ने ।"

५. मूल नियमावली नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) राष्ट्रिय समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक र आवश्यकता अनुसार

अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर, पीडितलाई तत्काल राहत र उद्धारको लागि राष्ट्रिय समितिको बैठक तुरुन्त बस्न सक्ने अवस्था नरहेमा अध्यक्षले राहत र उद्धारको आवश्यक व्यवस्था गर्नु पर्नेछ र त्यसपछि बस्ने पहिलो बैठकमा सो विषयको अनुमोदन गराउनु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उपनियम (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

(च) जिल्ला प्रशासन कार्यालयको शाखा अधिकृत वा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको प्रतिनिधि - सदस्य-सचिव"

७. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा अनुगमन गर्ने र सोको प्रतिवेदन राष्ट्रिय समितिमा पेश गर्ने ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) जिल्ला समितिको सदस्य-सचिवले ऐन तथा यस नियमावली बमोजिम समितिले गरेका काम कारवाहीको विवरण र कार्ययोजना जिल्ला समितिको बैठक पेश गर्नु पर्नेछ ।"

८. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (४) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) केन्द्रले उपलब्ध गराउने सेवा र आवश्यक जनशक्तिको विवरण,"

(२) उपनियम (६) पछि देहायका उपनियम (६क) र (६ख) थपिएका छन् :-

"(६क) उपनियम (६) बमोजिम स्वीकृति नलिई सञ्चालन गरिएका केन्द्रले यो नियमावली लागू भएको मितिले तीन महिनाभित्र सञ्चालन गरिएको समय देखिको काम कारबाहीको विवरण र लेखापरीक्षण प्रतिवेदन सहित स्वीकृतिका लागि जिल्ला समितिमा पेश गर्नु पर्नेछ ।

(६ख) उपनियम (६क) बमोजिम प्राप्त विवरण र प्रतिवेदन जाँचबुझ गर्दा यस नियमावली बमोजिम केन्द्रलाई स्वीकृति दिन उपयुक्त देखिएमा जिल्ला समितिले स्वीकृति प्रदान गरी सोको जानकारी राष्ट्रिय समितिमा दिनु पर्नेछ । "

(३) उपनियम (७) मा रहेका "निलम्बन" भन्ने शब्दको सट्टा "निलम्बन वा बन्द" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छ :-

"(८) कुनै स्थानीय तहले केन्द्र स्थापना र सञ्चालन गर्न चाहेमा नेपाल सरकारसँग समन्वय गरी राष्ट्रिय समितिले बनाएको मापदण्ड बमोजिम स्थापना र सञ्चालन गर्न सक्नेछ ।"

९. मूल नियमावली नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) केन्द्रले राष्ट्रिय समिति र जिल्ला समितिले जारी गरेका निर्देशिका तथा दिएका निर्देशन र मापदण्ड पालना गर्नु पर्नेछ ।

१०. मूल नियमावली नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) मा रहेको "राष्ट्रिय समिति तथा जिल्ला समितिसँग समन्वय गरी" भन्ने शब्दहरु झिकिएका छन् ।

११. मूल नियमावली नियम १७ मा संशोधन : मूल नियमावली नियम १७ को,-

(१) उपनियम (३) मा रहेका “उद्धार र पुनर्स्थापना” भन्ने शब्दहरुको सट्टा “उद्धार, पुनर्स्थापना र पुनर्मिलन” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

“(४क) राष्ट्रिय समितिले केन्द्रीय पुनर्स्थापना कोषको रकमबाट नेपाल सरकारले स्थापना गरेको केन्द्रलाई आवश्यकता र औचित्यको आधारमा समय समयमा रकम प्रदान गर्न सक्नेछ ।”

(३) उपनियम (६) मा रहेको “महिला विकास शाखाको” भन्ने शब्दहरुको सट्टा “जिल्ला प्रशासन कार्यालयको” भन्ने शब्दहरु राखिएका छन् ।

१२. रुपान्तर : मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका “महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय” भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।


# बधाई ज्ञापन !

एटविनका सदस्य संस्था **आफन्त नेपाल**, ललितपुरलाई मानव बेचबिखन विरुद्धको १३ औं राष्ट्रिय दिवस, २० भदौ २०७६ को अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट पुरस्कार प्राप्त गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**नातीसरा राई**
**अध्यक्ष तथा एटविन परिवार**






# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन

**समय अवधि :** २०७६ साउन १ गते देखि २०७७ असार ३१ गते सम्म

| क्र.स. | मिति | क्रियाकलाप | स्थान/ सहभागी संख्या |
|---|---|---|---|
| | **संस्थागत** | | |
| १ | २०७६ असार ७ | **नियमित त्रैमासिक बैठक**<br>एटविनको नियमित त्रैमासिक बैठक एटविन अध्यक्ष अन्जना शाक्यको अध्यक्षतामा बसेको थियो । बैठकमा, कार्यक्रमिक प्रगति प्रतिवेदन प्रस्तुती, आगामी कार्यक्रम साथै एटविनको आगामी नेतृत्व, तीन वर्षे रणनीतिक योजनाको मस्यौदा, हाम्रो सम्मान परियोजनाको क्षेत्रिय प्रस्तावना, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा गरिएको नमुना सर्वेक्षण, मानव बेचबिखनबाट प्रभावितहरूको चौथो राष्ट्रिय भेला, २०७६ को सहआयोजना लगायतका विषयवस्तुमा छलफल भएको थियो । | बुद्धनगर, काठमाडौं/ जम्मा- ४० जना |
| २ | २०७६ साउन १४ | **प्रेस विज्ञप्ति**<br>एटविनले मानव बेचबिखन विरूद्धको विश्व दिवस, २०१९ को सन्दर्भमा "मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि आवश्यक पहलहरूको आवश्यकता" विषयक प्रेस विज्ञप्ति निकालेको थियो । विज्ञप्तिमा हालसालै भारतको मणिपुर, केन्या लगायतका देशबाट उद्धार, मानव बेचबिखनमा जिल्ला अदालतले दोषी ठहर गरेका दुप्चेश्वर गाउँपालिका-१ का वडा अध्यक्ष सुनबहादुर तामाङलाई उच्च अदालत पाटनले सफाई दिएको लगायतका घटनाहरूको विषयमा एटविनको ध्यानाकर्षण भएको र साथै सन् २००० मा आएको मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकल अनुमोदनका लागि २०७६ असारमा मन्त्री परिषद्ले निर्णय गरी सकेको विषयको स्वागत गर्दै संसदबाट यथाशीघ्र अनुमोदनका लागि चासो व्यक्त गरेको थियो । | काठमाडौं |
| ३ | २०७६ असोज ८ | **सोह्रौं वार्षिक साधारण सभा र आठौं अधिवेशन**<br>एटविनको सोह्रौं साधारण सभा, एटविन अध्यक्ष अन्जना शाक्यको अध्यक्षतामा सम्पन्न भएको थियो । सभामा महासचिव सम्झना श्रेष्ठबाट प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष शान्ता खनालबाट आर्थिक प्रतिवेदन प्रस्तुती र आगामी कार्यक्रम अनुमोदन गरिएको थियो । साथै एटविन नयाँ सदस्यता प्रावधानका थप योग्यता, ३ वर्षे संस्थागत विकास तथा रणनैतिक योजना अनुमोदन, विधान संशोधन, एटविनको कार्य व्यवस्था तथा कर्मचारी व्यवस्थापन नियमावली २०६२ तथा वित्तिय व्यवस्थापन सम्बन्धी नियमावली, २०६२ चौथो संशोधन २०७६ को अनुमोदन, थप नयाँ संस्थाहरूको सदस्यता सम्बन्धी प्रावधान अनुमोदन, WAFS, कैलालीको सदस्यता खारेजी, नयाँ सदस्यमा कुमुदिनी नेपालको अनुमोदन, सदस्यता निर्देशिका २०७० को संशोधन गर्ने निर्णय गरिएको थियो ।<br>अधिवेशनबाट शक्ति मिलन समाजको नातिसरा राईको नेतृत्वमा आगामी दुई वर्षे कार्यकालका लागि नयाँ कार्यसमितिको गठन भएको थियो । | बुद्धनगर, काठमाडौं/ जम्मा- ५७ जना |
| ४ | २०७६ पुस २५ | **विधान संशोधन**<br>एटविन विधान २०६१ को पाँचवटा बूँदाहरूमा पाँचौ संशोधन भएको छ । | काठमाडौं |
| ५ | २०७६ असोज - पुस | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग समन्वय तथा सहकार्य**<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मानव बेचबिखन विरूद्धको वार्षिक राष्ट्रिय प्रतिवेदन आ.व.२०७५/७६ को लागि गठित समितिको सदस्य मिति २०७६ असोज १२ मनोनयन तथा असोज १४ मा प्रथम बैठक बसेको थियो । मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको कार्ययोजना २०६८ को परिमार्जनका लागि गठित कार्यदल सदस्यको रूपमा मिति २०७६ पुस ११ गते मनोनयन गरिएको छ । पुस १८ मा प्रथम बैठक बसेको थियो । | सिंहदरबार, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ६ | २०७६ माघ ९ | **नियमित त्रैमासिक बैठक**<br>एटविनको नियमित त्रैमासिक बैठकको उद्देश्य एटविन सदस्यहरूलाई एटविनका कार्यक्रमहरू र गतिविधिहरूको बारेमा अद्यावधिक गर्नु, आउँदो गतिविधिहरू बारे छलफल गर्नु, र कसरी मानव बेचबिखन विरुद्ध अभियान अझ सशक्त बनाउने, संस्थाहरू बीच समन्वय र सहकार्य बढाउने हो । यस बैठकमा यूपीआर, एसडीजी, नेपाल भ्रमण वर्ष २०२० र सीआरसीको आगामी रिपोर्टिङ बारे छलफल भएको थियो । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव बेचबिखनको वार्षिक प्रतिवेदन पनि तयार गरिरहेको छ, त्यसैले सबै सदस्य संस्थाहरूलाई उनीहरूको सूचना र तथ्याङ्क प्रतिवेदनका लागि पठाउन अनुरोध गरियो र मानव बेचबिखन विरुद्ध कार्यक्रमको सर्वेक्षणको निरन्तरता बारे पनि बैठकमा छलफल गरियो । | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा- ३२ जना |
| ७ | २०७६ फागुन १३ | **मानव बेचबिखन र विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) को तेस्रो चक्रको प्रतिवेदन परामर्श कार्यक्रम**<br>कार्यक्रममा यूपीआरको दोस्रो प्रतिवेदन चक्रमा मानव बेचबिखन, लैंगिक हिंसा, श्रम अधिकार र बालबालिकाको शोषणको मुद्दाहरूमा भएका सिफारिसहरू र यूपीआर र यसको प्रक्रियाहरूको बारेमा जानकारी गराइयो । मानव बेचबिखनका विभिन्न मुद्दाहरू आन्तरिक बेचबिखन, मनोरन्जन क्षेत्रमा हुने शोषण, श्रम अधिकार, पीडित/प्रभावितहरूको अधिकार र उनीहरूको सेवा र न्यायमा पहुँचको साथसाथै वैदेशिक रोजगारीको रूपमा हुने बेचबिखन, लैंगिक हिंसाको मूल कारणहरू र घरेलु हिंसाका विषयहरूमा सुझावहरू प्राप्त भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा- ५८ जना |
| ८ | २०७७ बैशाख ८ | **एटविन सल्लाहकार तथा पूर्व अध्यक्षहरूसंग परामर्श बैठक**<br>कोभिड-१९ महामारी र सरकारद्वारा गरिएको बन्दाबन्दीको अवस्थामा एटविनको कार्यनीति तथा रणनीति के हुने तथा यस अवस्थामा मानव बेचबिखनको अवस्था विषयमा परामर्शको उद्देश्यका साथ एटविन सल्लाहकार तथा पूर्व अध्यक्षहरू र कार्यसमितिको संयुक्त परामर्श बैठक बसेको थियो । बैठकमा सल्लाहकारहरू गौरी प्रधान, भगवती नेपाल, शान्ति अधिकारी, टंक पन्त, विष्णुमाया भुसाल तथा पूर्व अध्यक्षहरूबाट सन्ध्या श्रेष्ठ, इन्दिरा फुँयाल, विष्णु ओझा, लक्ष्मी कार्की, विमला ज्ञवाली, मीना विष्टको उपस्थिती रहेको थियो ।<br>सल्लाहकारज्यू तथा पूर्व अध्यक्षज्यूहरूले महामारीको अवस्थामा एटविनले कसरी मानव बेचबिखनको विषयलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा सुझाव दिनु भएको थियो । | भर्चुअल/ जम्मा- २२ जना |
| ९ | २०७७ जेठ ७ | **कोभिड-१९ महामारी अवस्था विषयमा एटविन सदस्य संस्थाहरूसंग बैठक**<br>विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ महामारी र सरकारद्वारा गरिएको लकडाउनले गर्दा एटविनले आफ्ना सदस्य संस्थाहरूसँग पहिलो पटक भर्चुअल बैठक गरेको थियो । बैठकमा एटविनले लकडाउनको अवस्थामा गरेका क्रियाकलाप सम्बन्धी सदस्य संस्थाहरूलाई अद्यावधिक गर्नु, कोभिड-१९ स्थिति र लकडाउनको क्रममा यस सम्बन्धी भएका कार्यक्रमहरूबारे सदस्य संस्थाहरूसंग जानकारी आदानप्रदान साथसाथै महामारीले मानव बेचबिखन विरुद्धको अभियानमा पार्ने प्रभाव, चुनौती र यसको सामना गर्न योजना बारे छलफल गरिएको थियो । | भर्चुअल/ जम्मा- ५२ जना |
| १० | २०७६ साउन- भदौ ३१ सम्म | **एटविन सूचना तथा स्रोत केन्द्र**<br>प्रयोग कर्ता : ७२ जना<br>विविध प्रकाशनहरू प्राप्त : २५४०<br>विविध प्रकाशनहरू वितरण : १८६६९ | काठमाडौं र विभिन्न जिल्लाहरू |
| ११ | २०७६ साउन १ - २०७७ असार ३१ | त्रैमासिक बैठकहरू - २ पटक<br>कार्यसमिति बैठकहरू - १५ पटक<br>नयाँ सदस्यता सिफारिस समिति बैठक - १ पटक<br>प्रकाशन समिति बैठकहरू - २ पटक | काठमाडौं |

| | | | |
|---|---|---|---|
| | **परियोजना तथा साझेदारको नाम :** आन्तरिक बेचबिखन रोकथामका लागि वकालतलाई सशक्त बनाउने/द फ्रीडम फण्ड र लस कस्मेटिक्स | | |
| १२ | २०७६ साउन ६, ७, ८, ९ र १२ | **मानव बेचबिखनका अपराधीलाई सजाय तथा पीडितलाई न्यायका लागि ध्यानाकर्षण पत्र हस्तान्तरण**<br>एटविन र यसका सदस्य संस्थाहरू तथा यस विषयमा कार्यरत संस्थाहरूले मानव बेचबिखनका अपराधीलाई सजाय तथा पीडितलाई न्याय दिलाउन राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय मोहना अन्सारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव चन्द्र प्रसाद घिमिरे र सह-सचिव रूद्रा देवी शर्मा, महान्यायधिवक्ता अग्नी प्रसाद खरेल, मानव बेचबिखन नियन्त्रण अनुसन्धान ब्यूरोका एसएसपी ईश्वर बाबु खत्री, नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्यूरोका एसएसपी उमेशराज जोशी, महिला तथा सामाजिक विकास समिति प्रतिनिधि सभाका, सभापति माननिय निरू देवी पालज्यूलाई ध्यानाकर्षण पत्र बुझाएको थियो ।<br>ध्यानाकर्षण पत्रमा मानव बेचबिखनमा जिल्ला अदालतले दोषी ठहर गरेका दुप्चेश्वर गाउँपालिका-१ का वडा अध्यक्ष सुनबहादुर तामाङलाई उच्च अदालत पाटनले सफाई दिएको र सफाई दिँदै थुनामुक्त गर्न उच्च अदालतले आदेश दिएसँगै डिल्लीबजार कारागारमा रहेका तामाङ रिहा भइसकेकोमा एटविनको गम्भीर ध्यानाकर्षण भएको सम्बन्धमा थियो । साथै पीडितको सुरक्षा, संरक्षण तथा न्यायमा पहुँचको सुनिश्चितता र कानुन बमोजिम कडा कारवाहीका लागि जोडदार माग गरेको थियो । सबै निकायहरूले यस विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको र पीडितलाई न्याय दिलाउनका लागि धेरै भन्दा धेरै प्रयास गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । | काठमाडौं र ललितपुर |
| १३ | २०७६ साउन १५ | **मानव बेचबिखनका अपराधीलाई सजाय तथा पीडितलाई न्याय दिलाउन समन्वय बैठक**<br>एटविनको अध्यक्ष अञ्जना शाक्यले बैठकको अध्यक्षता र सहजीकरण गर्नु भएको थियो । यस मुद्दालाई थप बलियो बनाउँदै पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । बैठकमा मिरा ढुङ्गाना-महिला, विकास र कानुन मञ्च, उमा तामाङ-माईती नेपाल, दिलिप कोईराला-शक्ति समूह, सतिश शर्मा-पीपीआर नेपालले मुद्दालाई प्रभावकारी ढंगबाट अगाडी लग्ने विषयमा विचार राख्नु भएको थियो । मुद्दालाई सहयोग गर्ने उद्देश्यले कानुनी सहयोग समूहको निर्माण गरियो । कानुन समूहमा महिला, कानुन र विकास मञ्च, सेर्लड, पीपीआर, ल्याक र गृह सहयोगी समूहमा आफन्त नेपाल, साना हातहरू र शक्ति समूह रहने निर्णय गरेको थियो । | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा- ४३ जना |
| १४ | २०७६ भदौ ३ | **मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन नीजि क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम**<br>मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन नीजि क्षेत्रको भूमिका विषयक कार्यक्रम महानगरीय प्रहरी परिसर टेकू, समुदाय-प्रहरी साझेदारी कार्यक्रम शाखा, महानगरीय प्रहरी वृत्त कालिमाटी र महानगरीय प्रहरी प्रभाग कलंकीसंगको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । सहभागीमा १०३ जना व्यवसायी रहेका थिए । कार्यक्रमको अध्यक्षता काठमाडौं महानगरपालिका वडा नं. १४ को वडाअध्यक्ष शोभा सापकोटा तथा प्रतिनिधि सभाका सदस्य, माननीय सांसद कृष्ण गोपाल श्रेष्ठज्यूको प्रमुख अतिथ्यतामा गरिएको थियो । एटविनका कार्यकारी निर्देशक, बेनु माया गुरूङले मनोरञ्जन क्षेत्रमा श्रमिकहरूले भोगेका समस्याहरू र यस क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन नीजि क्षेत्रबाट गरिएका अपेक्षाहरूका बारेमा प्रस्तुति गर्नु भएको थियो । | कलंकी, काठमाडौं/ जम्मा- १६५ जना<br>महिला ३९, पुरूष १२६ |
| १५ | २०७६ कार्तिक ६ | **"मानव बेचबिखन र व्यवसायिक बाल यौन शोषणको अवस्था र न्यूनीकरणका लागि आवश्यक प्रयासहरू" विषयक अन्तरक्रिया कार्यक्रम**<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंगको संयुक्त आयोजनामा कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष नातिसरा राई, विशेष अतिथि माननीय मन्त्री थम माया थापा र कार्यक्रमको सञ्चालन उपसचिव रोशनी कार्कीले गर्नु भएको थियो । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरूङले "मानव बेचबिखन र व्यवसायिक बाल यौन शोषणको अवस्था र न्यूनीकरणका लागि आवश्यक प्रयासहरू" मा प्रस्तुति गर्नु भएको थियो । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं/ |

| | | | |
|---|---|---|---|
| | | रूद्रादेवी शर्मा सहसचिव, MoWCSC ले आन्तरिक बेचबिखनका पीडितहरूलाई उद्दार गर्ने कार्य गर्ने र मानव बेचबिखन अन्त्यका लागि कार्य गर्ने संस्थाहरूको सूची मन्त्रालयले बनाउने जानकारी दिनु भएको थियो । मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को संशोधनका लागि कार्तिकमा पठाएको जानकारी गराउनु भयो ।<br>मा. मन्त्री थममाया थापाज्यूले नेपाल सरकारले यस वर्षलाई महिला अधिकार वर्षको रूपमा घोषणा गरी महिला र बालिका हिंसा अन्त्यका लागि निरन्तर रूपमा केन्द्रिकृत भई कार्य गरिरहे को र संघसंस्थाबाट पनि सहयोगको अपेक्षा राख्नु भएको थियो । मानव बेचबिखन अन्त्य गर्नका लागि सबै तहका सरकारले यस मुद्दालाई केन्द्रित गरी आफ्ना कार्यक्रम र बजेटको व्यवस्था गरी निरन्तर रूपमा कार्य गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो । | जम्मा- ६६ जना |
| १६ | २०७६ कार्तिक १८ र १९ | **"नयाँ कानुनहरूमा मानव बेचबिखन र व्यवसायिक बाल यौन शोषण न्यूनीकरण तथा पीडितको अधिकार सम्बन्धी कानुनी प्रावधानहरू" अभिमुखिकरण कार्यक्रम**<br>अभिमुखिकरणको उद्देश्य विभिन्न नयाँ कानुनहरूमा मानव बेचबिखन र बालबालिकाको व्यवसायिक यौन शोषणविरुद्धका मुख्य प्रावधानहरू र कानुनी उजुरी प्रक्रियाका बारेमा जानकारी दिने रहेको थियो, जस्तै-मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, बालबालिका सम्बन्धी ऐन २०७५, श्रम ऐन २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मुलुकी अपराध (संहिता) ऐन २०७४ मा भएका फौजदारी, दासत्व, शोषण, अपराध पीडित ऐन २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ । कार्यक्रममा उच्च अदालतका न्यायधीश टेक नारायण कुँवर, अधिवक्ता दिलिप कोईराला लगायतको प्रस्तुती रहेको थियो । | नगरकोट भक्तपुर/ जम्मा- ४६ जना |
| १७ | २०७६ कार्तिक २१ देखि २५ | **"संस्थागत सामुहिक भावना अभिवृद्धि तथा नीति निर्माण कार्यक्रम"**<br>कार्यक्रममा एटविन कार्यसमिति तथा सचिवालय कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा एटविनको सुरक्षा नीतिको मस्यौदा माथि छलफल र संस्थाका विभिन्न समितिहरूको काम, कर्तव्य र अधिकारहरूको मस्यौदा माथि छलफल गरिएको थियो । साथै संस्थागत सामुहिक भावना अभिवृद्धिका थुप्रै अभ्यासहरू गरिएका थिए । सिमामा बेचबिखन नियन्त्रणका कार्यहरूको विषयमा जानकारी लिन आफन्त नेपालको कार्यालयमा बैठकका साथै सिमा नाकामा रहेको परामर्श केन्द्र अवलोकन गरिएको थियो । | भैरहवा, रूपन्देही / जम्मा- १६ जना |
| १८ | २०७६ मंसिर १८ | **"मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सञ्चार माध्यम अध्ययन तथा विश्लेषण प्रतिवेदन २०७५"**<br>एटविनले २०७५ सालमा सञ्चार माध्यममा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सामाग्रीहरूको अध्ययन तथा विश्लेषण गरी तयार पारेको प्रतिवेदन सहितको छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सरकारी तथा गैरसरकारी संघ संस्था, सञ्चार माध्यमका प्रतिनिधीहरूको सहभागिता रहेको थियो ।<br>एटविनले छापा संचार सामाग्रीहरूलाई २०५४ साल देखि निरन्तर रूपमा एटविन सूचना तथा स्रोत केन्द्र मार्फत दस्तावेजीकरण गर्दै आईरहेकोछ । २०७५ सालमा ११ वटा पत्रिका (गोरखापत्र, कान्तिपुर, अन्नपुर्ण पोष्ट, नागरिक, नयाँ पत्रिका, राजधानी र नेपाल समाचारपत्र तथा अंग्रेजी दैनिक दि हिमालयन टाइम्स र दि काठमाण्डु पोष्ट तथा साप्ताहिक नेपाल र नारी मासिक) समेटिएका थिए । यो वर्ष मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित २ सय २७ वटा समाचार तथा समाचारमुलक सामाग्री छापिएका थिए । विश्लेषणको प्रस्तुती वरिष्ठ पत्रकार विजय पौडेलले गर्नु भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा - ५८ जना |
| १९ | २०७६ पुस १० | **"मानव बेचबिखन र बालबालिकाको व्यवसायिक यौन शोषण अन्त्यका लागि संचारकर्मीसंग संवाद"**<br>मानव बेचबिखनको अन्त्य गर्नका लागि संचारकर्मीहरूको पनि अहम भूमिका रहने भएकाले एटविन नेपाल र विश्वास नेपालले संयुक्त रूपमा कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष नातिसरा राईले, स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश एटविनका सचिव तथा विश्वास नेपालका अध्यक्ष तारा भण्डारीले, कार्यक्रमको संचालन | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा- ४३ जना |

| | | | |
|---|---|---|---|
| | | एटविनका परियोजना अधिकृत बाल माया विश्वकर्माले गर्नु भएको थियो । मानव बेचबिखनको अवस्था र सम्बोधन गर्नुपर्ने सवाल, विषयवस्तु तथा चुनौती विषयमा एटविनका कार्यकारी निर्देशक बेनु माया गुरूङले प्रस्तुती गर्नु भएको थियो ।<br>मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकले आफ्नो भोगाईहरू राख्नु भएको थियो । अध्यक्ष नातिसरा राईले तत्काल मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकलको अनुमोदन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ तथा बालबालिका ऐनमा संघीय संरचना अनुसार संशोधन स्वदेशफिर्ती निर्देशिका/नियमावलीको निर्माणमा जोड दिनु भयो । | |
| २० | २०७६ पुस १० | **ज्ञापनपत्र - मा. मन्त्री पार्वत गुरूङ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br>एटविन अध्यक्ष नातीसरा राई लगायत एटविन टोलीले माननीय मन्त्री पार्वत गुरूङ, सचिव चन्द्र प्रसाद घिमिरे, सह-सचिव रूद्रा शर्मा र उपसचिव निशानराज गौतम मानव बेचबिखन नियन्त्रण शाखा प्रमुखलाई पनि ज्ञापनपत्र बुझाएको थियो ।<br>ज्ञापनपत्रमा पालेर्मो प्रोटोकल अनुमोदन, संघीयता अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ को संशोधन, मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय नीतिको निर्माण, मानव बेचबिखनबाट प्रभावितको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यविधि/निर्देशिकाको निर्माण, मनोरञ्जन तथा अनौपचारिक क्षेत्रमा महिला तथा किशोरी माथि हुने श्रम तथा यौन शोषणको अन्त्यका लागि सम्बन्धित ऐन तथा संयन्त्रको निर्माण, मानव/ बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को संशोधन रहेको थियो ।<br>मा. मन्त्रीज्यूले आवश्यकता अनुसार मन्त्रालयले गैससंग समन्वय गरेर कार्य गर्ने, विज्ञ सूची बनाउने र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ को संशोधनका लागि पहल गर्ने विषयमा जानकारी गराउनु भएको थियो । | सिंहदरबार, काठमाडौं |
| २१ | २०७६ फागुन १३ | **"नेपाल भ्रमण वर्ष २०२० र मानव बेचबिखन" विषयक अन्तरक्रिया कार्यक्रम**<br>नेपाल भ्रमण वर्ष २०२० को समयमा पर्यटकबाट मानव बेचबिखन र बालबालिकाको व्यवसायिक शोषण हुन सक्ने सम्भावनालाई मध्य नजर गर्दै छलफलको आयोजना गरिएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य तथा एटविनका सल्लाहकार श्री गौरी प्रधानको प्रस्तुती रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं/ जम्मा- ५२ जना |
| २२ | २०७६ फागुन १५-१७ | **एटविनको आन्तरिक बेचबिखन विरूद्धको रणनीतिको समिक्षा**<br>एटविनले सन् २०१८ मा आन्तरिक मानव बेचबिखन र बालबालिकाको व्यवसायिक यौन शोषण विरुद्ध वकालत गर्न दुई वर्षे रणनीति योजना बनाएको थियो । रणनीतिको उद्देश्य भनेको संघीय, प्रादेशिक र स्थानीय तहमा प्रभावकारी नीतिगत परिवर्तन र सचेतना अभिवृद्धिका साथै आन्तरिक मानव बेचबिखन न्यूनिकरणका लागि वकालत र सचेतना लगायतका महत्वपूर्ण कारक तत्वहरूलाई सम्बोधन गरी दिगो समाधानको लागि आधार तयार गर्ने थियो । समिक्षामा एटविनले आफ्नो वकालत रणनीतिमा केहि परिवर्तन ल्याउनुपर्ने र तीनै तहका सरकार- स्थानीय, प्रादेशिक र संघीय स्तरका मानव बेचबिखन विरुद्ध नमूना नीतिको मस्यौदा तयार गरी वकालत गर्नुपर्ने विषयमा छलफल गरियो । | सिन्धुपाल्चोक / जम्मा- ९ जना |
| २३ | २०७६ चैत्र ३-४ | **बाग्मती प्रदेशका मुख्यमन्त्री, सभामुख तथा सामाजिक विकास मन्त्रीलाई ज्ञापन पत्र हस्तान्तरण**<br>एटविनले प्रादेशिक तहमा मानव बेचबिखन नियन्त्रणको पहलका लागि बागमती प्रदेशमा बैठकको आयोजना गरेको थियो । एटविनले मानव बेचबिखनका मुद्धाहरूमा प्रदेश सभाका सदस्यहरूसँग अन्तरक्रिया र छलफल गर्दै बाग्मती प्रदेशका मुख्यमन्त्री माननीय डोरमणी पौडेल, सामाजिक विकास मन्त्री मा. युवराज दुलाल, सभामुख मा. सानु श्रेष्ठ र शिक्षा, स्वास्थ्य र कृषि सम्बन्धी संसदीय समितिका अध्यक्ष मा. घनश्याम दाहाललाई ज्ञापन पत्र बुझाएको थियो ।<br>ज्ञापन पत्रमा निम्न मुद्दाहरू समावेश गरिएको थियो, जस्तै- मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि कानुन तथा कार्यक्रमहरूको तर्जुमा, प्रादेशिक नीति निर्माण, मानव बेचबिखनबाट | हेटौंडा, मकवानपुर/ जम्मा- २१ |

| | | | |
|---|---|---|---|
| | | पीडित/प्रभावितको उद्धार, स्वदेश फिर्ती तथा पुर्नस्थापनाको व्यवस्था, मनोरञ्जन क्षेत्र लगायतका आन्तरिक बेचबिखनको जोखिम क्षेत्रको नियमित अनुगमन, प्रादेशिक समितिको निर्माण, मानव बेचबिखन सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा प्रादेशिक प्रतिवेदनको व्यवस्था र प्रदेश स्तरीय सम्प्रेषण प्रणालीको विकास ।<br>मा. मुख्यमन्त्रीले बागमती प्रदेशले संघीय सरकारसँगको समन्वयमा मानव बेचबिखन विरुद्ध काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सामाजिक विकास मन्त्रीले प्रदेशले मानव बेचबिखन नियन्त्रणका केही काम सुरू गरिसकेको र गैसस बीचको साझेदारीको मोडेलमा काम गरिरहेको जानकारी गराउनु भयो । मानव बेचबिखन विरूद्धको अभियानमा अझ बढी प्रभावकारी काम गर्ने प्रतिबद्धता जनाउनु भयो । सभामुखले मानव बेचबिखन र महिला माथि हुने हिंसा विरुद्ध मुद्दाहरूमा नागरिक संघसंस्थाहरूको कामलाई सराहना गर्दै आफ्नो प्रतिबद्धता व्यक्त गर्नु भयो । | |
| २४ | २०७६<br>चैत्र ४ | **मकवानपुरमा कार्यरत एटविन सदस्य संस्थाहरूसँग समन्वय बैठक**<br>बागमती प्रदेशको भ्रमण गर्ने क्रममा एटविनले मकवानपुरमा कार्यरत सदस्य संस्थासँग समन्वय बैठक बसेको थियो । बैठकमा नारी सीप सिर्जना केन्द्र, मकवानपुर महिला समूह, हिमराइट्स, सिविन, ETSC नेपाल र महिला संरक्षण केन्द्रका प्रतिनिधिहरू उपस्थित थिए । सदस्य संस्थाहरूले मकवानपुरका नागरिक संघसंस्थाहरूले कुनै पनि सामाजिक मुद्दामा मानव अधिकार र मानव बेचबिखनको विरुद्ध नेटवर्क मार्फत संयुक्त रूपमा सँगै काम गरिरहेको बताए । एटविनले कसरी प्रदेश र संघीय तहमा यस मुद्दाको वकालत गर्न सक्छ भनेर पनि छलफल भयो ।<br>मकवानपुरको जिल्ला प्रशासन कार्यालयमा रहेको सुरक्षित स्थानागमन (सेफ माइग्रेसन) सूचना केन्द्रको पनि भ्रमण गरी एटविनले त्यहाँका कर्मचारीहरूसँग केन्द्रका गतिविधिहरू, मकवानपुर जिल्लामा मानव बेचबिखनको वर्तमान अवस्था र बदलिँदो आयामको बारेमा छलफल गऱ्यो । | हेटौंडा, मकवानपुर/ जम्मा- २१ जना |
| २५ | २०७७<br>वैशाख<br>२३ - ३० | **कोभिड-१९ मा मनोरञ्जन क्षेत्रका श्रमिक र मानव बेचबिखनका प्रभावितहरूको अवस्था बारे सर्वेक्षण प्रतिवेदन**<br>सर्वेक्षण एटविन सदस्य संस्थाहरूद्वारा लकडाउनको बेला सञ्चालन भएका गतिविधिहरू, गतिविधिहरू सञ्चालन गर्दा आएका मुद्दा, चुनौतीहरू, जोखिममा रहेका र पर्न सक्ने लक्षित समूह र प्रभावितहरूको अवस्था र आगामी दिनमा सम्बोधन गर्नुपर्ने सवालहरू साथै राम्रा अभ्यासहरू विषयमा केन्द्रित थियो । सर्वेक्षणमा सिन्धुपाल्चोक, मकवानपुर, बारा, काभ्रे, कञ्चनपुर, मोरङ, चितवन, दैलेख, काठमाडौं, ललितपुरका सदस्यहरूको सहभागिता रहेको थियो । | सहभागि संस्था संख्या : ३४ |
| २६ | २०७७<br>जेठ २० | **कोभिड-१९ को बेला महिला र बालबालिकालाई प्राथमिकतामा राखियोस् भनी अपिल जारी**<br>कोभिड-१९ को बन्दाबन्दीको बेला महिला र बालबालिकालाई प्राथमिकतामा राखियोस् भन्ने विषयमा अपिल जारी गरेको थियो । अपिल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय बाल अधिकार परिषद लगायतको सरोकारवालाहरूलाई पठाइएको थियो । | काठमाडौं |
| २७ | २०७७<br>असार<br>१० गते | **'कोभिड १९ र मानसिक स्वास्थ्य' सम्बन्धी कार्यक्रम**<br>मानसिक समस्या, मानसिक रोग, मानसिक समस्यासंग लड्नको लागि केहि उपायहरू, परामर्शदाताको सेवाको महत्व र स्वःहेरचाह कसरी गर्ने र स्वःहेरचाहको महत्वमा कार्यक्रम केन्द्रित थियो । मानसिक स्वास्थ्यलाई ध्यानमा राखी कुन हदसम्म आफू सेवाग्राहीको समस्यामा समावेश हुने विषयमा छलफल गरियो । कार्यक्रममा सहभागीहरूले राखेका समस्याहरूको समाधानका उपायबारे छलफल गरेका थिए । | भर्चुअल जम्मा- ५० जना |

| | | | |
|---|---|---|---|
| २८ | २०७७ जेठ २५ - २६<br><br>असार १५ - १६ | **स्वास्थ्य सामाग्री र खाद्यान्न सामाग्री राहत वितरण**<br>कोरोना महामारीको बेला भएको लकडाउनमा एटविनले सदस्य संस्थाहरू मार्फत बेचबिखनका प्रभावितहरू, मनोरञ्जन क्षेत्रका श्रमिकहरू र सेवाग्राहीहरूलाई राहत स्वास्थ्य सामाग्रीहरू वितरण गरेको थियो । राहत स्वास्थ्य सामग्रीमा मास्क, स्यानिटाइजर, साबुन थियो । शक्ति मिलन समाज, विश्वास नेपाल तथा महिलाको निम्ती महिला मञ्चलाई राहत सामाग्री वितरण गरिएकोथियो ।<br>लकडाउनको समयावधि बढ्दै गएको कारण सदस्य संस्थाहरू शक्ति मिलन समाज, विश्वास नेपाल तथा महिलाको निम्ती महिला मञ्चलाई खाद्यान्न सामाग्रीहरू वितरण गरिएको थियो । | काठमाडौं / जम्मा- ८० जना<br><br>जम्मा- ३९ जना |
| २९ | २०७७ असार २४ गते | **"कोभिड-१९ तथा मानव बेचबिखनमा यसको प्रभाव" विषयक अन्तरक्रिया कार्यक्रम**<br>कोभिड-१९ को बेला मानव बेचबिखनको अवस्था बारेमा एटविनका कार्यकारी निर्देशक बेनु माया गुरूङले प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय मोहना अन्सारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव श्री मनमाया भट्टराई पंगेनी र मानव बेचबिखन अनुसन्धान ब्यूरो, नेपाल पुलिसका एस.एस.पी डा. देव बहादुर बोहोरा अतिथिका रूपमा हुनुहुन्थ्यो । कोभिडले मानव बेचबिखनमा पारेको प्रभाव विषयमा छलफल भएको थियो । | भर्चुअल/ जम्मा- ९० जना |
| ३० | २०७७ असार २६ गते | **"कोभिड-१९ को महामारीमा हिंसा तथा मानव बेचबिखन विरुद्धका सेवाहरू" को जानकारी पत्र निर्माण तथा वितरण**<br>कोभिडको बन्दाबन्दीका समयमा हिंसा, शोषण तथा मानव बेचबिखन, कोभिडसंग सम्बन्धित विभिन्न उपलब्ध सेवाहरूलाई समेटेर जानकारी पत्र तयार गरेको थियो । जसमा संस्थाहरूको नाम, हेल्पलाइन नम्बर, टोल फ्री नम्बर तथा हटलाइन नम्बरहरू राखिएको थियो । विशेषगरी मानव अधिकार हनन, महिला विरुद्धको हिंसा, बेचबिखनको जोखिम भएका र मानसिक समस्या भएकाहरूका लागि साथै बालबालिका, प्रजनन स्वास्थ्य सम्बन्धी आवास गृहको सेवा, कानुनी सेवा साथै अन्य सेवाहरूको जानकारी राखिएको थियो । पत्र सदस्य संस्थाहरू, सम्बन्धित सरोकार वालाहरूलाई वितरण गरेको थियो । | काठमाडौं |
| **परियोजना तथा साझेदारको नामः** आन्तरिक बेचबिखन रोकथामका लागि वकालतलाई सशक्त बनाउने/लस कस्मेटिक्स | | | |
| ३१ | २०७७ बैशाख | **एटविनको २०७७ को क्यालेन्डर प्रकाशन तथा वितरण**<br>यस वर्षको वार्षिक क्यालेन्डर मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकल भनेको के हो र यसमा के कस्ता व्यवस्थाहरू पर्दछन्, यस आलेखमा मानव बेचबिखन वा ओसारपसारको परिभाषा के छ, आलेख अन्तर्गत राज्यका दायित्वहरू, आलेखका मुख्य विशेषताहरू जस्ता विषयमा केन्द्रित रहेको थियो । | काठमाडौ |
| | **परियोजना तथा साझेदारको नामः** "हाम्रो सम्मान परियोजना" विनरक/युएसएआईडी<br>**उद्देश्यः** मानव बेचबिखनलाई सम्बोधन गर्न नागरिक समाजको वकालत र संलग्नतामा सुधार । | | |
| ३२ | २०७६ भाद्र १<br><br>२०७६ मंसिर ९-२४ सम्म | **यूएन प्रोटोकल (पालेर्मो)को अनुमोदनका लागि फेसबुक अभियान**<br>संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने यूएन प्रोटो कल (पालेर्मो) लाई प्रतिनिधि सभाबाट अविलम्ब अनुमोदनको माग राख्दै एटविनले तेह्रौं मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस, २०७६ तथा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, २०१९ को सन्दर्भमा फेसबुक अभियान संचालन गरेको थियो । अभियानमा एटविन सदस्य संस्थाहरू, हाम्रो सम्मान परियोजनाका साझेदार संस्थाहरू लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो । | काठमाडौ |

| | | | |
|---|---|---|---|
| ३३ | २०७६ असोज ८ | **३ वर्षे संस्थागत विकास तथा रणनैतिक योजना निर्माण तथा प्रकाशन**<br>एटविनको ३ वर्षे संस्थागत विकास तथा रणनैतिक योजना (२०२०-२०२२) को प्रकाशन गरिएको छ । | काठमाडौं |
| ३४ | २०७६ फागुन १९ | **यूएन प्रोटोकल (पालेर्मो) को यथाशीघ्र अनुमोदनको लागि ज्ञापन पत्र**<br>प्रोटोकलको यथाशीघ्र अनुमोदनको लागि एटविन अध्यक्ष नातिसरा राईले माननीय सभामुख अग्नि प्रसाद सापकोटाज्यूलाई ज्ञापन पत्र हस्तान्तरण गर्नुभयो । सभामुखज्यू यसबारे सकारात्मक रहेको केहि दिन भित्रै प्रतिनिधि सभाबाट पारित हुने जानकारी गराउनु भयो । | सिंहदरबार, काठमाडौ |
| ३५ | २०७६ फागुन १९ र २१ | **यूएन प्रोटोकल (पालेर्मो) अनुमोदनको प्रत्यक्ष अवलोकनको लागि संघीय प्रतिनिधिसभामा एटविनको उपस्थिती**<br>प्रतिनिधिसभामा पालेर्मो प्रोटोकल अनुमोदनको विषयवस्तु परेको दुई दिन एटविन टिमको प्रतिनिधिसभामा उपस्थिती रहेको थियो । उक्त समयमा प्रतिनिधि सदस्यहरूलाई आलेख अनुमोदनको वकालतपत्र वितरण गरिएको थियो । नेपालको प्रतिनिधि सभाबाट २०७६ फागुन २८ मा अनुमोदन गरी २०७७ असार १ मा यूएनमा बुझाएर २०७७ श्रावण २ देखि यो आलेख क्रियाशील भई सकेको छ । | काठमाडौ |
| ३६ | २०७७ असार ८-९ | **एटविन ई-न्यूजलेटर २ र ३ को निर्माण तथा वितरण**<br>एटविनको नियमित ई-न्यूजलेटर २ र ३ को निर्माण तथा वितरण गरियो । बुलेटिन २ ले जनवरी देखि जुन २०१९ सम्मको र ३ ले जुलाई देखि डिसेम्बर २०१९ सम्मको गतिविधिलाई समेटेको थियो । | काठमाडौं |
| | **परियोजना तथा साझेदारको नाम : संरक्षण कार्यक्रम** (ProTEcT Program)/ **प्लान इन्टरनेशनल नेपाल** | | |
| ३७ | २०७६ असोज २७ | **"हाम्रो सम्मान" परियोजनासँग समन्वय बैठक**<br>एटविनले प्लान इन्टरनेशनल नेपाल र "हाम्रो सम्मान" परियोजना कार्यान्वयन गरिरहेका विनरक इन्टरनेशनलसँग समन्वय बैठक आयोजना गरेको थियो । बैठकको उद्देश्य हाम्रो परियोजनाले गरिरहेका मानव बेचबिखन विरुद्धका कार्यक्रमहरूको बारेमा र योजनामा रहेका गतिविधिहरूको जानकारी लिनुका साथसाथै दुबै परियोजनाले गरिरहेका कार्यक्रमहरूबारे जानकारी र अनुभव आदान-प्रदान गर्नु थियो । | बाँसबारी, काठमाडौं/ जम्मा- ७ जना |
| ३८ | २०७६ असोज २७ | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिवसँग बैठक**<br>एटविन र प्लान इन्टरनेशनल नेपालको टोली महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव श्री रूद्रा शर्मासँग बैठक बसेको थियो । बैठकमा मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार र स्वदेश फिर्तीका लागि मार्गनिर्देशन वा SoP को आवश्यकताको बारेमा र Repatriation Information Management System(RIMS) वा RIMS जस्तो प्रणालीको सम्भावना बारे छलफल भयो । सह-सचिव शर्माले RIMS प्रणालीको लागि पर्याप्त चासो देखाउनु भयो तर यसको स्वामित्व र संचालन अन्य मन्त्रालयहरू जस्तै गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सरकारी निकायहरूको पनि प्रतिबद्धता र सहकार्य आवश्यक छ र महिला मन्त्रालयको प्रतिबद्धता मात्र पर्याप्त नहुने जानकारी गराउनु भयो । | सिंहदरबार, काठमाडौं/ जम्मा- ६ जना |
| ३९ | २०७६ मंसिर २६ | **मानव बेचबिखन अनुसन्धान ब्युरोसँग बैठक**<br>एटविन र प्लान नेपालको टोली मानव बेचबिखन अनुसन्धान ब्युरोसँग समन्वय बैठक बस्यो । बैठकमा मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार र स्वदेश फिर्तीका लागि मार्गनिर्देशिका र RIMS जस्तो प्रणालीबारे ब्युरोले निर्वाह गर्न सक्ने भूमिका र सम्भावित सहकार्यको लागि छलफल भयो । | बबरमहल काठमाडौं/ जम्मा- ६ जना |

| | | | |
|---|---|---|---|
| ४० | २०७६ मंसिर-पुस | **मानव बेचबिखनबाट पीडित/प्रभावितका लागि सहयोग**<br>एटविनले मानव बेचबिखन पीडित/प्रभावितको स्वदेशफिर्तीका लागि यातायात खर्चका लागि सहयोग गऱ्यो । भारतको गोवाबाट उद्धार गरिएकी नेपाली महिलालाई एटविनले शक्ति समूहको समन्वयमा रू.५०,००० रकम प्रदान गरेको थियो । | काठमाडौं |
| | **परियोजना तथा साझेदारको नामः** तथ्याङ्कमा आधारित वकालत मार्फत परिवर्तन (Change towards Data-driven Advocacy) / Effect.org | | |
| ४१ | २०७६ माघ ९ | **एटविन सदस्य संस्थाहरूले मानव बेचबिखन विरूद्ध गरेका प्रयासहरूको तथ्याङ्कबारे जानकारी विषयक कार्यक्रम**<br>एटविन सदस्य संस्थाहरूको मानव बेचबिखन विरूद्ध कार्यक्रमहरूको तथ्याङ्क विश्लेषण र सर्वेक्षणका खोजहरूलाई सदस्य संस्था र अरू नागरिक संघसंस्थासँग छलफल गर्न र सर्वेक्षणका लागि सुझावहरू संकलन गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरेको थियो । मानव बेचबिखन विरुद्धको राष्ट्रिय संजालको रूपमा एटविनले सदस्य संस्थाद्वारा भइरहेको मानव बेचबिखन विरुद्धका कार्यक्रमका तथ्याङ्क संकलन र विश्लेषण गर्न प्रयत्न गरेको थियो । संकलित तथ्याङ्क मूलतः तीन प्रकारको कार्यक्रममा केन्द्रित थिए- रोकथाम, संरक्षण र अभियोजन (3Ps) । केही अन्य संघसंस्थाहरूले पनि सर्वेक्षणमा सहभागिता जनाउन चासो देखाए । यी तथ्याङ्कहरू मानव बेचबिखन विरूद्ध सरकारसँग पैरवी र वकालतका लागि सहयोग हुने विचार धेरैले व्यक्त गर्नु भएको थियो । | बुद्धनगर, काठमाडौं/ जम्मा- ४५ जना |
| | **सह आयोजक** | | |
| १ | २०७६ साउन १८-१९ | **मानव बेचबिखनबाट प्रभावितहरूको चौथो राष्ट्रिय भेला, २०७६**<br>आयोजक : शक्ति समुह | काठमाडौं |
| २ | २०७६ साउन | **१३ औं मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस, २०७६** | काठमाडौं |
| ३ | २०७६ साउन | **राष्ट्रिय बाल दिवस, २०७६** | काठमाडौं |
| ४ | २०७६ कार्तिक ५ | **बेईजिङ्ग+२५ को राष्ट्रिय समीक्षा कार्यक्रम**<br>संयोजक - बियोण्ड बेइजिङ्ग कमिटी (बिबिसी) नेपाल | जावलाखेल, लालितपुर |
| ५ | २०७६ मंसिर ७ | **नेपालमा बालअधिकार आन्दोलनको ३० वर्ष : विगत, वर्तमान र भविष्य विषयक राष्ट्रिय परामर्श कार्यक्रम**<br>संयोजक - कन्सोर्टियम-नेपाल | नयाँ बानेश्वर, काठमाडौं |
| ६ | २०७६ मंसिर २४ | **लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, २०१९**<br>संयोजक - राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ७ | २०७६ मंसिर २३-२५ | **एघारौं मानव अधिकार राष्ट्रिय महाभेला, २०७६**<br>संयोजक- गैसस महासंघ | जावलाखेल, ललितपुर |
| ८ | २०७६ मंसिर ११ र १७ | **विद्यार्थीसंग लैंगिक हिंसा विरुद्ध जनजागरण कार्यक्रम**<br>संयोजक- सिविन नेपाल | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ९ | २०७६ मंसिर ९ | **मनोरञ्जन क्षेत्रको अनुगमन**<br>संयोजक- राष्ट्रिय मानव अधिकार आयोग | काठमाडौं |
| १० | २०७६ माघ २२-२३ | **मानव बेचबिखन तथा स्वदेशफिर्ती र पुनः एकिकरण विषयमा संघीय संसदका सदस्यहरूसँग परामर्श बैठक**<br>आयोजक - शक्ति समुह | गोकर्ण, काठमाडौं/ |
| ११ | २०७६ फागुन २५ | **१०९औं अन्तराष्ट्रिय महिला दिवस** | काठमाडौं |
| १२ | २०७७ जेठ | CEDAW **महिला र बालिकाहरूको बेचबिखन सम्बन्धी सामान्य सिफारिस** | काठमाडौं |
| १३ | २०७६ फागुन देखि वैशाख | **कोभिड-१९ को समयमा बाल अधिकार संरक्षण सम्बन्धी अपील र प्रेस विज्ञप्ति**<br>संयोजक - NACG नेपाल | |

## बधाई ज्ञापन !

एटविनका सदस्य संस्था **विश्वास नेपाल**, काठमाण्डौलाई मानव बेचबिखन विरुद्धको १४औं राष्ट्रिय दिवस, २० भदौ २०७७ को अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फबाट पुरस्कार प्राप्त गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

BISWAS NEPAL

**नातीसरा राई**
**अध्यक्ष तथा एटविन परिवार**






# महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र

**सदस्य संस्थाको नाम :** महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र

**एटविनमा आवद्ध भएको वर्ष :** एटविनको स्थापना काल देखि नै

**दर्ता भएको वर्ष र जिल्ला :** २०५०, काठमाण्डौ

**कार्यक्षेत्र /जिल्लाहरू :** काठमाण्डौ, मोरङ्ग

**सम्पर्क नम्बर :** ०१-४२११३५५, ९८४१५५५५४९, ९८४९१४३१४४

**इमेल :** wdsetc@gmail.com, shantakhanal@yahoo.com

**संस्थागत परिचय :** महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र एक गैर सरकारी सामाजिक संस्था हो । महिला वर्गलाई सम्मानित, स्वावलम्बी बनाउन स्वरोजगार तालिम सञ्चालन गरी आर्थिक रूपले घर, परिवार, समाज तथा राष्ट्रलाई नै सहयोग पुऱ्याउने उदेश्यले यो संस्थाको स्थापना भएको हो । आफ्नो स्थापना काल देखि नै यो संस्थाले महिला वर्गको चौतर्फी विकासको लागि विभिन्न किसिमका सीपमूलक र जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

**भिजन :** महिलाहरू आर्थिक रूपमा सबल भई समाजमा सम्मानित जीवनयापन गरिरहेका हुनेछन् ।

**मिशन :** न्यून आयवर्गका महिलाहरूलाई स्वरोजगारका विभिन्न तालिमहरूको माध्यमबाट आर्थिक रूपमा सशक्त बनाई सम्मानित जीवनयापन र आर्थिक अधिकारमा पहुँच पुऱ्याउन सहयोगी भूमिका निर्वाह गर्ने ।

**उद्देश्य :**

- बेरोजगार महिलाहरूलाई व्यवसायिक सीप प्रदान गरी स्वावलम्बी बनाउने ।
- स्वस्थ आमा र शिशुको सुरक्षा, जनसंख्या शिक्षा, नैतिक शिक्षा, लागूपदार्थ दुर्व्युसनबाट छुटकारा पाउने ज्ञान, पौष्टिक आहारा, वन संरक्षण, वन सम्पदाको सुरक्षा, पर्यावरण, जलस्रोतको सुरक्षा र उपयोग, मानव बेचबिखन सम्बन्धी जानकारी, उपभोक्ता ज्ञान आदि विषयमा प्रशिक्षण दिने ।
- महिला सम्बन्धी विकासमा संलग्न गैर सरकारी संघसंस्थासंग सम्पर्क कायम गरी आवश्यक तालिम गोष्ठी आयोजना गर्न सहयोग पुऱ्याउने ।
- व्यवसायीक सीप सिलाई बुनाइ र ड्राफ्ट सञ्चालन गर्ने ।
- व्यवसायीक सीप सिक्न आउने लेख पढ गर्न नजान्ने महिलालाई साक्षर गराउने ।

**संस्थाको उपलब्धीहरू :**

- चार सय भन्दा बढी बेरोजगार तथा न्यून आयवर्गका महिलाहरूलाई स्वरोजगार सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरी सवावलम्वी बनाइएको ।
- तालिममा सहभागी प्रशिक्षार्थी महिलाहरूलाई मानव बेचबिखनमा पर्न सक्ने सम्भावना र त्यसबाट जोगिने प्रयासको बारेमा जानकारी गराइएको ।
- तालिम प्राप्त महिलाहरू मध्ये ५३ जना नेपालमै पार्लर, टेलरिङ र अचारको व्यवसायमा संलग्न रहेर आय आर्जन गरिरहेका र १३ जना दक्ष कामदारको रूपमा वैदेशिक रोजगारीमा संलग्न रहेका ।

# महिला हित समाज (WWS)

| | |
|---|---|
| सदस्य संस्थाको नाम : | महिला हित समाज, (WWS) |
| एटविनमा आबद्ध भएको वर्ष/मिति : | एटविनको स्थापना कालदेखि नै |
| दर्ता भएको जिल्ला र वर्ष : | काठमाडौं, २०५२ |
| कार्यक्षेत्र : | नेपालका सबै जिल्लाहरू |
| सम्पर्क नं : | २०४१६८५,९८४१४४१३२२ |
| ईमेल तथा वेभसाइट : | wwsnepal2074@gmail.com |

मानव बेचबिखन विरूद्धको प्रमुख कार्यहरू : नीतिगत पैरवी र सशक्तिकरण वा क्षमता विकास

**संस्थाको उपलब्धीहरू**

- महिला नेतृत्व विकास तालिम
- महिला हिंसा विरुद्ध अन्तरक्रिया
- प्रशिक्षक प्रशिक्षण तालिम
- महिला नेतृत्व तथा सचेतना कार्यक्रम
- वकालत/पैरवी तथा सीप विकास अभिमुखिकरण कार्यक्रम








# संचारमा एटविन



महामारीमा मानव बेचबिखन रोक्नका लागि प्रभावकारी कदम चाल्न एटविन माग

September 5, 2020

काठमाडौं । महिला तथा बालबालिका बेचबिखन विरुद्ध ... तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संघीय संरच...

'पीडित बालबालिकाको न्यायमा पहुँच पुग्न सकेन'

नेपाल टेलिभिजन ⊙ १७ भाद्र २०७७, १८:२१

'मानव बेचबिखन विरुद्धको अभियान देशभित्र पनि केन्द्रित हुनुपर्ने'- समाचार

ekantipur.com/news/2019/10/24/157192599809824208.html

एटविनको अध्यक्ष नतिसरा, महासचिवमा बालकुमारी दर्लामी निर्वाचित

मानव बेचबिखनविरुद्ध ससंदले प्रभावकारी भुमिका खेल्ने

February 7, 2020

काठमाडौ । मानव बेचबिखनविरुद्ध प्रभावकारी ... शक्ति समूह र एटविन ...

AATWIN

Alliance Against Trafficking in Women and Children

वैदेशिक रोजगारीको आवरणमा मानव बेचविखन बढ्दो

6 Dec 2019

मंसिर २०,

काठमाडौं ।सरकारले वैदेशिक रोजगारीको ... नियन्त्रणमा कडाइ गरिहेका बेला ... समेत वैदेशिक रोजगारका एजेन्... परामर्शदाता सक्रिय रहेको देखि... बेचविखनका एकतिहाई घटना ... परामर्शसँगसम्बन्धीत रहेको पा... वैदेशिक रोजगार व्यवसायका ...

मानव बेचविखनमा म्यानपावर र परामर्शदाताको संलग्नता, बेचिनेमा तामाङ समुदाय बढी

नेपाल लाइभ | २०७६ मङ्सिर २१ शनिबार | Saturday, December 07, 2019

एटविनद्धारा मानव बेचविखनसम्बन्धी प्रतिवेदन सार्वजनिक

04, Dec 2019 | बुधबार, १८ मंसिर, २०७६

रोजगारीका नाममा आधुनिक दासता बढ्दो

khabarhub.com/2019/31/57688

July 31, 2019

खबरहब

साउन १५, २०७६

मनोरन्जन क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा माग

हाम्रोखबर ⊙ मङ्गलबार, भाद्र ३ २०७६

(http://www.vianet.com.np/inquiryform/)

काठमाण्डौ । मनोरन्जन क्षेत्रमा क्रियाशील ... दिइएको छ । सामुदायिक प्रहरी ... नेपाल (एटविन), ... डान्सबार, ब्यूटीपार्लर, ... श्रमिक समस्यामा परेका ...

Govt getting ready to ratify Palermo Protocol

myrepublica.nagariknetwork.com/news/govt-getting-ready-to-ratify-palermo-protocol

Sonam Lama

KATHMANDU, May 15: The Human Trafficking Control Section at the Ministry ... Children and Senior Citizens (MoWCSC) is planning to work on the concludin...

रेडियो कार्यक्रम: नेपाल चौतारी

२०७७ साल साउन १७ गते शनिबार, बिहान ८:०५ बजे ।

मानव बेचविखन तथा ओसारपसार बिरुद्धको सामुहिक प्रयास ।

बेनुमाया गुरुङ

सन्ध्या सिटौला

Children feature most in media coverage on human trafficking

Himalayan News Service

*Kathmandu, December 4*

Media monitoring of nine national dailies, including *The Himalayan Times*, and two magazines conducted by Alliance Against Trafficking in Women and Children in Nepal, between 14 April 2018 and 13 April 2019, shows that news on trafficking of people aged 0-17 made the most headlines.

Of the total reports on human trafficking, 50 per cent were about people in the age group 0-17 while 41 per cent of the reports were of the people between 18-29 age. "Higher num- ... twenty-six per cent of trafficking took place in the name of foreign employment.

The report revealed that higher number cases of women trafficking was reported (86 per cent) compared to males (14 per cent). "The number of male victims is low as men do not want to reveal their exploitation through human trafficking," Paudel said.

From among females, the report said large number of girls and women from theTamang community were victims of human trafficking.

News monitoring also revealed that sexual exploitation ... main objective of traf- ... (51 per cent) followed by ... exploitation (35 per cent). ... report also revealed that ... violated the code of con- ... disclosing the names of ... ims, their address along ... rent's names.

... main objective of the ... s to find out dynamics ... ation of human traffick- ... to study causes of hu- ... afficking on the pretext ... gn employment," said ... aya Gurung, executive ... r of AATWIN. "As the ... is celebrating tourism ... 2020, we need to be ... bout sexual exploitation ... ficking of children in the ... country," she added.

बेनुमाया गुरुङ

कार्यकारी निर्देशक एटविन

संघीय संरचना अनुसार ऐन, नियमावली संशोधनको माग

काठमाडौं/मस- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ तथा बालबालिका ऐन मुलुकको संघीय संरचना अनुसार तत्काल संशोधन गर्नुपर्ने सरोकारवालाहरुले जोड दिएका छन्।

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) र विश्वास नेपालले बिहीबार काठमाडौंमा आयोजना गरेको सञ्चारकर्मीसँगको ...

क्षेत्रमा विभिन्न बाध्यताले श्रमिकहरु ...

जानका लागि नेपाल सरकारले जान ...

# समाचारमा मानव बेचबिखन

लकडाउनको समयमा पनि रोकिएन मानव तस्करी, राजस्थानबाट १७ वर्षीय बालिकाको यसरी भयो उद्धार

## बन्धक चार नेपाली युवाको उद्धार

लगनखेलबाट हराएकी १३ वर्षीया किशोरी कसरी पुगिन् भारत ?



बालिका बेच्न खोजेको आरोपमा हेटौंडाबाट एक महिला पक्राउ

ललितपुरकी तेह्र वर्षीया बालिका बेचबिखन गर्ने दुई पक्राउ

## महामारीमा समेत रोकिएन बेचबिखन



बिहीबार साउदी र टर्कीबाट ४३७ नेपालीको उद्धार

दश महिनादेखि बन्धक बनाइएका ३ नेपाली चेलीको उद्धार

## Women trafficking

Nepali girls, including a dozen minors, or the Gulf countries have been res-rtheastern state of Manipur, just days a private residence in New Delhi, India pali women from being trafficked. The e, in coordination with India and Ne- governmental organisations, had res-

लकडाउनको समयमा ४१ महिलाको उद्धार

तीन महिनामा विदेशबाट अलपत्र ५२ हजार नेपाली स्वदेश फर्के, कहाँबाट कति आए?

नेपाल प्रहरीको मानव बेचबिखन तथा भारतका विभिन्न स्थानबाट जनाको उद्धार गरेको छ।

Porous border, poor interception and changing forms continue to enable human trafficking to flourish

Minor girl rescued from Indian brothel

Published: November 28, 2019 9:15 am On: Kathmandu

21 trafficked Nepali women coming home after nine months

Group had ended up in Manipur after ... to the Gulf.

Human trafficking woes

The government must ramp up its measures to sto... to the Gulf.

मानव बेचबिखन सञ्जाल सक्रिय

## अलपत्र पार्ने क्रम बढ्यो

## INDIAN SEX TRAFFICKING FILM GIVES VOICE TO 'VOICELESS GIRLS'

REUTERS

Nearly 600 Nepali workers in Malaysia to get refunds for their recruitment fees

Malaysia's leading gloves maker has agreed to compensate nearly 1,600 of its foreign workers.

विपतमा पनि रोकिएन बेचबिखन: राजस्थानबाट १७ वर्षकी बालिकाको उद्धार

मानव बेचबिखन आरोपमा दक्षिणकाली–४ का वडाध्यक्षसहित ३ जना पक्राउ

चीनतिर 'दुलही' तस्करी

मिर्गौला किनबेच प्रकरण

## निदान अस्पतालका सीईओसहित पाँच जेल चलान

१२ लाखको 'डिल' गर्दै किशोरीलाई भारत लाने तीन पक्राउ



आफन्तबाटै बेचिन्छन् छोरीचेली

## नरबलि दिन भारत लैजाँदै गरेकी युवतीको उद्धार

## तस्करको निसानामा महिला

Trafficking victims being brought home from Manipur

Himalayan News Service

लाभ दखाएर कोठी पुर्‍याइन्छन् महिला

## तस्करीमा बालबालिका

मणिपुरबाट ३ नेपाली महिलाको उद्धार

भारतबाट १० बालकको उद्धार



बालबालिका ओसारपसार थाहै पाउँदैनन् स्थानीय सरकार



Nepali arrested in Delhi for human trafficking

Himalayan News Service
Kathmandu, January 20



“मानव बेचबिखन तथा ओसारपसारका आयाम” पत्रपत्रिकाको पाँच वर्षे तुलनात्मक अध्ययन र विश्लेषण प्रतिवेदन विमोचन



नयाँ कानुनहरूमा मानव बेचबिखनसम्बन्धी कानुनी प्रावधानहरू सम्बन्धी अभिमुखी कार्यक्रम



एटविनको सोह्रौं साधारण सभा र आठौं अधिवेशन, २०७६




तेह्रौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस, २०७६ को र्‍याली




मानव बेचबिखनबाट प्रभावितहरूको चौथौ राष्ट्रिय भेलाको उद्घाटन समारोह




“मानव बेचबिखन र बालबालिकाको व्यावसायिक बाल यौन शोषण अन्त्यका लागि संचारकर्मी संवाद” विषयक कार्यक्रम




बागमती प्रदेशका सभासदहरूसंग मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि वकालत तथा अन्तरक्रिया



“संस्थागत सामुहिक भावना अभिवृद्धि तथा नीति निर्माण” कार्यक्रम

# एटविन सूचना तथा स्रोत केन्द्र

**यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :**

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार,
बाल अधिकार तथा महिला विरुद्धको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू,
अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह,
सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC
सामाग्रीहरू उपलब्ध छन् ।**

## सूचना तथा स्रोत केन्द्र खुल्ने समयः

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार
समय : बिहान १० देखि ५ बजेसम्म

*एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।*